# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ५, अङ्क २७, पूर्णाङ्क २२२ | २०७६ पुस १६ गते बुधवार | Wednesday, 1 Jan 2020 | www.eratokhabar.com | मूल्य रु. १०






प्रकाशित भयो

दृष्टिकोण निर्माणको नयाँ अङ्क
माओ विशेषाङ्क
बजारमा सर्वत्र उपलब्ध छ। आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोला।

– रातो खबर प्रकाशन गृह


# भव्य रूपमा मनाइयो माओ दिवस


■ रातो खबर संवाददाता/काठमाडौं

मार्क्सवाद लेनिनवाद माओवादलाई पथप्रदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गर्दै आएको श्रमवीवी वर्गले संसारभर १२७ औं माओ दिवस मनाएको छ। नेपालमा पनि नेकपाले भव्य रूपमा माओ दिवस मनाएको छ। नेकपाका महासचिव विप्लवले श्रमिक जनता, जनमुक्ति सेना र पार्टी नेता-कार्यकर्ताका बीचमा माओ दिवस मनाएको समाचार प्राप्त भएको छ।

चिनियाँ जनताका महान् नेता, विश्व-सर्वहारा वर्गका गुरु माओ त्सेतुङको जन्म २६ डिसेम्बर १८९३ मा चीनको ग्रामीण क्षेत्रमा भएको थियो। २६ डिसेम्बर तदनुसार पुस १० गते विश्वभरिका क्रान्तिकारी पार्टी र जनताले १२७ औं माओ दिवस मनाएका छन्। रातो खबर प्रकाशन गृहले विशेष महत्वका साथ माओ दिवस र माओवादसम्बन्धी सामग्री प्रकाशन गरेको छ भने आफ्नो सहप्रकाशन विचारप्रधान मासिक 'दृष्टिकोण निर्माण' को अङ्कलाई माओ विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ।

अध्यक्ष माओले लेनिनवादलाई चीनमा नयाँ र चिनियाँ विशिष्टतामा लागू गर्नुभयो। अध्यक्ष माओ लामो समयसम्म सोभियत सङ्घ र स्टालिनपन्थीहरूका कारण पार्टीमा अल्पमतमा हुनुहुन्थ्यो। 'लम्बे अभियान' पछि माओको

बाँकी पृष्ठ ७ मा



## एमसीसी र भारतीय अतिक्रमणविरुद्धको प्रदर्शनमा प्रहरी हस्तक्षेप

**काठमाडौं** : नेकपा निकट जनवर्गीय सङ्गठनको संयुक्त मोर्चाले काठमाडौंमा गर्न लागेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी प्रदर्शनकारीहरूलाई गिरफ्तार गरेको छ। एमसीसी र सीमा अतिक्रमणको विरोधमा प्रदर्शन गर्ने तयारी भइरहेको बेला प्रहरीले कार्यक्रममा हस्तक्षेप गरी उनीहरूलाई गिरफ्तार गरेको हो।

काठमाडौंको वाल्मीकि क्याम्पसमा गर्न लागिएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेर नेकपाका पूर्वकेन्द्रीय सदस्य मकर गुरुङसहित दुई दर्जनभन्दा बढीलाई पक्राउ गरेको छ। गिरफ्तार गरिएकामध्ये नेपाल पत्रकार महासङ्घको पहलमा दीपेन्द्र रावललगायत केही पत्रकारहरूलाई प्रहरीले रिहा गरेको छ। नेकपानिकट अन्य विभिन्न जनवर्गीय सङ्गठनका नेता-कार्य भने प्रहरी नियन्त्रणमै छन्।

यसैबीच मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) का नेता सीपी गजुरेललाई पनि प्रहरीले गिरफ्तार गरेको छ। भारतले सीमा मिचेको विरोधमा गरिएको प्रदर्शन माइतीघरमण्डलाबाट सुरु भई बानेश्वरतर्फ जाँदै गर्दा बिजुलीबजार पुलनजिकबाट गजुरेलसहित १५ जनालाई प्रहरीले पक्राउ गरेको हो।

## नेकपा महासचिव विप्लवले जनताका बीच मनाए माओ दिवस

काठमाडौं : २६ डिसेम्बर (पुस १०) को दिन संसारका सबै क्रान्तिकारी कम्युनिस्ट र जनताले विश्व सर्वहारा वर्गका नेता माओ त्सेतुङलाई सम्झेका छन्। नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले बिहीबार जनताका बीच १२७ औं माओ दिवस मनाएको जानकारी प्राप्त भएको छ।

पार्टी महासचिव विप्लवको अध्यक्षतामा जनसमुदायका माझ सम्पन्न उक्त कार्यक्रममा प्रशिक्षणात्मक मन्तव्य राख्दै विप्लवले माओका सैद्धान्तिक योगदानहरू, माओ र चिनियाँ क्रान्तिका शिक्षाहरू र एकीकृत जनक्रान्ति कार्यदिशाको अन्तरसम्बन्ध प्रस्ट पारेका थिए। महासचिव विप्लवले कार्यदिशाका पाँच आधारलाई माओका सिद्धान्तसँग कसरी जोडेर विकास गर्ने भन्ने सन्दर्भमा पनि मन्तव्य राखेका थिए।

पार्टीका सचिवालय सदस्य सन्तोष बुढा, केन्द्रीय सदस्य विजय, जनमुक्ति सेना, पार्टी सदस्य र जनता सहभागी उक्त कार्यक्रमको सञ्चालन विजयले गरेका थिए। सहिदहरूप्रति श्रद्धाञ्जलीसहित सञ्चालित उक्त कार्यक्रममा सामूहिक रूपमा अन्तर्राष्ट्रिय गीत गाइएको प्राप्त समाचारमा

बाँकी पृष्ठ ७ मा

# अर्को महाकाली सम्झौताको झल्को

**राष्ट्रघाती महाकाली सम्झौतापछि एमसीसीका लागि वली–देउवा गठबन्धन**

■ रातोखबर संवाददाता/काठमाडौं

२०५२ सालमा काङ्ग्रेस र एमालेले भारतसँग महाकाली सन्धि गरेका थिए। महाकाली सन्धि राष्ट्रघाती भएको, एकलौटी भारतले मात्र फाइदा लिने, राणाकालमा नै शारदा बाँध बनाएबापत ब्रिटिस इन्डियाले दिने भनेको सट्टा भर्ना जमिनको माग हुनुपर्नेलगायत विषय उठेका थिए। महाकाली सन्धिको विवाद बढ्दै गएर तत्कालीन एमाले पार्टी विभाजित पनि भएको थियो। महाकाली सन्धि गराउने कार्यमा पार्टी प्रमुख नभए पनि केपी वलीको मुख्य भूमिका थियो। उनको 'महाकाली सन्धि भयो भने सूर्य पश्चिमबाट उदाउने' प्रतीकात्मक भनाइ चर्चित भएको थियो। महाकाली सन्धि भएमा सिँचाइ र विद्युत्का कारण पश्चिम नेपालबाट विकासको लहर आउँछ भन्ने भनाइ उनको थियो। तर आज दुई दशक नाघ्दा पनि महाकाली सन्धि लावारिस छ र भारतले एकलौटी जलस्रोत कब्जा गरिरहेको छ। महाकाली सन्धि गर्दा काङ्ग्रेसका शेरबहादुर देउवा हर्ताकर्ता थिए। शेरबहादुर देउवा र वलीका बीचमा (सत्तापक्ष र प्रमुख प्रतिपक्ष) बलियो गठबन्धन भएको थियो जुन गठबन्धनले महाकाली सन्धि भारतलाई सुम्पेको थियो।

वली र देउवाका बीचमा सम्झौता वा गठबन्धन हुनासाथ देशभक्त नेपालीहरू झस्किने गर्छन्। संयुक्त राज्य अमेरिकाको रक्षा मन्त्रालय पेन्टागनले आधिकारिक स्तरबाट हिन्द-प्रशान्त रणनीतिको अंशका रूपमा एमसीसी रहेको स्पष्ट गरिसकेको अवस्थामा लज्जास्पद रूपमा देउवा-वली गुटका नेताहरू एमसीसीको बचाउ गर्ने र नेपाललाई अमेरिकी सैन्य गठबन्धनतिर धकेल्ने रणनीतिमा देखिएका छन्।

एमसीसी प्रस्ताव पारित भयो भने सत्तारूढ पार्टी गुणात्मक रूपले राष्ट्रघाती दल प्रमाणित हुनेछ र अर्को निर्वाचनसम्म पुग्दा काङ्ग्रेस वा उसको गठबन्धन सत्तारूढ हुनेछ। त्यसैले एमसीसी प्रकरण काङ्ग्रेसलाई पुनः सत्तारूढ गराउने र कम्युनिस्टको राष्ट्रवादी छवि धुमिल गराउने उद्देश्यले आएको हुनसक्छ। सरकारको त्यसप्रकारकोराष्ट्रघाती-जनघाती

... बाँकी पृष्ठ ७ मा

## रातो खबरका प्रबन्धनिर्देशक भीमप्रसाद चापागाईं गिरफ्तार

**प्रकाशन संस्थाद्वारा तत्काल बिनासर्त रिहा गर्न माग**



**काठमाडौं** : रातो खबर प्रकाशन गृह प्रालिका प्रबन्धनिर्देशक तथा पत्रकार भीमप्रसाद चापागाईंलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको छ। रातो खबर साप्ताहिकको काम गरिरहेको समयमा आइतबार अपराह्न १ बजे काठमाडौं नक्सालबाट चापागाईंलाई गिरफ्तार गरिएको हो।

प्रकाशन गृहका निर्देशक अनिल शर्मा विरहीले आफ्नो प्रकाशन गृहका प्रबन्धनिर्देशक तथा पत्रकार चापागाईंलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको भन्दै तत्काल बिनासर्त रिहा गर्न माग गरेका छन्। विरहीले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै वैचारिक आस्थाकै आधारमा मिडिया सम्बद्ध व्यक्तिलाई प्रहरीले गिरफ्तार गरेको भन्दै सरकार निरङ्कुश बन्दै गएको बताएका छन्।

व्यापक जनदबाबलाई अटेर गर्दै संसद्बाट

... बाँकी पृष्ठ ७ मा

## नेकपा केन्द्रीय सदस्य उमा भुजेलसहित ९ जना गिरफ्तार



**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य तथा मेची-कोसी ब्युरो इन्चार्ज उमा भुजेलसहित ९ जनालाई फरकफरक ठाउँबाट केपी-बादल गृह प्रशासनले गिरफ्तार गरेको छ।

नेपाल कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य तथा मेची-कोसी ब्युरो इन्चार्ज उमा भूजेल, मेची-कोसी ब्युरो कार्यालय सचिव सुमन सिंह, मोरङ जिल्ला इन्चार्ज नरेश चौलागाईं, क्षितिज पौडेल, नवराज नेपाल, दीपक आचार्य, जगतबहादुर पुलामी, गोविन्द कार्कीलगायतलाई प्रहरीले गिरफ्तार गरेको हो। कतिपयलाई मोरङको सोमबारेबाट शुक्रबार र सुनसरीको चकरघट्टीबाट शनिबार बिहान गिरफ्तार गरिएको प्रहरीले जनाएको छ। उनीहरू सबैलाई जिल्ला प्रहरी कार्यालय मोरङको हिरासतमा राखिएको जनाइएको छ।

# गिरफ्तार गरिएकाहरूलाई बिनासर्त रिहा गर : विषम

■ रातोखबर संवाददाता/काठमाडौं




नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य तथा पूर्वी कमान्ड इन्चार्ज विषमले गिरफ्तार गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई बिनासर्त रिहा गर्न माग गरेका छन्। मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै विषमले आफ्नो पार्टीकी केन्द्रीय सदस्य उमा भुजेल 'शिलु' लगायत ९ जना नेता-कार्यकर्ताहरूलाई मोरङ र सुनसरीका विभिन्न स्थानबाट गिरफ्तार गरेको भन्दै उक्त गिरफ्तारी निन्दनीय भएको बताएका छन्। साथै उनले सरकार राष्ट्रियताको आन्दोलनमा सहभागी देशभक्त र क्रान्तिकारीहरलाई दमन अभियानमा उत्रिएको विज्ञप्तिमा उल्लेख गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रियता सर्वाधिक खतरामा परिरहेको यो समयमा देशलाई राष्ट्रवादी, देशभक्त, क्रान्तिकारी, लोकतन्त्रवादी र देशलाई माया गर्ने सम्पूर्ण शक्तिहरू एकजुट हुनुपर्ने बेला आएको छ। साथै कमरेड शिलुलगायत गिरफ्तार गरिएका सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहा गर्न र नगरे त्यसबाट निस्कने परिणामको जिम्मेवार स्वयम् सरकार नै हुनुपर्ने चेतावनी दिन चाहन्छौं।'

# माओका युगान्तकारी योगदान

**देश/परिवेश**

■ विप्लव



### १) माओको अध्ययन

माओलाई मित्र र विरोधी सबैले पढिरहेका छन्। मित्रहरूले माओलाई राम्रोसँग बुझ्न र रक्षा गर्नका लागि पढिरहेका छन् भने विरोधीहरूले माओलाई बुझ्न, रोक्न र मास्नका लागि पढिरहेका छन्। मित्रले माओको महत्व बढेको सोच्छन् भने विरोधी माओको समय सकिएको बताउँछन्।

माओलाई क्रान्तिकारी कम्युनिस्ट र संशोधनवादी कम्युनिस्ट सबैले पढ्ने गर्छन्। क्रान्तिकारीहरूले माओलाई पकड्नका लागि पढ्छन् भने संशोधनवादी, आत्मसमर्पणवादीहरूले विरोध गर्नका लागि पढ्छन्। क्रान्तिकारीले वर्तमान संसारलाई बदल्न माओ चाहिने विश्वास गर्छन् भने संशोधनवादीहरू माओलाई चीनमा सीमित गर्दै आजको युगमा त्यसको अनुसरण गर्न नसकिने तर्क गर्छन्।

माओलाई क्रान्तिकारी कम्युनिस्टहरूभित्र पनि क्रान्तिमा हिँडिरहेका र क्रान्तिभन्दा बाहिर रहेका कम्युनिस्टहरू सबैले पढिरहेका हुन्छन्। क्रान्तिमा लडिरहेकाहरूले माओलाई जीवन्त रूपले लागू गर्नका लागि पढिरहेका छन् भने क्रान्तिमा नभएकाहरूले सैद्धान्तिक रूपमा बढी चर्चा गर्छन्।

हामी एकीकृत जनक्रान्तिमा बढिरहँदा माओलाई विशेष महत्वका साथ बुझ्न, पकड्न र लागू गर्नका लागि अध्ययन गरिरहेका छौं किनकि माओलाई नपढेर आजको युगमा क्रान्ति सम्पन्न गर्न सम्भव छैन। माओसम्बन्धी बुझाइमा हाम्रो र अरूको अन्तर यसैमा छ।

### २) माओको सिर्जनात्मकता र सफलता

माओ चीनको पहिलो कम्युनिस्ट हुनुहुन्थेन। उहाँ सामन्तवाद, दलाल पुँजीवाद र साम्राज्यवादका विरुद्ध युद्ध लड्ने पहिलो कम्युनिस्ट र राजनीतिज्ञ पनि होइन। जनताका शत्रुविरुद्ध बन्दुक उठाउने पहिलो नेता वा रणनीतिज्ञ पनि होइन। तर चीनमा माओभन्दा अगाडिका थुप्रै कम्युनिस्ट नेताहरू कम्युनिस्ट बन्न सकेनन्, उहाँ बन्नुभयो। सामन्तवाद–दलाल पुँजीवाद र साम्राज्यवादका विरुद्ध अन्य थुप्रै नेता र कम्युनिस्टहरू लडे तर ती सफल हुन सकेनन् तर माओ सफल हुनुभयो। कम्युनिस्ट पार्टीको नेतृत्वमा रहँदा बन्दुक उठाउने नेता अरू थिए तर अरू सफल भएनन्, माओ नै सफल हुनुभयो। किन ? यो नै आजका क्रान्तिकारीहरूले बुझ्नुपर्ने र ग्रहण गर्नुपर्ने विषय छ।

क्रान्तिमा माओ सफल हुनुको सबैभन्दा प्रमुख कारण

...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# पत्रकार चापागाईंको गिरफ्तारी जनआवाजमाथि सुनियोजित आक्रमण

केपी वली सरकार र रामबहादुर थापा गृह प्रशासनले रातो खबर प्रकाशन गृहमाथि पुनः आक्रमण गर्दै रातो खबर साप्ताहिकका प्रबन्धनिर्देशक एवम् पत्रकार भीमप्रसाद चापागाईंलाई बिनाकारण गिरफ्तार गरेर यही व्यवस्था र सरकारले सुनिश्चित गरेको भनिएको प्रेस स्वतन्त्रता वा वाक् स्वतन्त्रताको प्रावधानको खिल्ली उडाएको छ। रातो खबर प्रकाशन गृह र रातो खबर साप्ताहिक सरकारको यस किसिमको निरङ्कुश, स्वेच्छाचारी, निन्दनीय हर्कतको तीव्र निन्दा, घृणा र आक्रोश व्यक्त गर्दै अविलम्ब, बिनासर्त चापागाईंको रिहाइको माग गर्दछन् र सरकारलाई आत्मालोचना गर्न सुझाव दिन्छन्।

रातो खबर प्रकाशन गृह, रातो खबर साप्ताहिक र गृहका अन्य प्रकाशन-प्रसारणमाध्यमहरू यही सरकारले 'समाजवाद उन्मुख' भनेको संविधानअनुसार दर्ता भएर सञ्चालन हुँदै आएका संस्था र सञ्चारमाध्यम हुन्। कथित लोकतन्त्रवादीहरूले जनताका असहमतिका स्वरहरूलाई स्थान दिइने बताउँदै आएका छन् तर उनीहरूका देखाउने र लुकाउने दाँत भिन्नाभिन्नै हुन्छन् भन्ने पछिल्लो उदाहरण आइतबार बिनाकारण गरिएको चापागाईंको गिरफ्तारी हो। चापागाईंलाई आस्थाकै आधारमा गिरफ्तार गरिएको छ र कथित अभद्र व्यवहारको पुर्जी थमाइएको छ। देश र जनताको आवाज बोल्दा 'अभद्र व्यवहार' हुने र हिरासत पुर्‍याइने यो निन्दनीय कार्यको जति निन्दा र भर्त्सना गरे पनि कमै हुन्छ।

नेकपामाथि प्रतिबन्ध लगाइएपछिका ११ महिनामा आस्थामाथि गरिएको यो पहिलो आक्रमण भने होइन। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आवाज उठाएकै आरोपमा नेकपामाथि प्रतिबन्ध लगाइएको छ भने नेकपाका हजारौँ नेता-कार्यकर्ता जेल र हिरासतमा बन्दी छन्। रातो खबर प्रकाशन गृहले देश, जनता र श्रमिक वर्गको सच्चा प्रतिनिधि सञ्चारमाध्यमका रूपमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूलाई प्रमुख स्थान दिएको छ र सरकारले जति दमन गरे पनि दिई नै रहनेछ। यो हाम्रो आस्था, निष्ठा र प्रतिबद्धता हो। हाम्रो यही प्रतिबद्धताको फलस्वरूप आज केपी वली-पुष्पकमल दाहाल-रामबहादुर गृहप्रशासनले देश र श्रमिक जनताको 'मुखपत्र' र आस्थाको केन्द्र रातो खबरमाथि आक्रमण गरेको छ र जनताको मुख बन्द गर्ने धृष्टता गरेको छ। दलाल र तानाशाही सत्ताका यस्तैखाले चरित्रबारे सम्बोधन गर्दै स्रष्टा सहिद इच्छुकले जनयुद्धताका एउटा कवितामा लेखेका थिए :

मैले मेरो महान् राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद भन्न किन नपाउनू ?
मैले मेरो राष्ट्रका कुलङ्गारहरूका विरुद्ध
मुट्ठी उठाएर मुर्दावाद भन्न किन नपाउनू ?
लुकेर देशको छातीमा तीर चलाउने
ए ! मेरै देशका शिखण्डीहरू हो
तिम्रो पाखण्डीपनका विरुद्ध
मैले तिमीलाई घृणाले धिक्कार गर्न किन नपाउनू ?

संसद्को विकास तथा प्रविधि समितिले व्यापक जनविरोधलाई उपेक्षा गर्दै यसै साता सूचना प्रविधिसम्बन्धी विधेयक पारित गरेको छ। शासकहरूलाई आफूमाथि आलोचना र व्यङ्ग्य गरिएको लाग्नेबित्तिक्कै प्रहार गर्न सजिलो हुने गरी यो निरङ्कुश विधेयक पारित गरिएको हो। उता संसद्को समितिले यस्तो निरङ्कुश विधेयक पारित गर्नु र यता जनताको आवाज रातो खबरमाथि प्रहार र आक्रमण हुनु संयोग मात्र होइन, सरकारको फासिवादी चरित्रको द्योतक हो। बहुमतको फोस्रो दम्भ र आडम्बरमा सरकारले सबै प्रतिपक्षी र विरोधीहरूको मुख थुन्ने धृष्टता गरेको छ। यो अत्यन्त खेदजनक छ। अब अभिव्यक्ति स्वतन्त्रतामाथि सत्तारूपी काल पल्केको छ। यसले क्रमशः सबै विपक्षी र विरोधीहरूलाई निल्नेछ। यसको कडा रूपमा प्रतिवाद हुनु जरुरी छ। सत्ताको यस्तै फासिवादी चरित्र र अवस्थालाई चित्रण गर्दै कुनै समयमा कवि मार्टिन निमोरले लेखेका थिए :

पहिले उनीहरू समाजवादीलाई लिन आए
म बोलिनँ
किनकि
म समाजवादी थिइनँ
उनीहरू ट्रेड युनियनकर्मीलाई लिन आए
म बोलिनँ
किनकि
म ट्रेड युनियनकर्मी थिइनँ
उनीहरू जुजलाई लिन आए
म बोलिनँ
किनकि
म जुज थिइनँ
जब उनीहरू मलाई लिन आए
मेरा लागि बोल्न बाँकी कोही थिएन।

वली सरकारले विभिन्न बहानामा सञ्चार जगत्को तेजोबध गर्ने र विद्रोहका आवाजहरूलाई समाप्त पार्ने तानाशाही कदम चालेर देश र जनतामाथि गम्भीर षड्यन्त्र गरिरहेको छ। निरङ्कुश तथा जहानिया शासन राणाकालमा सत्ताप्रति आलोचना र व्यङ्ग्य गरेको आरोपमा मकैको खेती पुस्तकका लेखक सुब्बा कृष्णलाल अधिकारीलाई चन्द्रशमशेरले जेल हालेका थिए। शाह खान्दानले सञ्चालन गरेको राजतन्त्र नामको निरङ्कुश शासनमा त अभिव्यक्ति स्वतन्त्रता कुन चराको नाउँ हो, जनताले महसुस गर्नै पाएनन्। राजाको प्रत्यक्ष नेतृत्व रहेको पञ्चायतकाल अभिव्यक्ति स्वतन्त्रतालगायत सबै क्षेत्रका लागि कालरात्री नै थियो। जनयुद्धकालमा राजतन्त्र, संसदीय शासक र शाही शासकहरूले विद्रोहको स्वर उराल्नेहरूमाथि अराष्ट्रिय तत्व र आतङ्कवादीको बिल्ला नै भिराएर दमन गरे। जनयुद्धकालमा जनादेश, जनदिशालगायत सबै विद्रोही सञ्चारमाध्यमको मुख मात्र बन्द गरिएन, कयौँ पत्रकारको हत्या गरियो, कयौँलाई बेपत्ता पारियो। तिनै निरङ्कुश सत्ताविरुद्ध लड्ने पत्रकार र सञ्चारसंस्थामाथि आफूलाई कम्युनिस्ट, समाजवाद उन्मुख, गणतान्त्रिक, सङ्घीय आदि नामले सुशोभित गर्ने केपी वली-पुष्पकमल दाहाल सरकारले निर्मम दमन गरेको छ। यो इतिहासमा उल्लेख गर्नलायक कालो घटना र निन्दनीय हर्कत हो। यस्तो हर्कतका लागि वली सरकारलाई इतिहासले मात्र होइन, वर्तमानले पनि माफी दिनेछैन। सरकारको यस किसिमको गैरसंवैधानिक, गैरकानुनी, अभिव्यक्ति स्वतन्त्रताविरोधी हर्कतको स्वतन्त्रताप्रेमी सबै पक्ष, सञ्चारमाध्यम, अधिकारकर्मी सङ्घसंस्थाहरू, राजनीतिक दलदेखि जनसमुदायसम्म सबै क्षेत्रबाट विरोध हुनु आवश्यक छ।

# १२७ औँ माओ दिवसका सन्दर्भमा



धर्मेन्द्र बास्तोला 'कञ्चन'

*माओका अमर योगदानहरूले विश्वका मुक्तिकामी जनतालाई आर्थिक असमानतामा अति ध्रुवीकरण र अति केन्द्रीकरण हुँदै गएको भूमण्डलीकृत निगमीय उत्तरसाम्राज्यवादी अर्थप्रणालीको अन्त्य गरी समान जिम्मेवारी, समान, उत्पादन र समान वितरणको व्यवस्था गर्ने वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने बाटोमा हिँड्न अझ प्रेरित गरेको छ।*

सन् १८९३ डिसेम्बर २६ मा जन्मनुभएका माओ त्सेतुङको यो वर्ष १२६ पुगेर २७ मा प्रवेश गर्‍यो। १२७ औँ वार्षिक उत्सवका अवसरका संसारभरका सर्वहारा वर्गले माओको विशेष स्मरण र सम्मान गरेका छन्। माओ त्सेतुङ बीसौँ शताब्दीका महान् दार्शनिक हुनुहुन्थ्यो। सर्वहारा वर्गका नेता हुनुहुन्थ्यो र सामाजिक रूपान्तरणका महान् सेनानी हुनुहुन्थ्यो। माओ त्सेतुङको नेतृत्वमा चीनमा सर्वहारा क्रान्ति भयो। नयाँ जनवादी क्रान्तिका रूपमा सम्पन्न भएको चिनियाँ समाज केही वर्षमै समाजवादी क्रान्तिमा रूपान्तरण भयो। समाजवादी क्रान्ति उल्ट्याउने प्रयत्नका विरुद्ध महान् सर्वहारा सांस्कृतिक क्रान्ति भयो। चीनमा भएको जनयुद्ध, नयाँ जनवादी क्रान्ति, समाजवादी क्रान्ति, महान् सर्वहारा सांस्कृतिक क्रान्तिसम्मको अभियानमा मार्क्सवाद-लेनिनवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास गर्‍यो।

पुँजीवादी क्रान्तिहरू विभिन्न मुलुकहरूमा भएका थिए। बेलायत, फ्रान्स, जर्मनी, अमेरिका, जापानलगायत देशहरूमा समयसमयमा ठूलाठूला क्रान्तिहरू भएका छन्। कम्युनिस्टहरूको नेतृत्वमा स्थापित भएको पेरिस कम्युन, लेनिन र स्टालिनको नेतृत्वमा रुसमा भएका महान् समाजवादी क्रान्ति र माओको नेतृत्वमा चीनमा भएको नयाँ जनवादी-समाजवादी क्रान्तिको छुट्टै र विशिष्ट महत्व छ। पुँजीवादको विकास भएका फ्रान्स र रुसमा सर्वहारा वर्गको नेतृत्वमा क्रान्ति भए। फ्रान्समा पेरिस कम्युनको स्थापना भयो। रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो तर अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्थामा रहेको मुलुकमा समाजवादी क्रान्ति सम्पन्न गर्नु सबै हिसाबले विकास गर्नु आवश्यक थियो।

कुनै पनि क्रान्ति पुरानै तरिकाले अथवा कार्यनीतिको पुनरावृत्ति हुन सक्दैन। जसरी पेरिस कम्युनको कार्यनीति रुसी क्रान्तिमा पुनरावृत्त हुन सक्तैनथ्यो त्यसैगरी चिनियाँ क्रान्तिका सन्दर्भमा पनि रुसी क्रान्तिको कार्यनीति पुनरावृत्त हुन सक्तैनथ्यो। युरोपमा भएको पुँजीवादको विकास र पेरिस कम्युन तथा रुसी क्रान्तिको मानकबाट कार्यनीतिक सोचाइ बनाउने अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखिने जडसूत्रवादीहरूको तर्क थियो- चीनजस्तो अर्धसामन्तवादी र अर्धऔपनिवेशिक अवस्थामा रहेको देशमा समाजवादी क्रान्ति त्यतिबेला मात्र सम्भव हुनसक्छ जब त्यहाँ पहिले पुँजीवादी क्रान्ति सम्पन्न हुनेछ। अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखिएको यसप्रकारको वैचारिक चुनौतीको सामना गर्नु माओका लागि निकै पेचिलो विषय थियो। नेपालमा पनि यसप्रकारको जडसूत्रबाट मुक्त हुन सक्तैनथ्यो। नेपालमा 'क्रान्तिको पुनरावृत्ति हुन सक्दैन' भन्ने तर्क प्रचण्ड र बाबुरामहरूले गर्दै कार्यनीतिक क्षेत्रको चुनौतीको प्रश्नलाई रणनीतिक क्षेत्रको चुनौतीमा पुर्‍याएका थिए। यो जडसूत्रीय संशोधनवाद थियो। क्रान्तिको पुनरावृत्ति हुँदैन भन्ने तर्क गर्दै क्रान्तिको निषेध गर्ने विचार र दृष्टिकोणलाई यसले प्रोत्साहित गरेको थियो र यही तर्कका आधारमा क्रान्तिको विसर्जनका लागि पार्टीमा मनोविज्ञान पैदा गर्ने तरिका थियो जुन कथित शान्तिप्रक्रियाका नाममा गरिएको आत्मसमर्पणबाट मात्र स्पष्ट भयो। अहिले पनि क्रान्तिको पुनरावृत्ति हुँदैन भन्ने जडसूत्रको सिकार केही क्रान्तिकारीहरू भैरहेको अवस्था छ।

समकालीन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा देखापरेका वैचारिक समस्या समाधान गर्न माओले मार्क्सवादी दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा गम्भीर प्रकारको अध्ययन, विश्लेषण र संश्लेषण गर्नुभयो। यसप्रकारको अध्ययनले जसरी लेनिनले मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादमाविकासगर्नुभएकोथियो, त्यसैगरी माओले मार्क्सवाद-लेनिनवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास गर्नुभयो। माओले गर्नुभएको यो विकासले सर्वहारा वर्गको हातमा क्रान्तिका लागि केवल सशक्त प्रकारको हतियार दिने काम मात्र गरेन, विश्वभरका देशहरूमा समाजवादी क्रान्ति सम्पन्न गर्ने र साम्यवादको यात्रामा अघि बढ्ने ढोका पनि खोलिदियो।

पहिलो, दोस्रो र तेस्रो अन्तर्राष्ट्रियमा देखापरेको संशोधनवाद, जडसूत्रीय छद्‌म संशोधनवादको निरन्तरता नेपालमा पनि देखापर्छ। नेपालका केही कथित मार्क्सवादीहरूले लेनिन, स्टालिन र माओको आलोचना गर्दै आएका छन्। उनीहरूले आफूलाई अब्बल दर्जाको मार्क्सवादी बताउने गरेका छन्। उनीहरूको तर्कमा मार्क्सले जे भन्नुभएको थियो, लेनिनले त्यसमा 'संशोधन गर्नु' गल्ती थियो। माओका सन्दर्भमा त झन् 'महाभूल' थियो किनकि पुँजीवादको विकास नभईकन गरिने क्रान्ति 'दिगो' हुनै सक्तैनथ्यो। यसप्रकारको तर्क गर्ने संशोधनवादीहरूले केवल मार्क्सले जे भन्नुभएको थियो त्योबाहेक मार्क्सवादमा अर्को केही हुनै सक्दैन भन्दै आएका छन्। जडसूत्रीय छद्‌म संशोधनवादको परिणाम पनि संशोधनवादको भन्दा पर जान सक्दैन। यद्यपि छद्‌म संशोधनवादको कुरामा क्रान्ति हुने गर्छ र भावनामा पनि क्रान्ति नै हुनसक्छ तर मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले गरेको विश्लेषणभन्दा एक कदम अगाडि बढ्नु सर्वहारा वर्गको अधिकारभित्र नपर्ने कुरा हो भन्ने सोचाइ राख्छ। त्यसले अँगालेको कार्यनीतिले उसलाई त्यही रणनीतिक परिणाममा पुर्‍याउँछ जो संशोधनवादको हुने गर्छ।

लेनिनले बारम्बार भन्ने गर्नुभएको थियो र माओले पनि त्यसलाई बारम्बार दोहोर्‍याउने गर्नुभएको थियो- 'मार्क्सवाद कुनै जडसूत्र होइन, यो कारबाहीका लागि निर्देशित सिद्धान्त हो।' यसबाट हामी बुझ्छौँ- मार्क्सवाद एउटा जीवन्त सर्वहारा सिद्धान्त हो जसले लेनिनले भन्नुभएजस्तै 'ठोस परिस्थितिको ठोस विश्लेषण' गर्दै विद्यमान समाजमा समाजवादी क्रान्ति सम्पन्न गर्न सक्छ।

१२७ औँ माओ दिवसका सन्दर्भमा हामीले नेपालका सन्दर्भमा क्रान्तिका लागि केही विषयहरूलाई मनन गर्नुपर्छ। नेपालमा क्रान्तिकारी प्रक्रियामा भएको प्रतिक्रान्तिको खरानीबाट पैदा भएको आन्दोलनलाई जीवन्त बनाउन एकीकृत जनक्रान्तिको कार्यदिशामा अहिले देश अगाडि बढिरहेको छ। एकीकृत जनक्रान्तिले देशको अहिलेको वास्तविक अवस्थाबाट प्रस्थानबिन्दु बनाउँछ, यसले विगतमा भोगिएका क्रान्तिकारी आन्दोलनका सबै शिक्षा र अनुभवहरूलाई एकीकृत जनक्रान्तिमा समावेश गर्दछ र समाजवाद तथा साम्यवादी भविष्यको बाटोमा अघि बढछ।

एकीकृत जनक्रान्तिले दर्शनमा एकता-सङ्घर्ष-रूपान्तरणको प्रक्रियालाई विगतको प्रचण्ड-बाबुरामहरूको गोलमटोल बुझाइलाई सपाट र स्पष्ट गरेको छ, राजनीतिक अर्थशास्त्रमा समाजवादी कालको उत्पादनपद्धतिमा कम्युनिस्ट नेताहरूका लागि क्षमताअनुसारको काम र आवश्यकताहरूको दामको व्यवस्था र जनताको हकमा क्षमताअनुसारको काम र कामअनुसारको दामको व्यवस्था हुनुपर्ने स्पष्ट गरेको छ, वैज्ञानिक समाजका क्षेत्रमा वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नु कम्युनिस्टको प्रमुख कार्यभार हो भन्ने विश्लेषण गरेको छ।

जसरी मार्क्सवादले समयअनुसार विकासको माग गरेको हुन्छ र क्रान्तिकारी आन्दोलनको विकाससँगै यसको वैचारिक, राजनीतिक एवम् सङ्गठनात्मक ढाँचामा विकास हुँदै गइरहेको हुन्छ, त्यसैगरी संशोधनवादले पनि समयको विकासअनुसार आफूलाई त्यही रूपमा विकास गर्दै लगेको हुन्छ र यसका तर्कहरूलाई पनि पेचिलो बनाउँदै लगेको हुन्छ। त्यसको प्रतिबिम्ब २१ औँ शताब्दीको संशोधनवादमा देखापर्छ। यसप्रकारका संशोधनवादीहरूको तर्क रहने गरेको छ, डिजिटल क्रान्तिको अभूतपूर्व वैज्ञानिक विकास भएको वर्तमान विश्वमा र यही विकासको कारण कृत्रिम बौद्धिकताको उपयोग र यन्त्रमानवको प्रयोग हुने वर्तमान अवस्थामा परम्परागत उत्पादक शक्ति, श्रमिक वर्ग र वर्गसङ्घर्षका कडीहरू टुटेको पाइन्छ र त्यसले क्रान्तिको औचित्यमाथि प्रश्न खडा गरेको छ। यसप्रकारको तर्क गर्नेहरू वास्तविक रूपमा मानिसको स्वतन्त्रता, वर्गविभेदको अन्त्य र 'समाजिक उत्पादन व्यक्तिगत वितरण' मा आधारित पुँजीवादी व्यवस्थाको अन्त्य असम्भव देख्छन् र उनीहरू समाजवादी सिद्धान्तको वकालत गरे पनि बुर्जुवा पुँजीवादी उत्पीडनको सिकार भइरहेका हुन्छन्।

एकीकृत जनक्रान्तिले स्पष्ट गरेको विषय के हो भने वैज्ञानिक अन्वेषण र विकास अनन्त प्रक्रिया हो र यो जुनसुकै समाजमा पनि भई नै रहन्छ। पहिलेका समाजमा भन्दा पछिल्ला समाजमा यो अझ तीव्र बनेर जान्छ किनभने यसले पहिलेका वैज्ञानिक सिद्धान्त, नियम र ज्ञानलाई पछिल्लो विकाससँग एकीकृत गर्दै लगेको हुन्छ। तर यसप्रकारको वैज्ञानिक विकासले सामाजिक उत्पादन र व्यक्तिगत वितरणमा आधारित पुँजीवादी व्यवस्थाको समाधान गर्न सक्दैन। जतिसुकै विज्ञान र प्रविधिमा विकास भए पनि र जसरी वैज्ञानिकहरूले अनुमान गरेको पहिलेको आरएनएको जीवकोषलाई डीएनएले विस्थापन गरेजस्तै नयाँ प्रकारको जीवकोश भएको मानवजातिको प्रादुर्भाव र विकास भए पनि सामाजिक उत्पादन र सामाजिक वितरणका लागि समाजवादी क्रान्तिबाहेक अर्को कुनै पनि तरिकाले समाधान गर्न सक्दैन। यो मार्क्सवाद-लेनिनवाद-माओवादको गुदी कुरा हो।

माओको जन्मदिवसको १२७ औँ अवसर, चिनियाँ जनवादी क्रान्तिको ७१ औँ वर्षगाँठ र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको ५४ औँ वार्षिकीले विश्वका सर्वहारावर्गलाई अहिले पनि ती जीवन्त, उथलपुथलकारी दिनहरूको स्मरण गराइरहन्छ। माओका अमर योगदानहरूले विश्वका मुक्तिकामी जनतालाई आर्थिक असमानतामा अति ध्रुवीकरण र अति केन्द्रीकरण हुँदै गएको भूमण्डलीकृत निगमीय उत्तरसाम्राज्यवादी अर्थप्रणालीको अन्त्य गरी समान जिम्मेवारी, समान, उत्पादन र समान वितरणको व्यवस्था गर्ने वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने बाटोमा हिँड्न अझ प्रेरित गरेको छ।

२६ डिसेम्बर, २०१९

# सुकुमबासीमाथि दमन गरिए निर्ममतापूर्वक प्रतिरोध गर्छौं : नेकपा

**रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टी झापाले प्रेस विज्ञप्ति जारी गर्दै सरकार र विभिन्न निकायलाई सुकुमबासीमाथि दमन गरिए निर्ममतापूर्वक प्रतिरोध गर्ने चेतावनी दिएको छ।

पार्टीद्वारा जारी विज्ञप्तिमा मुलुकको पछिल्लो अवस्थाको चित्रण गर्दै भनिएको छ, 'देश यतिबेला सर्वाधिक राजनीतिक सङ्कटमा फसिरहेको छ। सरकारमा विदेशी शक्तिकेन्द्रहरूले आफ्ना प्रतिनिधिहरू खडा गरेर आफ्नो हितमा काम गर्न लगाइरहेका छन् भने यता जनताको माझमा रहेर क्रान्ति गरिरहेको हाम्रो पार्टीलाई प्रतिबन्ध लगाइएको छ। कथित दुई तिहाइको हवाला दिँदै केपी र पीके नेतृत्वको सामाजिक फासिवादी दलाल सत्ताका स्थानीय कारिन्दाहरू जनतालाई दमन र अत्याचार गर्न सकेसम्मको बल प्रयोग गरिरहेका छन्।'

सुकुमबासी समस्या र सुकुमबासीमाथि भएको षड्यन्त्रका बारेमा विज्ञप्तिमा भनिएको छ, 'यसै सन्दर्भमा झापा जिल्ला दमक नगरपालिकास्थित वडा नं ७ का विभिन्न स्थानमा विगत लामो समयदेखि बसोबास गरिरहेका सुकुमबासीहरूलाई बसोबासस्थल खाली गर्नका निम्ति भ्रष्ट सत्ताका डकैत जनप्रतिनिधि र निकायहरूले गरेको उर्दी र प्रयत्नप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। हाम्रो पार्टीले विगतमै सुकुमबासीहरूको समस्या समाधान गर्नका निम्ति गम्भीर बनेर सम्बन्धित निकायले पहल गर्न अनुरोध गरेको र त्यस सम्बन्धमा पार्टीले पटकपटक सङ्घर्षसमेत गरेको कुरा आमझापाली जनसमुदायलाई अवगत छ। झापाका केही राजनीतिक पार्टी र केपी र पीके दलाल सत्ताका कारिन्दाहरूले सुकुमबासीका समस्यालाई राजनीतिक मसला बनाएका छन्।'

विज्ञप्तिमा चेतावनीपूर्ण भाषामा भनिएको छ, 'सुकुमबासीहरूका अधिकारका निमित्त हाम्रो पार्टीले गरेको सङ्घर्षपछि सल्बलाएका राजनीतिक दलहरूको निष्कर्षहीन क्रियाकलापले उनीहरूको घिनौलो चरित्रको पर्दाफास भएको छ। यतिबेला फेरि उनीहरूबाट सुकुमबासीमाथि दमन गर्ने प्रयत्न भैरहेको छ। सुकुमबासीहरू आफ्नो अधिकारका निम्ति हारगुहार गरिरहेका छन् भने केपी र पीकेका कारिन्दाहरू गुमनाम रहँदै सुकुमबासी बस्ती हटाउन लागिपरेका छन्। हामी पुनः अनुरोध गर्न चाहन्छौँ सुकुमबासीको उचित व्यवस्थापन गरियोस् र सुकुमबासीहरूमाथि दमन गर्ने प्रयत्न नगरियोस्। सुकुमबासीमाथि दमन गरेर अगाडि बढे हाम्रो पार्टी निर्ममतापूर्वक प्रतिरोध सङ्घर्षमा उत्रने यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'आमसुकुमबासीहरूलाई दलाल सत्ताका कारिन्दा भूमाफिया, तस्कर, ठेकेदार र जनप्रतिनिधिहरूले भूमिहीन, गरिब सुकुमबासी जनतामाथि गर्ने अत्याचारका विरुद्ध एक हुन र त्यसका विरुद्ध सशक्त प्रतिरोध गर्न अपिल गर्दछौँ। हाम्रो पार्टी सुकुमबासीको बसोबास रक्षाका निम्ति सधैँ अग्रपङ्क्तिमा रहने जानकारी गराउँदै सुकुमबासी बस्ती खाली नगर्न, उनीहरूलाई उचित बसोबासको व्यवस्थापन गराउन भन्दै सुकुमबासीहरूलाई उचित व्यवस्थापन नगरी हटाउन खोजिएमा निम्तिने दुर्घटनाको जिम्मेवार सम्बन्धित पक्ष हुने जानकारी गराउँछौँ।'

# नेपालको राष्ट्रियतामा भारतीय हस्तक्षेप



गुणराज लोहनी

## पृष्ठभूमि

गत कात्तिक १६ गते अर्थात् नोभेम्बर २ का दिन भारतले नयाँ नक्सा सार्वजनिक गऱ्यो। प्रेस ट्रस्ट इन्डियाका अनुसार भारतीय सङ्घीय सूचना तथा प्रसारणमन्त्री प्रकाश जावाडेकरले दुईबुँदे जानकारी गराएका थिए। सबै निजी सेटेलाइट टेलिभिजनले पछिल्लो सार्वजनिक गरिएको नक्सालाई मात्र प्रयोग गर्ने र नोभेम्बर २ मा केन्द्रीय सरकारद्वारा सार्वजनिक गरिएको नक्सा लद्दाखका २ वटा जिल्लाहरू समावेश गरिएका छन् भनिएको छ। यसरी सार्वजनिक गरिएको सर्भे अफ इन्डियाको विज्ञान र प्रविधि विभागले लद्दाखका २ वटा जिल्ला कार्गिल र लेक समावेश गरेर तयार पारेको थियो। उक्त नक्सामा नेपालको दार्चुला जिल्लाको लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३७ हजार हेक्टर जमिन भारतमा परेको देखाइएको छ। भारतले सार्वजनिक गरेको उक्त नक्सालाई लिएर नेपालमा सबैतिर विरोध भयो। नेपाल सरकार परराष्ट्र मन्त्रालयका तर्फबाट एउटा नोट निकालियो। प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाए। सडकमा प्रतिपक्षीभन्दा बढी सरकारी पार्टीका कार्यकर्ताको बोलवाला भयो। त्यसपछि सडकबाट सरकारी कार्यकर्ताहरू हट्दै गए। सरकारले अन्य पार्टी वा सङ्गठनलाई राज्यले सडकमा ढेपिन नै नदिने नीति लियो। तर पनि अहिले सडक, सभा र बहसमा राष्ट्रियताको मुद्दा सशक्त भइराखेको छ।

## केही ऐतिहासिक तथ्यहरू

केन्द्रीकृत सामन्ती व्यवस्थाको उदय

पृथ्वीनारायण शाहअघि नेपालमा विभिन्न गणराज्यहरू थिए। नेपालको इतिहासमा ती गणराज्यहरूलाई बाईसे र चौबीसे भनेर पुकारिन्थ्यो। त्यसैक्रममा गोरखाका राजा पृथ्वीनारायण शाहले सबै राज्यहरूलाई एउटै बनाउने विस्तार अभियान सुरु गरे। पृथ्वीनारायण शाह कुलमण्डल खानका सन्तान हुन्। कुनै समयमा कुलमण्डल खानले दिल्लीका सम्राट्लाई खुसी पारेका थिए। दिल्लीका सम्राट्लाई खुसी पारेकाले उनले कुलमण्डल खानलाई शाहको उपाधि दिएको इतिहासमा पढ्न पाइन्छ। कुलमण्डलका सातवटा छोरा थिए। लमजुङेहरूले बिन्तीभाउ गरेर कुलमण्डलको माइला छोरा रत्न शाह जो इतिहासमा कालु शाहका नामले चिनिन्छन्, लाई राजा बनाउन लिएर गएका थिए। तर त्यहाँका शेसान्तहरूले कालु शाहको हत्या गरिदिएका थिए।

कालुको हत्यापछि लमजुङेहरू कुलमण्डलसँग अर्को छोरा पनि राजा बनाउनका लागि माग्न गएका थिए। आफ्नो माइलो छोरोको हत्या भएपछि कुलमण्डललाई कान्छो छोरो पठाउन मन लागेको थिएन। तर लमजुङेहरूले हुनेवाला राजाको सुरक्षाको यथोचित व्यवस्था गर्ने आश्वासन दिएपछि कुलमण्डलले कान्छो छोरा यशोब्रह्म शाहलाई लमजुङ पठाएका थिए। यशोब्रह्म शाहका दुईवटी श्रीमती थिए, वसन्तावती र चम्पावती। वसन्तावतीबाट नरहरि र नरपति जन्मिएका थिए भने कान्छी श्रीमती चम्पावतीबाट द्रव्य शाह जन्मिएका थिए।

यशोब्रह्म शाहलाई जसरी लमजुङमा राजा हुन ल्याइएको थियो, त्यसैगरी द्रव्य शाहलाई राजा बनाउन लिगलिगकोट र गोरखा लगिएको थियो। तिनै द्रव्य शाहका उत्तराधिकारीहरू क्रमशः पुरन्दर शाह, छत्र शाह, राम शाह, डम्बर शाह, कृष्ण शाह, रुद्र शाह, पृथ्वीपति शाह, नरभूपाल शाहहरू गोरखाका राजा भए। तिनै नरभूपाल शाहका छोरा पृथ्वीनारायण शाहले नेपालको विस्तार अभियान सुरु गरेका थिए। प्रोफेसर ढुण्डीराज भण्डारीका अनुसार, 'भारतको मेवाड जिल्लाको चित्तौडगढ भट्टारक ऋषिराज राणाजीको ५३ औँ पुस्ता पृथ्वीनारायण शाह हुन्। पृथ्वीनारायण शाह, उनका कान्छा छोरा बहादुर शाह, प्रतापसिंह शाहका छोरा रणबहादुर शाहका मुख्तियार अनिसान बाग महलमा बस्ने भीमसेन थापाको योजनामा अमरसिंह थापा (बुढा), भक्ति थापा, बलभद्र कुँवर, उजिर सिंह थापालगायतले नेपाललाई पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म विस्तार गरेका थिए। यसरी नेपाल केन्द्रीकृत सामन्ती राजतन्त्रात्मक राज्यसंरचनाअन्तर्गत शासित हुन थाल्यो। अङ्ग्रेजविरुद्ध पनि यिनीहरूकै नेतृत्वमा युद्ध भएको थियो।

पृथ्वीनारायण शाहको राज्य विस्तार अभियानका क्रममा भारतमा शासन गर्दै आएको ब्रिटिस कम्पनी र बङ्गाली सेनासँग पनि भिड्नुपरेको थियो। यसक्रममा बङ्गालका नबाब मीरकासमले मकवानपुरमा र अङ्ग्रेजले सिन्धुलीगढीमा मार खाएका थिए। मकवानपुरमा १७०० बङ्गाली सेना र सिन्धुलीगढीमा १६०० अङ्ग्रेज सेना मारिएका थिए। सन् १७६० देखि १८१० सम्मको ५० वर्षसम्मको अवधिमा नेपालले स्वयम्लाई एउटा विशाल एवम् शक्तिशाली हिमाली राज्यका रूपमा मात्र विकास गरेन, सँगसँगै यस उपमहाद्वीपमा अङ्ग्रेज शासन-शोषण एवम् थिचोमिचोका विरुद्ध एसियाली एक्तासम्मको कुरा गर्न थाल्यो। स्वभावतः यो कुरा तत्कालीन ब्रिटिस भारतीय सरकारलाई मन पर्ने कुरा थिएन। त्यसैले उसले समयमा नै नेपालको ढाड भाँचेर उसको महत्वाकाङ्क्षालाई दमन गर्ने नीति अख्तियार गऱ्यो। त्यसको प्रकट रूप नै सन् १८१४ को नेपाल-अङ्ग्रेज युद्ध थियो जो दुई वर्षसम्म चलेर नेपालको पूर्ण पराजयमा पुगेर टुङ्गियो। यस युद्धका क्रममा नेपालले ठूलो धनजनको क्षति त बेहोर्नुपऱ्यो नै साथै, देशको एकतिहाइ भूभाग पनि गुमाउनुपऱ्यो। भूभाग गुमाउने र देशको स्वतन्त्रता गुम्ने काम पनि यसै अवस्थामा भयो। यसै युद्धमा अङ्ग्रेजसँग हारेपछि नेपाललाई अङ्ग्रेजले जबर्जस्ती नौ सूत्रीय सन्धिमा हस्ताक्षर गरायो।

२ डिसेम्बर १८१५ मा अङ्ग्रेजका तर्फबाट प्रस्तावित सन्धिका रूपमा तयार पारी १५ दिनभित्र समर्थन दस्तखत गरी पठाउनू भनी नेपाललाई भनिए पनि विश्वासका साथ ४ मार्च १८१६ मा मात्र नेपालका तर्फबाट प्रतिनिधस्वरूप चन्द्रशेखर उपाध्यायले सहीछाप गरी भारतको सुगौली भन्ने स्थानमा दिनको २.३० बजे अङ्ग्रेजलाई हस्तान्तरण गरिएकाले यस सन्धिलाई सुगौली सन्धि भनियो। यही सन्धिसँगसँगै नेपाल सुरुमा इस्टइन्डिया कम्पनीको र पछिल्लो क्रममा भारतीय उपनिवेशको पञ्जामा पर्दै गएको थियो। सुगौली सन्धिसँगै नेपाल केन्द्रीकृत सामन्ती चरित्रबाट अर्धसामन्ती र अर्धऔपनिवेशिक स्वरूपमा बदलिएको थियो। अहिले नवऔपनिवेशिक बन्न पुगेको छ।

नौवटा धारा रहेको सुगौली सन्धिका धारा २, धारा ३, धारा ५, धारा ६ र धारा ७ मा रहेका अन्तर्वस्तुले नेपाल अर्धऔपनिवेशिक र अर्धसामन्ती भयो भन्ने पुष्टि गर्दछ। धारा २ मा- 'युद्ध प्रारम्भ हुनुभन्दा अगाडि दुई राष्ट्रहरूका बीचमा वादविवादमा आएका जग्गाहरूमा निपाउलका राजाले समस्त दावा छोड्ने छ' भनिएको छ।

ऐतिहासिक कालमा पृथ्वीनारायण शाहले सुरु गरेको राज्यविस्तार अभियानका सन्दर्भमा नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म पुगेको थियो। यस्तै उत्तरमा तिब्बततर्फ टासिल्हुन्पोसम्म तन्किएको र दक्षिणमा घाघरा-गङ्गा तथा यमुना-गङ्गा नदीको मैदानसम्म फैलिएको थियो। यसलाई 'विशाल नेपाल' भनिन्थ्यो।

| विवरण | पूर्व-पश्चिम लम्बाइ | क्षेत्रफल | सीमारेखाको परिधि (घेरा) |
|---|---|---|---|
| १.टिस्टा-काँगडाको विशाल नेपाल | १,४१५ किलोमिटर | २,६७,५७५ वर्ग किलोमिटर | ५,११९ लाइन किलोमिटर |
| २. टिस्टा-सतलज | १,३७३ किलोमिटर | २०४९१७ वर्ग किलोमिटर | ४,०७९ लाइन किलोमिटर |
| ३. वर्तमान नेपाल | ८८५ किलोमिटर | १,४७,१८१ वर्ग किलोमिटर | ३,२२२.८८ लाइन किलोमिटर |

सुगौली सन्धिभन्दा पहिला वि.सं. १८६३ पहिला नेपालको पश्चिमी सिमाना काँगडा पुगेको थियो। तर तीन वर्षपछि वि.सं. १८६६ मा सतलज नदीको सीमामा फर्कनुपऱ्यो। टिस्टादेखि काँगडासम्म २ लाख ६७ हजार ५७५ वर्ग किलोमिटरमा फैलिएको नेपाल केवल १ लाख ४७ हजार १८१ वर्गकिलोमिटरमा खुम्चिन पुग्यो। यस सन्धिबाट नेपालले १ लाख २० हजार ३९४ वर्गकिलोमिटर भूभाग गुमायो। सुगौली सन्धिअगाडिको नेपालको भूगोललाई आधार मान्ने हो भने ४४.९९ प्रतिशत जमिन गुमायो। तर अहिले भएको जमिनलाई आधार मान्ने हो भने यो ८१.७९ प्रतिशत हुन्छ। यो नै नेपालमाथिको भारतले गरेको सबैभन्दा ठूलो भौगोलिक अतिक्रमण थियो।

सुगौली सन्धिको धारा ३ को पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौँ भागहरू, धारा ५ र ६ मा लगातार नेपालले गुमाउनुपरेका भूभागहरूको वर्णन गरिएको छ। यसैगरी धारा ७ मा- 'निपाउलका राजाले कहिल्यै पनि बृटिस प्रजा नत (यात) अमेरिकनहरू बृटिस सरकारको अनुमतिबिना आफ्नो सेवामा राख्न लगाउन सक्नेछैन', भनिएको छ। यो वाक्यले नेपाललाई भारत (इस्ट इन्डिया कम्पनी) को उपनिवेश बनाइदिएको छ।

भारतले नेपालको जमिनमाथि गरेको अतिक्रमण सुगौली सन्धिबाट मात्र होइन, सुगौली सन्धिपछि पनि नेपालका भूभागहरू गुमेका छन्। 'सुस्तामा भारतीय अतिक्रमणको वास्तविकता' नामक पुस्तकमा ८५ स्थानमा भारतले अतिक्रमण गरेको उल्लेख छ।

सुगौली सन्धि भएको ठीक ३० वर्षपछि अर्थात् सन् १८४६ सेप्टेम्बर १४ तारिख राति १० बजे कोतपर्व मच्चाई जङ्गबहादुर राणाले आफूलाई सर्वेसर्वा घोषणा गरे। जङ्गबहादुरले आफ्नो सत्ता टिकाइराख्नका लागि अङ्ग्रेजलाई खुसी तुल्याउनु जरुरी थियो। त्यसैले जङ्गबहादुरले अङ्ग्रेजलाई खुसी पार्न भारतमा अङ्ग्रेजविरुद्धको सिपाही विद्रोह दबाउनका लागि नेपाली साधन-स्रोत मात्र दिएनन्, नेपालको सेना पनि पठाएका थिए। यसै सन्दर्भलाई लिएर कार्ल मार्क्सले जङ्गबहादुरलाई 'अङ्ग्रेजको कुकुर' संज्ञा नै दिनुभएको थियो। राणाहरूले आफ्नो सत्ता टिकाउनका लागि अङ्ग्रेजसँग विभिन्नखाले सन्धि र सम्झौताहरू गर्दै गए। राणा प्रधानमन्त्री जङ्गबहादुर र चन्द्रशमशेरहरूले सन् १८६० मा गरेको नयाँ मुलुक सन्धि, सन् १९२३ मा गरेको शान्ति तथा मैत्री सन्धि र सन् १९४७ मा गरेको गोर्खा भर्तीसम्बन्धी त्रिपक्षीय सम्झौताहरूले नेपालको शासन व्यवस्था ब्रिटिसहरूको खटनपटनमा चलेर परावलम्बी बन्यो।

## राजनीतिसँगै भूगोलमाथिको नियन्त्रण

लगभग दुई सय वर्षसम्म भारतमा अङ्ग्रेजले शासन गऱ्यो र सन् १९४७ अगस्ट १५ मा भारत छाडेर गयो। त्यससँगसँगै भारतमा जवाहरलाल नेहरू प्रधानमन्त्री भए। अङ्ग्रेजले भारत छाड्ने घटना राणाहरूका लागि पीडादायी थियो। राष्ट्रको सर्वस्व गुमाएर पनि आफ्नो सत्ता बचाउन यिनले कुनै कसर बाँकी राखेनन्। त्यसैको पूर्वार्द्धमा सन् १९४७ को त्रिपक्षीय सन्धि थियो भने हैदरबादको विद्रोह दबाउन जङ्गबहादुरका सिपाही पठाइए। तर यिनलाई योभन्दा पनि व्यवस्थित प्रत्याभूति चाहिएको थियो। सोही प्रत्याभूति लिनदिन भारत र राणाहरूले सुरक्षा एवम् व्यापार वाणिज्य दुवै क्षेत्रमा एकअर्कालाई लाभप्रद हुने सन्धि गर्ने निश्चय गरे। किनभने बदलिएको परिप्रेक्ष्यमा नेहरू सरकार पूर्ववर्ती ब्रिटिस सरकारको स्थान लिन चाहन्थ्यो भने ब्रिटिसद्वारा पुलपुल्याइएका राणाहरू पनि उक्त सरकारबाट ब्रिटिसकै जस्तो संरक्षण हासिल गरी आफ्नै जहानिया शासन अकण्टक राख्न चाहन्थे। यो सन्धि उनीहरूको निहित स्वार्थ पूरा गर्ने अभीष्टबाहेक अरू केही थिएन।

राणाहरूले आफ्नो सत्ता टिकाउन सन्धि गरे पनि उनीहरूको सत्ता टिकेन। देशमा राणाविरोधी आन्दोलन उठ्यो। काङ्ग्रेसले हतियार नै उठायो। ब्रिटिस कालदेखि नै नेपाललाई अप्ठ्यारोमा पारेर भारतले नेपालमाथि दोहन गरिराखेको थियो। भारतबाट अङ्ग्रेज गए पनि नेपालमाथिको भारतको शासकीय मानसिकता गएन। जसरी नेपालमा राणा शासन लागू हुनुभन्दा अगाडि सुगौली सन्धि भएको थियो, त्यसैगरी राणा जाने बेलामा काङ्ग्रेस र दिल्लीबीच सन् १९५० मा गोप्य सम्झौता भयो। त्यो सम्झौतामा के थियो भन्ने कुरा अहिले पनि बाहिर आएको छैन। तथापि यो सन्धिका कारण त्यसपछिका शासकहरूलाई गह्रौँ भार वहन गर्नुपरेको थियो। त्यसबेलाको मन्त्रीमण्डलको बैठकमा भारतीय राजदूत बस्थे र नेपाली सरकारलाई निर्देशन दिन्थे। उत्तरप्रदेशका गृहसचिव गोविन्दनारायण सिंह राजा त्रिभुवनका निजी सचिवसमेत बनेका थिए (नेपाल गजेट, ८ कात्तिक, २००८)। उक्त गजेटअनुसार गोविन्दनारायणलाई निजी सचिवका रूपमा (क) मन्त्रिमण्डलको कागजपत्रलगायत श्री ५ महाराजाधिराजको आदेश वा सूचनाका निम्ति मन्त्रालयहरूबाट आउने सबै सरकारी साथ, स्रोत लेखापढीहरू, (ख) श्री ५ महाराजाधिराजको विशेषाधिकार प्रयोग, अनुरोधसम्बन्धी बिन्तीपत्रहरू र (ग) सरकारी लेखापढीको अधिकार दिइएको थियो। तिनै गोविन्दनारायणमार्फत राजा र राजनीतिक पार्टीहरूले सूचना र अन्य कुराहरूको जानकारी आदानप्रदान गर्न सक्थे। यसले २००७ मा भएको सशस्त्र सङ्घर्षको बैठान कसरी र कुन सर्तमा भएको थियो भन्ने पुष्टि गर्दछ।

७२ वर्षको इतिहासमा भारतले नेपाललाई कहिल्यै पनि एउटा स्वतन्त्र राष्ट्रका रूपमा स्वीकारेन। नेहरू सरकारमा आएपछि उनले नेपालमाथि आफ्नो नीति लादे। त्यसलाई 'नेहरू डक्ट्रिन' भनियो। जवाहरलाल नेहरूले १९५० डिसेम्बर ६ मा भारतीय लोकसभामा नेपालसम्बन्धी एक ऐतिहासिक प्रकृतिको नीतिगत वक्तव्य दिएका थिए। उनले त्यस वक्तव्यमा भनेका थिए, 'जब हामी अहिलेको स्वतन्त्र भारतका रूपमा आएका छौँ, हामीले नेपाललाई आश्वस्त पारेका छौँ- हामी नेपालको स्वतन्त्रतालाई पूरा सम्मान मात्र गर्दैनौँ, नेपाललाई एक शक्तिशाली र प्रगतिशील मुलुकको रूपमा विकसित भएको हेर्न पनि चाहन्छौँ। हामी यस दिशामा ब्रिटिस भारतको सरकारभन्दा अगाडि बढेका छौँ। यहाँ यो कुरा भन्नुपर्छ- नेपालले अन्य बाह्य सम्बन्ध विकसित गर्न थालिसकेको छ। हामीले यसलाई स्वागत गरेका छौँ। हामी यसमा अवरोध बनेनौँ। म स्पष्टसँग भन्छु, नेपालमा हस्तक्षेप गर्न हामी चाहँदैनौँ, त्यो उद्देश्य पनि हाम्रो छैन र नेपालमा अन्य कुनै प्रकारको बाह्य हस्तक्षेप होस् भन्ने पनि हामी चाहँदैनौँ। हामीले नेपाललाई स्वतन्त्र राज्यका रूपमा मान्यता दिएका छौँ। हामी उसको उन्नतिको कामना गर्दछौँ। तर एउटा बच्चाले पनि जान्दछ- भारतलाई पार नगरी नेपाल पुग्न सकिँदैन। यसर्थ हाम्रो सम्बन्ध जति घनिष्ट छ, अरू कुनै पनि देशको सम्बन्ध नेपालसँग हामीसँग जति घनिष्ट हुन सक्दैन। र, अन्य हरेक देशले नेपाल र भारतबीचको भौगोलिक, सांस्कृतिक र अन्य घनिष्ट सम्बन्धबारे यथार्थ जान्नु र त्यसको कदर गर्नैपर्छ। यो वास्तविकतालाई स्वीकार्नुसिवाय अरू बाटो छैन।'

सन् १९५९ मा मुस्ताङमा चिनियाँ सेनाको गोलीबाट एकजना नेपाली सैनिकको मृत्यु भएको थियो। उक्त घटना हुनेबित्तिकै भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले नोभेम्बर २७, १९५९ मा भारतीय लोकसभालाई सम्बोधन गर्नेक्रममा 'भुटान अथवा नेपालमाथि भएको कुनै पनि आक्रमणलाई भारतले आफूमाथि भएको आक्रमण भन्ठान्नेछ' भन्दै नेपाल भारतको सुरक्षा छाताभित्र रहेको दाबी गरे। उनको यो भनाइमा नेपाल र भुटानलाई समान दृष्टि देखिन्छ र यी दुवै भारतका अङ्ग हुन् भन्ने आशय प्रकट हुन्छ।

नेहरूले नेपाललाई यसरी हेर्नुको कारण के थियो त ? सबैले बुझ्नुपर्ने कुरा हो- राणा शासनका विरुद्ध हतियार उठेपछि मोहनशमशेरले आफ्नो सत्ता टिकाउनका लागि सन् १९५० मा सन्धि गरेका थिए। नेपाल र भारत सरकारबीच भएको यो सन्धिलाई 'शान्ति र मैत्री' को नाम दिइयो। यो सन्धि जवाहरलाल नेहरूको नीति र चाहनामा भएको थियो। यो सन्धिमा खामबन्द रहेको गोप्य पत्राचारमा भएका पाँचवटा बुँदाहरू जो सन् १९५९ मा मात्र सार्वजनिक गरिएको थियो त्यसमा स्पष्ट रूपमा भारतले नेपालको सुरक्षामा चासो राख्न पाउने अधिकार दिइएको छ। सन् १९५० को सन्धि र नेहरूको नियत के थियो भन्ने कुरा यी बुँदाहरूले स्पष्ट पार्दछन् :

'१. दुवै सरकार कुनै पनि विदेशी आक्रमणकारीद्वारा एक-अर्कोको सुरक्षामा खलल पार्ने स्थितिलाई सहन गर्ने छैनन्। कुनै यस्तो धम्कीको सामना गर्न दुवै सरकार एक-अर्काका बीचका परामर्शद्वारा प्रभावकारी कदम उठाउनेछन्।' यो भनाइले नेपालको सुरक्षा पूर्ण रूपमा भारतको हातमा गएको स्पष्ट पार्दछ। भन्दाखेरि समानता भनिए पनि धेरै जनसङ्ख्या, ठूलो भूगोल, बढी आर्थिक विकास र सैन्य रूपमा बलियो भएका कारण यो बुँदाले नेपालको सुरक्षालाई भारतको छाताभित्र राख्छ। उसले कुनै पनि बेला सिक्किमलाई जस्तै नेपाललाई निल्न सक्छ।

'२. नेपाल सरकारले नेपालको सुरक्षाका लागि आवश्यक पर्ने कुनै पनि हातहतियार, गोलाबारुद या युद्धसामग्री र उपकरणहरू भारत सरकारको सहायता र सहमतिअनुसार भारतीय भूभाग भएर आयात गर्न सक्नेछ। भारतीय भूभाग भएर ल्याइने यस्ता हातहतियार र गोला बारुदहरू छिटो-छरितो र निर्विघ्नतापूर्वकको परिवहनका लागि भारत सरकारले उपयुक्त कदमहरू चाल्नेछ।'

यी बुँदाहरूले स्पष्ट रूपमा नेपालले आफ्नो सुरक्षाका लागि भारतबाहेक अन्तबाट हतियार ल्याउन नपाइने भनेको छ। नेपालले विदेशबाट कस्ता किसिमका हतियार ल्याएको छ, त्यसको सम्पूर्ण जानकारी भारतले राख्नेछ।

यिनै कारणहरूले गर्दा हो नेपालको प्रत्येक क्रियाकलापमा भारतको नियन्त्रण भएको। नेपालका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, सैन्य, अर्थतन्त्र र नोकरशाहीयन्त्रमाथि भारतको नियन्त्रण छ।

२००७ साल पुस २४ गते राणा र काङ्ग्रेसहरूका बीचमा दिल्लीमा सम्झौता भयो। त्यो सम्झौतामा के थियो भन्ने कुरा अहिलेसम्म बाहिर आएको छैन। २०११ साल वैशाख १२ गते कोसी सम्झौता भयो। २०१६ साल मङ्सिर १९ गते गण्डक सम्झौता भयो। गण्डक सम्झौता हुँदा सप्तगण्डकीले आफ्नो धार बदल्यो र सुस्ता-महेशपुर नेपालको बाँकी भूभागबाट अलग हुन पुग्यो। त्यो भूमिलाई अघोषित रूपमा भारतले अतिक्रमण गर्न खोजिराखेको छ। त्यहाँ नेपालीहरूले चौबिसै घन्टा भारतीय हस्तक्षेपका विरुद्ध जीवनमरणको लडाइँ लडिराखेका छन्। परासीको दुई स्थानमा गरेर अहिले भारतले १४ हजार ६ सय ७० हेक्टर जमिन अतिक्रमण गरेको छ। २०५२ साल माघ २९ गते शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर परियोजनासहित महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि भयो। २०४७ सालमा अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई पहिलोपटक अन्तरिम सरकारको प्रधानमन्त्री हुँदा भारत गएर व्यापार तथा पारवहन सन्धि, पञ्चेश्वर परियोजनाको कुरा आएसँगै यो राष्ट्रवाद जाग्यो। तत्कालीन एमालेका महासचिव मदन भण्डारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको रहस्यमय हत्यासँगै २०५३ साल असोज ४ गते भएको राष्ट्रघाती महाकाली सन्धिका पक्षमा संसद्मा मतदान गरेपछि यसको मुकुण्डो उत्रिएको थियो।

सुगौली सन्धिमा नेपालले आफ्नो ठूलो भूगोल गुमायो। अहिलेसम्म नेपालका ७१ स्थानमा नेपालको ६० हजार ६ सय २७ हेक्टर जमिन भारतले अतिक्रमण गरिरहेको जानकारी आएको छ। भारतले नेपाल-भारत सीमामा बाँध बाँधेर नेपालको विशाल भूभाग जलमग्न बनाएको छ। वर्षायाममा हजारौँको सङ्ख्यामा जनता घरबारविहीन हुन्छन्। नेपालको भूमि विभिन्न तरिकाबाट अतिक्रमित भइराखेको छ।

नेपालका मुख्य तीनवटा नदीहरूमध्ये कोसी र गण्डकीमा भारतसँग सम्झौता भइसकेको छ भने कर्णालीमा भारतमा रजिस्टर्ड भएका दुईवटा कम्पनीहरू जीएमआर इनर्जी लिमिटेड-जीईएल र जीएमआर इन्फ्राक्चर लिमिटेड-जीआईएलसँग जलविद्युत् आयोजनासम्बन्धी सम्झौता भइसकेको छ। अरुण ३ भारतीय सतलज जलविद्युत् कम्पनीले २५ वर्षका लागि लिएर निर्माण सुरु गरिसकेको छ। त्यसैगरी कोसी उच्च बाँध पनि भारतलाई दिइएको छ।

## सुगौली सन्धिपछिको अतिक्रमण विवरण

सुगौली सन्धिपछि पनि भारतले लगातार नेपालको भूभागमा अतिक्रमण गर्ने क्रम कायम नै छ। सीमाविद् बुद्धिनारायण श्रेष्ठले भारतले सिमाना जोडिएका नेपालका २६ वटा जिल्लामध्ये २१ वटा जिल्लाका ५४ ठाउँको भूभाग जम्माजम्मी क्षेत्रफलको ११ लाख ७९ हजार रोपनी मिचिएको उल्लेख गर्नुभएको छ। तर पछिल्लो जानकारीमा ८५ स्थानमा सीमा अतिक्रमण भएको भनिएको छ। ती ८५ स्थानमध्ये ६६ स्थानका नाम र जिल्लाको नाम माथिको तालिकामा दिएको छ। त्यसैगरी भारतीय सीमावर्ती बाँध तथा तटबन्धन गरी नेपालको भूमि अतिक्रमण गरिएका स्थानहरू यसप्रकार छन् :

१. लक्ष्मणपुर बाँध (बाँके), २. महलीसागर बाँध (कपिलवस्तु), ३. रसियाखुर्दलोटन-जोर्ती तटबन्ध (रूपन्देही), ४. पञ्चेश्वर बाँध (बैतडी), ५. पूर्णागिरि बाँध (डँडेल्धुरा), ६. टनकपुर (कञ्चनपुर), ७. शारदा बाँध (कञ्चनपुर), ८. कैलाशपुरी (बर्दिया-कैलाली), ९. कोइलाबास बाँध (दाङ), १०. डण्डा-फरेना तटबन्ध (रूपन्देही), ११. गण्डक बाँध (नवलपरासी), १२. लालबकैया तटबन्ध (रौतहट), १३. वैरगनिया-चक्र तटबन्ध (रौतहट), १४. बागमती तटबन्ध (रौतहट-सर्लाही), १५. कमला तटबन्ध (धनुषा-सिराहा), १६. सिराहा तटबन्ध (सिराहा), १७. खाँडो तटबन्ध (सप्तरी), १८. कलौनी तटबन्ध (सप्तरी), १९. कोसी बाँध (सप्तरी-सुनसरी), २०. कोसी उच्च बाँध (सुनसरी) र लुना तटबन्ध (मोरङ) छन्।

यसबाट नेपालमा सुगौली सन्धिका कारण भारतले आफ्ना जनता, सशस्त्र बलको माध्यमबाट, जङ्गेपिलर सारेर, सीमावर्ती बाँध वा तटबन्धहरू कारण आदिले नेपालको भूगोल वा जमिन अतिक्रमण गरेको पाइएको छ। वर्षामा तराई–मधेसको खेतीयोग्य भूमि डुबानमा पर्ने गरेको छ। अहिले आएर त झन् नेपाल–भारतको सिमानामा भारतले अन्तर्राष्ट्रिय कानुनविपरीत ८ मिटर अग्लो पूर्व–पश्चिम बाटो बनाउनाले पनि नेपाली भूमि डुब्ने गरेको छ।

## नेपालको अर्थतन्त्रमा भारतीय प्रभाव

नेपाल टेलिभिजनमा समाचार प्रसारण गर्नुअगाडि मात्र दिइने १० वटा विज्ञापनमध्ये नौवटा भारतीय बहुराष्ट्रिय कम्पनीबाट उत्पादित वस्तुहरू हुन्छन्। उदाहरणका लागि सनसिल्क स्याम्पु, पेप्सोडेन्ट टुथपेस्ट, डाबर कम्पनीका उत्पादनहरू, हर्लिक्स, कोलगेट टुथपेस्ट, क्लिनिक प्लस स्याम्पु, हेयर एन्ड केयर तेल आदि नियमित दिइने विज्ञापनहरू हुन्। नेपाल टेलिभिजन जुन सरकारी टेलिभिजन हो, ले समाचारको पूर्ण पाठभन्दा ठीक अगाडि दिएका दसवटा विज्ञापनमध्ये नौवटा विज्ञापन हिन्दी भाषामा त्यहाँका कम्पनीहरूले भारतमै उत्पादन गरेका हुन्। तर विज्ञापनमा प्रयोग गरिएका संवाद नेपालीमा डबिङ मात्र गरिएका हुन्।

यसरी सञ्चारमाध्यमहरूले प्रसारण गर्ने विज्ञापनहरूको दुईवटा अर्थ निकाल्न सकिन्छ : पहिलो र महत्वपूर्ण अर्थ हुन्छ, नेपालको अर्थतन्त्रमा भारतीय प्रभाव अत्यधिक छ। नेपालको बजार भारतीय बहुराष्ट्रिय कम्पनीका उत्पादनले भरिएका छन्। दोस्रो, भारतीय बहुराष्ट्रिय कम्पनीले नेपाल टेलिभिजनको अर्थतन्त्रमा पनि एकलौटी पकड जमाएको छ। सरकारी टेलिभिजनमा त यस्तो छ भने गैरसरकारी सञ्चारमाध्यमको अवस्था के होला ? सजिलै अनुमान गर्न सकिन्छ। यसले भारतीय उत्पादनले नेपाली बजार मात्र कब्जा गरेका छैनन्, यहाँका ठूला सञ्चारमाध्यमहरूलाई पनि किनेका छन्। यसो हुनाका कारणहरू केके हुन् त ?

नेपाल र भारतबीच नौपटक व्यापार तथा पारवहन सन्धि भएको छ। सबै किसिमका सन्धिहरूमा व्यापार र पारवहन सन्धि नै सबैभन्दा धेरैपटक भएको सन्धि हो। यिनै सन्धिहरूका कारण नेपालको प्राकृतिक सम्पदा, यहाँको उत्पादन, आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रहरू भारतको एकलौटी भएका छन्। २००७/००८ फेडेरेसन अफ नेप्लिज च्याम्बर्स अफ कमर्स एन्ड इन्डसिट्रस (एफएनसीसीआई) ले नेपाल र विश्वका तथ्याङ्कहरूको प्रोफाइल बाहिर ल्याएको छ। त्यसले एउटा सर्वेक्षण पनि प्रकाशित गरेको छ।

नेपालको वैदेशिक व्यापारको दिशा

| - | निर्यात | | | आयात | | | व्यापार सन्तुलन | | | व्यापारको आयतन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मूल्य दस लाखमा | जम्मा | भारत | अन्य देश | जम्मा | भारत | अन्य देश | जम्मा | भारत | अन्य देश | जम्मा | भारत | अन्य देश |
| | ६०७८७.५ दस लाखमा | ३८६२६.४ दस लाखमा | २२१६१.१ दस लाखमा | २२६११६.० दस लाखमा | १४४५२४.१ दस लाखमा | ८१५९१.९ दस लाखमा | -१६५३२८.५ दस लाखमा | -१०५८९७.७ दस लाखमा | -५९४३०.८ दस लाखमा | २८६९०३.५ दस लाखमा | १८३१५०.५ दस लाखमा | १०३७५३..० दस लाखमा |
| प्रतिशत | १०० | ६३.५ | ३६.५ | १०० | ६३.९ | ३६.१ | १०० | ६४.१ | ३५.९ | १०० | ६३.८ | ३६.२ |

यसमा दिइएको वैदेशिक व्यापारको आँकडालाई अध्ययन गरौँ :

नेपालले आर्थिक वर्ष सन् २००७/०८ मा ६० अर्बबराबरका नेपाली उत्पादनका वस्तुहरू बाहिर पठाएको देखिन्छ। त्यसमध्ये ३८ अर्ब ६२ करोड २६ लाख ४ हजारको सामान भारतमा मात्र निर्यात हुने गरेको छ। यो समग्र निर्यातको ६३.५ प्रतिशत हुन आउँछ। यसले भारत नेपाली उत्पादनको सबैभन्दा ठूलो बजार भएको देखाउँछ। नेपालमा उत्पादित वस्तुको लगभग दुईतिहाइ निर्यात भारतमा हुन्छ। यो तथ्याङ्कले नेपालमा उत्पादित वस्तुहरूको यति ठूलो बजार भारत हुनुको कारण खोजेको छ।

एफएनसीसीआईले तयार पारेको माथिको तालिका अध्ययन गर्ने हो भने नेपालले भारत निर्यात गरेको वस्तुको आर्थिक वर्ष १९९७/०९८ देखि आर्थिक वर्ष २००६/०७ सम्मको वैदेशिक व्यापारको प्रवृत्तिको अध्ययन गर्दा नेपालको भारतसँगको व्यापार बढ्दो मात्र होइन, एकलौटी हुँदै गएको छ। आयातको मात्रा निर्यातभन्दा झन् ठूलो छ। यो मात्रा निर्यातको भन्दा ३.७४ गुणा अर्थात् लगभग चार गुणा ठूलो छ। नेपालले विदेशबाट २ खर्ब २६ अर्ब ११ करोड ६० लाखबराबरको सामान आयात गर्दछ। त्यसमध्ये भारतबाट मात्र १ खर्ब ४४ अर्ब ५२ करोड ४१ लाखबराबरको सामान आयात गर्दछ। यो सम्पूर्ण आयातको ६३.९ प्रतिशत हुन आउँछ। भारतसँगको व्यापार सन्तुलन ६४.१ प्रतिशतको छ।

| विवरण | १९९७/९८ | १९९८/९९ | १९९९/०० | २०००/०१ | २००१/०२ | २००२/०३ | २००३/०४ | २००४/०५ | २००५/०६ | २००६/०७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| निर्यात प्रतिशत | ३२.० | ३५.१ | ४२.६ | ४६.८ | ५९.६ | ५२.९ | ५७.१ | ६६.३ | ६७.६ | ७०.३ |
| आयात प्रतिशत | ३०.७ | ३६.७ | ३६.६ | ३९.१ | ५२.७ | ५७.० | ५७.८ | ५९.३ | ६१.७ | ५९.५ |

नेपालको भारतसँगको व्यापारको प्रकृतिलाई हेर्ने हो भने यो घाटामा छ। १९९७/९८ मा निर्यात ३२ प्रतिशत थियो भने आयात ३०.७ प्रतिशत थियो। देश विकासतिर बढ्नका लागि आयात कम र निर्यात बढी हुनुपर्दछ। १९९८/९९ निर्यात र आयात दुवै बढेको छ। दुवै क्रमशः ३५.१ र ३६.७ छ। अन्य देशसँगको व्यापार घट्दै जाने र भारतसँगको आयात र निर्यात दुवै क्रमशः बढ्दै जानुले नेपालमा भारतको एकलौटी बजार स्थापना भइराखेको देखाउँछ। १० वर्षमा निर्यात बढेर ७०.३ र आयात बढेर ५९.५ प्रतिशत भएको छ।

| क्र. सं. | विवरण | जम्मा सङ्ख्या | जम्मा लगानी | भारतीय लगानी | भारतीय सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | सञ्चालित | ४०१ | ३९८३६.५७ दस लाखमा | १३४६८.२१ दस लाखमा | ११८ |
| २. | निर्माण | १८६ | ११७२८.६९ दस लाखमा | २२४७.५० दस लाखमा | ३२ |
| ३. | अनुमति प्राप्त | १२४ | १०३८८.०९ दस लाखमा | २७८७.७७ दस लाखमा | ३९ |
| ४. | स्वीकृत | ६१९ | २३३०३.०३ दस लाखमा | ११७४१.११ दस लाखमा | १६४ |

... बाँकी पृष्ठ ४ मा

# नेपालको राष्ट्रियतामा ...

भारतमा उत्पादित वस्तुको नेपालमा एकछत्र बजार त छ नै, साथै नेपालमा वैदेशिक संयुक्त लगानीका उद्योगहरूमा पनि भारतको वर्चस्व छ। नेपालमा अहिले ४०१ वटा यस्ता कम्पनीहरू सञ्चालित छन्। तीमध्ये भारतको मात्र १ सय १८ वटा छन्। निर्माणमा मात्र १ सय ८६ वटा बहुराष्ट्रिय कम्पनीहरू छन्। त्यसमध्ये भारतको ३२ वटा छन्। अनुमति प्राप्त १ सय २४ मा भारतको ३९ वटा र स्वीकृत प्राप्त ६ सय १९ वटामा भारतको १६४ वटा छन्। यति मात्र होइन, नेपालमा रहेका बहुराष्ट्रिय कम्पनीअन्तर्गतका वित्तीय संस्थाहरूमा भारतको सङ्ख्या नै बढी छ। बहुराष्ट्रिय कम्पनीका सातवटा वाणिज्य बैङ्कहरूमा भारतका दुईवटा छन्। पाँचवटा बीमा संस्थामा तीनवटा भारतीय छन्।

वैदेशिक व्यापारको दिशा (रु. १० लाखमा)

| शीर्षक | २०१७/०१८ | | २०१८/०१९ | | २०१९/०२० | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक | दुई महिना | वार्षिक | दुई महिना | दुई महिना | २०१८/०१९ | २०१९/२० |
| जम्मा आयात | ८१३५९.८ | १३६०६.२ | ९७१०९.५ | १४६९९.० | १८५०१.९ | ८.० | २५.९ |
| भारततिर<br>चीनतिर<br>अन्य देशतिर | ४६६७१९.८<br>२४३७.७<br>३२२०२.३ | ७३३०.५<br>३१५.६<br>५९६०.१ | ६२७३१.८<br>२१०९.८<br>३२२६७.९ | ८३२४.७<br>३५१.६<br>६०२२.७ | १२१५२.३<br>२९०.४<br>६०५९.१ | १३.६<br>११.४<br>१.१ | ४६.०<br>–१७.४<br>०.६ |
| जम्मा निर्यात<br>भारतबाट<br>चीनबाट<br>अन्य देशहरूबाट | १२४५१०३.२<br>८१४१०१.६<br>१५९९८७.१<br>२७१०१४.५ | १६७७३८.६<br>१०५२८९.८<br>२५७३५.३<br>३६७१३.५ | १४१८५३५.३<br>९१७९०९.३<br>२०५५२७.४<br>२९५०९८.६ | २३२३४६.६<br>१४६२२०.८<br>२९१३२.६<br>५६९९३.३ | २२९५०३.७<br>१४३२३२.८<br>४०५६३.८<br>४५७०७.१ | ३८.५<br>३८.९<br>१३.२<br>५५.२ | –१.२<br>–२.०<br>३९.२<br>–१९.८ |
| जम्मा व्यापार<br>सन्तुलन<br>भारतसँग<br>चीनसँग<br>अन्य देशसँग | –११६३७४३.४<br>–७६७३८१.८<br>–१५७५४९.४<br>–२३८८१२.२ | –१५४१३२.४<br>–९७९५९.२<br>–२५४१९.८<br>–३०७५३.४ | –१३२१४२५.७<br>–८५५१७७.५<br>–२०३४१७.६<br>–२६२८३०.६ | –२१७६४७.६<br>–१३७८९६.१<br>–२८७८१.०<br>–५०९७०.५ | –२११००१.८<br>–१३१०८०.५<br>–४०२७३.३<br>–३९६४८.० | ४१.२<br>४०.८<br>१३.२<br>६५.७ | –३.१<br>–४.९<br>३९.९<br>–२२.२ |
| जम्मा विदेशी<br>व्यापार<br>भारतसँग<br>चीनसँग<br>अन्य देशहरूसँग | १३२६४६३.०<br>८६०८२१.४<br>१६२४२४.८<br>३०३२१६.८ | १८१३४४.९<br>११२६२०.३<br>२६०५०.९<br>४२६७३.७ | १५१५६४४.८<br>९८०६४१.१<br>२०७६३७.२<br>३२७३६६.५ | २४७०४५.८<br>१५४५४५.६<br>२९४८४.२<br>६३०१६.० | २४८००५.६<br>१५५३८५.२<br>४०८५४.२<br>५१७६६.२ | ३६.२<br>३७.२<br>१३.२<br>४७.७ | ०.४<br>०.५<br>३८.६<br>–१७.९ |

*Corrent Macroeconomic and Financial situation*

दस वर्षअघिको भारतसँगको व्यापार असन्तुलन, व्यापारघाटा र नेपालको व्यापारिक पुँजीको परनिर्भरतालाई हेर्दा खासै परिवर्तन भएको देखिँदैन। व्यापारघाटा बढ्दो छ। विगतका असमान सन्धि, सम्झौताका कारण नेपालको अर्थतन्त्रमा पनि नकारात्मक प्रभाव परेको छ।

नेपालको जलस्रोतमा भारतीय प्रभाव

अर्थतन्त्रमा प्रभाव पार्ने अर्को महत्वपूर्ण पक्ष जलस्रोत पनि हो। नेपालका सबैभन्दा ठूला तीनवटा नदीहरू गण्डकी, कोसी र कर्णाली र तिनीहरूका सहायक नदीहरूमा भारतले कि त सन्धि/सम्झौता गरिसकेको छ कि त त्यहाँ बाँध बाँधेर नहर बनाउनुका साथसाथै, बिजुली निकाल्नका लागि अनुमति लिइसकेको छ। २०११ सालमा नेपाली काङ्ग्रेसका सभापति मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएका बेलामा कोसी सम्झौता भएको थियो। नेपालले कोसी सम्झौताबाट कति पायो, त्यो तलको तालिकामा दिएको छ। गतसाल कोसीको तटबन्ध फुटेर भएको नोक्सानी अहिले पनि ताजै छ। यसैगरी २०१६ साल मङ्सिर १९ गते बीपी कोइराला प्रधानमन्त्री हुँदा गण्डक सम्झौता भयो। अहिलेको जल्दोबल्दो सुस्ता समस्याको एउटा कारण यो सम्झौता पनि हो। यसैगरी शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर परियोजनासमेत महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि २०५२ साल माघ २९ गते नेपाली काङ्ग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा प्रधानमन्त्री भएका बखत उनले नै हस्ताक्षर गरे। यी तीनवटै नदी भारतलाई नेपाली काङ्ग्रेसका सभापति र वरिष्ठ नेताहरूले दिए। गिरिजाप्रसाद कोइराला २०४८ साल मङ्सिर १९-२४ मा भारत भ्रमणमा गएको बेलामा कर्णाली बहुद्देश्यीय परियोजना, पञ्चेश्वर बहुद्देश्यीय परियोजना, कोसी (भीमनगर बाँध) परियोजना, सप्तकोसी बहुद्देश्यीय उच्चबाँध परियोजना, बूढीगण्डकी परियोजना, कमला-बागमती परियोजना, बाढी प्रक्षेपण तथा चेतावनी प्रणाली, बाढी सुरक्षा तटबन्धन, विद्युत् आदानप्रदान र टनकपुर बाँध परियोजनामा समझदारी भएको थियो। यहाँसम्म आइपुग्दा नेपालका प्रायः सबै नदीहरू भारतले लिइसकेको छ।

भारतले महाकाली नदीको नक्कली मुहान बनाएको बारेमा चेतेन्द्रजङ्ग हिमालीले एउटा आश्चर्यजनक प्रसङ्ग प्रस्तुत गर्नुभएको छ, 'वर्तमानमा भारतीय पक्षले लिपुलेकभन्दा तल एउटा पोखरी निर्माण गरी त्यही पोखरीको निकासका रूपमा सानो तुरतुरे कुलो बगेको छ। आमनेपाली नागरिकलाई भारतीय सेनाले देखाउने गरेको महाकाली नदी त्यही हो।'

नेपाल-भारत सन्धिअनुसार पानीको बाँडफाँट

| सन्धि/सम्झौता | वार्षिक औसत पानीको प्रवाह (क्युबिक मिटर प्रतिसेकेन्ड) | नहर क्षमताअनुसार भारतको अंश प्रतिशत | सन्धिअनुसार नेपालको अंश प्रतिशत |
|---|---|---|---|
| महाकाली | ७२५ | ५०.५५ | ३.६५ |
| गण्डक | १५९० | ५६.५ | २.१५ |
| कोसी | १५५० | ४०.६५ | १.३५ |

बहुचर्चित पञ्चेश्वर परियोजना अहिले भारतलाई दिने कुरा आइरहेको छ। विगतमा महाकाली परियोजना लागू भयो भने नेपाललाई वार्षिक १ खर्ब २० अर्ब आम्दानी हुन्छ भनिएको थियो। तर महाकाली एकीकृत परियोजनाबाट अहिले न पैसा छ, न पानी छ, न त बिजुली नै। अहिले जलस्रोतको धनी देश भनेर चिनिले नेपालमा अहिले भारतबाट ४ सय ५० मेगावट विद्युत् आयात गरेर लोडसेडिङ हटाइएको भनिएको छ। सिँचाइ नभएर खेतहरू बाँझो बस्छन्। देशको राजधानी काठमाडौँमा नै पानीको हाहाकार छ।

## नेपालमा भारतीय सांस्कृतिक अतिक्रमण

अन्य क्षेत्रमा जस्तै सांस्कृतिक क्षेत्रमा पनि भारतीय साम्राज्यवादी अतिक्रमण छ। नेपाली जनता र नेपाली नेताहरूको रुचि, आदत, चिन्तनमा भारतीय संस्कृतिको जबर्जस्त प्रभाव छ। देशको राज्यसत्ता, त्यहाँको आर्थिक प्रणालीले गर्दा त्यहाँका मान्छेको संस्कार र संस्कृति बनेको हुन्छ। कुनै देशमा अन्य देशको आर्थिक क्रियाकलाप र त्यहाँको राज्यसंरचनाले लिएको अतिक्रमणकारी नीतिसँगसँगै संस्कार पनि लागू हुन्छ। जसरी नेपालमा सञ्चालित सञ्चारमाध्यममा प्रभाव परेको छ र त्यसरी नै ती सञ्चारमाध्यमबाट प्रसारित सामग्रीहरूले भारतीय संस्कृतिको पनि प्रसारण गरिराखेका छन्। यी कुराहरू हामीले देख्न र सुन्न पाइराखेका छौँ। यसका लागि भारतीय सञ्चारमाध्यमहरूले पनि नियमित र योजनाबद्ध प्रसारण गरिराखेका छन्।

अल इन्डिया रेडियोले नेपालका पहाडी ग्रामीण क्षेत्रबाट भारतीय सेनामा भर्ना भएका जवानहरूका लागि भनेर आमा, बाबु र आफन्तका नाममा सन्देश दिने कार्यक्रम सञ्चालन गर्दछ। यो कार्यक्रमले भारतीय विस्तारवादी संस्कृतिको प्रोत्साहन गर्ने गरेको छ। भारतीय सेनामा नेपाली युवाहरू भर्ना हुनका लागि यसले प्रोत्साहित गर्दछ। यसले भारत महान् छ, नेपाल केही पनि होइन भन्ने विकृत भावना नेपाली युवाहरूमा दिन खोज्छ। आफ्नो देश केही पनि होइन, विदेश त्यसमा पनि भारत ठूलो हो, सभ्य हो महान् हो भन्ने सन्देश दिइराखेको छ। दोस्रो, देशमा भएको अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनका विरुद्ध लड्न हुँदैन। भारतले नेपालमाथि गरेको अतिक्रमणका विरुद्ध आवाज उठाउनु हुँदैन। भारतमा पैसा धेरै पाइन्छ, भारतले हामीलाई पालेको छ, ऊ हाम्रो मालिक हो, हाम्रो जीवनदाता हो भन्ने दास मनोवृत्ति फैलाएको छ। नेपाली चेलीहरूलाई देहव्यापार गराउनका लागि भनेर भारतका ठूला सहरहरूमा भारतीयहरूले कोठी बनाएका छन्।

भारतले नेपालीहरू बहादुर (दरबान, घरका चौकीदार) हुन् भन्ने फिल्म बनाएको छ। उदाहरणका लागि 'घरवाली बाहरवाली' फिल्ममा नेपाली केटीबाट जन्मिएको बच्चा सानैदेखि घरको चौकीदार बन्न रुचाएको देखाइएको छ। यसमा नेपालीको हैसियत भारतमा चौकीदार र दरबानभन्दा बढी छैन भन्ने देखाउन खोजिएको छ।

केही वर्षअघि बम्बैको फिल्म इन्डस्ट्रीमा एउटा फिल्म बन्यो, 'चाँदनी चोक टु चाइना।' त्यसमा बुद्ध जन्मिएको ठाउँ लुम्बिनी भारतमा पर्दछ भन्ने दृश्य र संवाद राखिएको थियो। यो उसले अञ्जानमा गरेको होइन। फिल्म लाखौँ नेपालीले हेरेका छन्। त्यसपछि त्यो भूमि भारतमा पार्न सजिलो हुन्छ भन्ने योजनामा नै गरेको अनुमान गर्न सकिन्छ। २०६९ सालमा

भारतीय टीभी च्यानलहरू नेपालमा बिनारोकतोक प्रसारण भइआएका छन्। यस्ता दर्जनौँ च्यानलहरू नेपालमा चलेका छन्। नेपालका सहरिया महिलाहरू यी च्यानलबाट प्रसारित धारावाहिक टेलिशृङ्खला एकै दिनमा घन्टौँ हेर्छन्। रातरातभरि हेरेर बस्छन्। 'मै कुसुम', 'क्यूँ कि सास भी कभी बहू थी', 'कसौटी जिन्दगी की' यहाँका महिलाहरूले हेर्ने मुख्य धारावाहिक टेलिशृङ्खला हुन्। उनीहरू नेपालका टेलिभिजनहरूबाट प्रसारित समाचार हेर्दैनन्। यी सिरियलहरूबाट उनीहरूले भारतीय लवाइखवाइ, रहनसहन, रीतिरिवाज सिक्छन्। वर्षमा कतिपटक जन्मदिन मनाउने, पार्टीमा जाँदा कस्तो कपडा लगाउने, कहिले कुन देउताको पूजा कसरी गर्ने, लोग्नेसँग कस्तो व्यवहार गर्ने, लोग्नेसँग केके माग गर्ने, सासूससुरासँग कसरी व्यवहार गर्ने भन्ने सिक्छन्। उनीहरूले आफ्नै संस्कार र संस्कृति भुल्छन्। कडवाचौथको पूजा थाल्छन्। राखी मनाउँछन्। फागुको सट्टा होली मनाउँछन्।

पहिलोपटक प्रचण्डको नेतृत्वको सरकारले पशुपतिबाट भारतीय भट्टलाई हटाई नेपाली भट्ट राख्ने निर्णय गऱ्यो। तर भारतले भारतीय भट्ट राख्नलाई नै दबाब दियो। यहाँका संसदीय पार्टीहरू खासगरी नेपाली काङ्ग्रेसले भारतीय भट्ट हटाउन पाइँदैन भनेर आन्दोलन नै गऱ्यो। यति मात्र होइन, सर्वोच्च अदालतले पनि माओवादी सरकारले कानुनविपरीत भारतीय भट्टलाई हटाएकाले पुनर्बहाली गर्न आदेश नै दियो। विश्वभरिका हिन्दुहरूले पूजा गर्ने पशुपतिनाथ मन्दिरमा भारतका भट्ट आएर पुजारी बन्नु भनेको यहाँको संस्कृतिमा ठाडो हस्तक्षेप हो।

नेपालको राजनीतिमा भारतीय राजनीतिक संस्कृतिको जबर्जस्ती प्रभाव परेको देखिन्छ। गत चौधबर्से संसदीय कालमा यसले फैलने मौका पायो। दल परिवर्तन गर्ने, भारतको दबाब र लोभमा राष्ट्रघाती सन्धि/सम्झौता गर्ने, संसद् किनबेच गर्ने यसका उदाहरण हुन्। सीमाविद् बुद्धिनारायण श्रेष्ठले आफ्नो किताबमा २०६० सालमा माधव नेपालले आफ्नी आमाको किरिया पनि नगरी प्रधानमन्त्री बन्नका लागि ज्ञानेन्द्रलाई बिन्तीपत्र हालेका थिए। तर भारतबाट एसडी मुनी र केभी राजनले ज्ञानेन्द्रलाई भेटेपछि ज्ञानेन्द्रले सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएको प्रसङ्ग उल्लेख गर्नुभएको छ। पैसा र घुसपैठ गरी सरकार बनाउने र ढाल्ने काम पनि भारतीय संस्कृतिको प्रभाव हो। भारतीय राजनीतिमा एउटा भनाइ छ- 'आया राम, गया राम।' सरकार ढाल्ने र बनाउने काम त अहिले पनि भारतले गरिराखेको छ। प्रचण्डको नेतृत्वको सरकार भारतकै इशारामा ढलेको सबैलाई थाहा छ।

भारतले तराईका मधेसी मूलका जनतामाथि कुदृष्टिले हेर्ने, उनीहरूलाई हत्याराका रूपमा प्रस्तुत गर्ने, उनीहरूलाई बिहारी राजनीतिबाट प्रशिक्षित गर्न कोसिस गर्ने गरेको छ। त्यसैगरी, भारतले नेपालको संस्कृतिमाथि हस्तक्षेप त्यहाँ छापिने पत्रपत्रिकामार्फत पनि गरेको छ। नेपालमा भारतीय पत्रपत्रिका बिनारोकतोक तुरुन्तै आइपुग्छन्। न तिनीहरूलाई नेपालको भन्सारले रोक्छ, न त भारतीय भन्सारले नै रोक्छ। तर नेपाली पत्रिका भारतमा जाँदै जाँदैनन् भने पनि हुन्छ।

नेपालमा भारतीय संस्कृति भित्र्याउनमा भारतीय चलचित्रको पनि ठूलो भूमिका रहेको छ। नेपालमा रहेका ३ सय ६५ वटा हलमा बिनारोकतोक हिन्दी चलचित्र लाग्छन्। बलिउडमा रिलिज भएका कुनै पनि फिल्म उत्तिखेरै नेपालमा आइपुग्छन्। यी फिल्ममा प्रायः भारतीय अन्धराष्ट्रियताको गुनगान गाइएको हुन्छ। यहाँ भारतीय फिल्म उद्योगको एकछत्र राज छ। भारतीय संस्कृतिको प्रभाव नेपालमा पार्ने पहिलो र सशक्त माध्यम उसैले बनाएको चलचित्र हो। दोस्रो, नेपालमा भारतीय फिल्मका कथाहरूलाई नेपालीमा उतार्ने काम पनि गर्न थालिएको छ। यस्ता फिल्महरूका कथावस्तु भारतीय हुन्छन्। प्रस्तुति भारतीय हुन्छ। संवाद भारतीय हुन्छ। त्यसमा प्रयोग गरिएको भाषा हिन्दी र नेपालीको वर्णशङ्कर हुन्छ। यो कुरा अहिले नेपालमा बनेका नेपाली तर हिन्दी फिल्मबाट थाहा हुन्छ। नेपाली फिल्महरूका नामहरू निशाना, हिफाजत, नसिब, धूम, निसाफ, सिलसिला, कर्मा, करण-अर्जुन बम्बै फिल्म इन्डस्ट्रीमा यसअघि बनिसकेका फिल्मका नामहरू हुन्। आर्थिक वर्ष २०६४/०६५ मा नेपालमा ४४ वटा नेपाली फिल्म बने। ती ४४ वटामध्येमा २१ वटा फिल्मको नाम हिन्दी फिल्मको नामसँग मिल्छन्। यी फिल्महरू बृहत् योजनामा बनाइएका हुन्। पछिल्लो क्रममा नेपालका टेलिभिजनले प्रसारण गर्ने टेलिफिल्महरू पनि भारतीय धारावाहिक टेलिशृङ्खलाहरूबाट प्रभावित भएको प्रस्ट रूपमा देख्न सकिन्छ।

भर्खर मात्र नेपालका प्रधान सेनापतिलाई भारतीय स्थल सेनापतिको मानार्थ पदवी दिइयो। त्यसैको पैँचोस्वरूप भारतीय स्थलसेना प्रमुख दीपक कपुरलाई पनि नेपालको मानार्थ प्रधानसेनापतिको पदवी दिइयो। छत्रमानसिंह गुरुङलाई दर्जा दिँदै गर्दा दीपक कपुरले जनमुक्ति सेनालाई समूहगत रूपमा नेपाली सेनामा समायोजन गरिनु हुन्न भनेर बृहत् शान्तिसम्झौता र अन्तरिम संविधानको बर्खिलापमा बोले। तर नेपाली प्रधानसेनापतिले त्यसको खण्डनसम्म पनि गर्न सकेनन्। भारतको पनि सेनापति भनेर सम्मान गरिएका छत्रमानलाई भारत सरकारले तोकेको र अनुमति दिएका ठाउँहरूमा मात्र घुम्न लगाइयो। तर दीपक कपुर नेपाल सरकारसँग कुनै अनुमति नै नलिई मुस्ताङका विभिन्न ठाउँहरूमा हिँडे। त्यसैले भारतले नेपाललाई दिने सम्मान र ती सम्मानका पछाडि ठूलो विविधता छ। सानो देशलाई ठूलो देशले थप शोषण गर्न सम्मान गर्दछ भन्ने छर्लङ्ग भएको छ।

संस्कृतिका नाममा भारतले धर्मबाट पनि अतिक्रमण गरेको छ। हिन्दुहरूले भन्ने गरेको चारधाम भारतमा छ। त्यहाँ गएपछि मोक्ष पाइन्छ भन्ने भ्रम पारिएको छ जब कि नेपालमा हिन्दुहरूका 'आराध्यदेव' पशुपतिनाथको मन्दिर छ। बुद्ध धर्मका प्रवर्तक बुद्धको जन्मस्थल र बुद्ध धर्मावलम्बीहरूको मुख्य तीर्थस्थल नेपालमा नै छ। भारतले परम्पराकालदेखि नै यो भ्रम उत्पन्न गऱ्यो। नेपालका टेलिभिजनहरूमा भारतका धर्मप्रचारकहरूले हिन्दी भाषामा प्रवचन दिन्छन्। नेपालमा पछिल्लो क्रममा प्रवेश गरेका सबै धर्महरू सत्य साई, ब्रह्मकुमारी, ओशो, सत्गुरु भारतमा बनेर नेपाल प्रवेश गरेका हुन्। त्यसैले पछिल्लो क्रममा नेपाली संस्कृतिलाई भारतीय संस्कृतिले विस्थापित गरिरहेको छ। मान्छेको दिमागमा नै यस्ता कुरा परेपछि देश के होला? स्वाधीनता के होला? भारतले सिक्किम त्यसै खाएको होइन।

## नेपालमाथि शैक्षिक अतिक्रमण

शिक्षा संस्कृतिको एउटा पाटो हो। नेपालमा लागू भएको वर्तमान शिक्षाप्रणालीको नीति, योजना, कार्यक्रम र लगानी सबै विदेशीको चाहनाबमोजिम हुने गरेको छ। अहिले नेपालमा लागू भएको 'सबैका लागि शिक्षा' होस् वा 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' होस्, यी दुवै नेपाल र नेपालीको चाहनाभन्दा पनि दातृराष्ट्रको चाहनाबमोजिम चलेका छन्। अहिलेको शिक्षाप्रणालीमा वैदेशिक हस्तक्षेप देख्न पाइन्छ। शिक्षामा लगाइएको दातृराष्ट्रहरूको ससर्त लगानीले नेपालको अन्तरिम संविधानको मर्मलाई पनि उल्ट्याइदिएको छ। शिक्षालाई अन्तरिम संविधानले मौलिक अधिकारका रूपमा परिभाषित गरेको छ। तर गत भदौदेखि लागू गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रममा शिक्षामा पनि निजी, सार्वजनिक र साझेदारी (पीपीपी) नीति लागू गरिएको छ। यसबाट नेपालको संविधानलाई पनि विदेशी संस्थाहरूले उल्ट्याउन सक्छन् भन्न सकिन्छ। तर यसको प्रभावकारी प्रतिरोध हुन सकेको छैन। यस विषयमा अन्यत्र विस्तृत छलफल गर्न सकिन्छ।

ठीक त्यसैगरी नेपालको शिक्षाप्रणाली र शिक्षामा भारतको प्रभाव पनि छ। नेपालका पुराना धेरै नेताहरू भारतको बनारसमा पढेका छन्। भारतले नेपालका ठूला संसदीय पार्टीका नेताका छोराछोरीहरूलाई छात्रवृत्तिका नाममा भारत पढ्न पठाउने-बोलाउने व्यवस्था गरेको छ। यहाँ नाम नभनौँ, उनीहरू त्यहाँ पढ्दैनन्, मात्र नेपालको राजनीतिमा कसरी प्रभाव पार्ने भन्ने सिक्छन्। रुड्की, जवाहरलाल नेहरू विश्वविद्यालयमा पढ्नेहरूलाई भारतले विशेष सुविधा दिएर सिकाएको पनि हुन्छ। यसको राम्रो उदाहरण नेपालको शान्तिप्रक्रिया, तत्कालीन सात दल र माओवादीबीचको बृहत् शान्तिसम्झौता र अन्तरिम विधायिकासम्मका क्रममा कुनै अमूक व्यक्ति अन्तरिम विधायक हुनु, उसको प्रत्येक वार्ता र छलफलमा उपस्थिति हुनुले प्रस्ट पार्दछ- भारतले किन पढाउँछ भन्ने कुरा!

नेपालका विश्वविद्यालय स्तरका सबै किताबहरू भारतमा सम्पादन गरिन्छन्। नेपालमा त विश्वविद्यालयहरूद्वारा पाठ्यक्रम र पाठ्यांश मात्र तोकिन्छन्। नेपाली भाषाका किताबहरू मात्र यहाँ सम्पादन गरिन्छ। एसएलसी, उच्च माध्यमिक विद्यालय र विश्वविद्यालयका प्रश्नपत्रहरू भारतका प्रेसमा छापिन्छन्।

नेपालमा अहिले विभिन्नखाले भारतीय विद्यालयहरू खोलिएका छन्। ती विद्यालयहरू शिक्षा मन्त्रालय, शिक्षा विभाग वा जिल्ला शिक्षा कार्यालयमा दर्ता गरिएका थिएनन्। काठमाडौँमा नै यस्ता विद्यालयहरू छन्। मैतीदेवीमा लर्ड बुद्ध क्याम्पससम्म छ। चोभारमा रहेको मोडर्न इन्डियन स्कुल, जोरपाटीमा रहेको राय स्कुल, डीएभी केडिया, केन्द्रीय विद्यालय लाजिम्पाट, साङ्ग्रिला, गुरुकुल आश्रम छन्। यी विद्यालयहरूले नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक लागू गर्दैनन्। यी विद्यालयलाई नेपालको शिक्षा ऐन, नियमावलीले केही असर पार्दैन। यस्ता विद्यालयमा नेपालका ठूला भनिएका संसदीय पार्टीका ससाना छोराछोरी पढ्छन्। यहाँ माथिल्लो स्तरका नोकरशाहका छोराछोरी, बिग हाउस भनेर चिनिने मिडियाका सम्पादकका छोराछोरी पढ्छन्। नेपालमा नै रहेका यी विद्यालयहरूले 'सयौँ फूलका थुङ्गा हामी' भन्ने राष्ट्रिय गीतको साटो 'जन गण मन अधिनायक भारत हे भाग्यविधाता' भन्ने गीत गाउँछन्। दुःखको कुरा के हो भने तिनै बोर्डिङ स्कुलहरूलाई आजभन्दा ३ वर्षअगाडि अहिलेका शिक्षामन्त्री जो त्यस समयमा पनि शिक्षामन्त्री नै थिए, उनले २०७२ साल कात्तिक १७ गते पत्रकार सम्मेलन गरेर भनेका थिए, 'अनुमति नलिई सञ्चालनमा रहेका विद्यालय एवम् विदेशी शिक्षा बोर्डका शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका शिक्षण संस्थानलाई नीतिगत एवम् कानुनको दायराभित्र ल्याउन र नआउनेलाई कानुनी कारबाही गर्ने।'

गोरखापत्र १८ कात्तिक, २०७२

गिरिराजमणि पोखेलले भारतीय विद्यालयहरूलाई दिएको यस्तो सुविधाका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रेले त्यही सालको माघको तेस्रो साता लैनचौरमा दिएको पार्टीमा खुलेर प्रशंसा गरेका थिए।

भारतीय बोर्डहरू सीबीएसई र आईसीएसईको सम्बन्धन प्राप्त विद्यालयहरूमा यी बोर्डहरूले बनाएका पाठ्यक्रमहरूमा आधारित भएर रत्न संसार प्रकाशनले विभिन्न कक्षाको इन्टिग्रेटिड सोसल स्टडिज, माई बिग बुक अफ सोसल स्टडिजजस्ता सामाजिक विज्ञानका पुस्तकहरू तयार पारी प्रकाशित गरेको छ। सीबीएसई र आईसीएसई भारतीय बोर्डहरू भएकाले उक्त बोर्डको विद्यालय तहका सामाजिक शिक्षाको पाठ्यपुस्तकमा राखिएको पाठ र पाठ्यांशहरूमा भारतीय राजनीति, संस्कृति, इतिहास र भूगोलसम्बन्धी जानकारी राखिनु अस्वाभाविक होइन। सीबीएसई र आईसीएसई भारतीय बोर्डहरू भएकाले र तिनीहरूकै सम्बन्धका आधारमा भारतका लागि पाठ्यपुस्तक तयार पारिने भएकाले त्यहाँ पढाइने पाठ्यसामग्रीहरूमा 'हाम्रो सुन्दर देश भारत, हाम्रो देशका राष्ट्रपिता बापु (महात्मा गान्धी), हाम्रा नेताहरू जवाहरलाल नेहरू, राजेन्द्रप्रसाद, डाक्टर अम्बेड्कर जस्ता पाठ राखिनु, उनीहरूका जीवनी र परिचयहरू यी पाठ्यपुस्तकमा राख्नु पनि अन्यथा होइन। यसै सन्दर्भमा कक्षा २ को माई बिग बुक अफ सोसल स्टडिजमा 'हाम्रा राष्ट्रिय चिह्नहरू' को शीर्षकमा राष्ट्रिय जनावर बाघ, राष्ट्रिय चरा मयूर, राष्ट्रिय झन्डा तिरङ्गा, राष्ट्रिय फूल कमल, चारवटा सिंह, अशोकको चक्रअङ्कित र सत्य मेव जयते लिखित राष्ट्रिय प्रतीक, राष्ट्रिय गान जन गण मन... को परिचय राखिएको छ। नेपालका बालबालिकालाई यस्ता पाठ्यसामग्री अध्ययन गराउँदा कलिलो मनोविज्ञानमा पर्ने असर कस्तो होला? तर विडम्बना! यहाँ यस्तो भइराखेको छ।

डीएभीजस्तै माथि उल्लेख गरिएका विद्यालयहरूले बर्सौंदेखि राजधानीमा यस्ता विद्यालयहरूका बालबालिकालाई पढाउँदै आइरहेको कक्षा ६ को इन्टिग्रेडेड सोसल स्टडिज बुक ६ को पृष्ठ सङ्ख्या ४५ को 'नयाँ विचारको विकास' पाठको प्रथम र द्वितीय हरफमा 'लगभग इसापूर्वको छैटौँ शताब्दीमा, झन्डै २५०० वर्षअगाडि, भारतमा दुईजना महान् मानवहरूको जन्म भएको थियो। तिनीहरू गौतम बुद्ध र महाबीरा भर्दमन थिए। तिनीहरूका शिक्षाहरूले बौद्ध र जैन धर्मको जन्म दिएका थिए।'

'गौतम बुद्धको नामबाट बौद्धधर्मको नाम राखियो। उनको वास्तविक नाम सिद्धार्थ थियो। उनी लुम्बिनीमा जन्मिएका थिए', भनी पढाइराखिएको छ। यति मात्र होइन, सगरमाथा, कञ्चनजङ्घा र अन्नपूर्ण हिमाल भारतीय हिमालय शृङ्खलामा पर्दछन् भनी पनि पढाइएको छ। 'अन्नपूर्ण र कञ्चनजङ्घा हिमाल गङ्गा र ब्रह्मपुत्र नदीको उद्गम हिमनदी रहेको हिमाली शृङ्खलामा पर्दछन्', भनिएको छ। बिसौँ वर्षदेखि यस्ता पाठहरू पढाइँदासम्म पनि यहाँको सरकार, शिक्षा मन्त्रालय मौन छन्। यसरी मौन बस्नु र कुनै चासो नदेखाउनुको पछाडिको नियत के हो? हामीले के पढिराखेका छौँ, के पढाइराखेका छौँ र के अनुगमन गरिराखेका छौँ? कुरा नेपालको मात्र होइन, सीबीएसई बोर्डको सम्बन्धन विश्वका २१ वटा राष्ट्रका १० हजार विद्यालयमा छ। ती विद्यालयहरूमा १ करोड ३० लाख विद्यार्थी पढ्छन्। नेपाललाई चिनाउने हिमशिखर, राष्ट्रिय सम्पदा, सांस्कृतिक धरोहरहरूका बारेमा भ्रामक र राष्ट्रियताप्रति नै आँच आउने पाठ्यसामग्री पढाइएको जानकारी पाएपछि राष्ट्रिय सतर्कता केन्द्रले शाखा अधिकृत हुमनाथ पराजुलीको संयोजकत्वमा नासु उमेशकुमार मेहता, प्रहरी नायव निरीक्षक धनबहादुर गोदार सदस्य रहेको अध्ययन टोली बनाएको थियो। उक्त टोलीले 'नेपालको लुम्बिनीलाई सन् १९९७ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको तथ्य भारतका विद्यालयका लागि पाठ्यक्रम तयार गर्ने त्यहाँका प्रबुद्ध वर्गलाई गौतम बुद्ध नेपालमा जन्मेको र लुम्बिनी नेपालमै पर्ने तथ्य अवश्य पनि जानकारी भएकै हुनुपर्छ। त्यसैले भारतीय विद्यालयहरू तथा सीबीएसईको पाठ्यक्रम लागू भएका यस्ता प्रकृतिका नेपालका कतिपय विद्यालयहरूमा यस्ता विषयहरूलाई विवादास्पद रूपमा प्रस्तुत गरिनु अवश्य पनि दुवै मुलुकका लागि हितकर देखिँदैन। यस्ता संवेदनशील विषयमाथि दुवै पक्षबीच कूटनीतिक तवरबाट छलफल गरी बेलैमा स्पष्ट धारणा नबनाउने हो भने यस्ता विषयले कालान्तरमा छिमेकी राष्ट्रसँगको सद्भाव बिग्रन गई आपसी सम्बन्धमा नै चिसोपन आउने सम्भावना देखिन्छ' भन्ने निष्कर्ष निकालेको छ। साथै सीबीएसईअन्तर्गत नेपालको राष्ट्रियतामा आँच आउने खालका पाठ्यपुस्तक तुरुन्त खारेज गर्नका लागि पत्राचार गर्न परराष्ट्र मन्त्रालय, शिक्षा मन्त्रालयलाई चिठी लेख्यो। उक्त चिठीमा पाठ्यक्रममा रहेका ती सामग्रीहरू तत्काल नै हटाइएन भने नेपाल र छिमेकी राष्ट्रबीचको सम्बन्ध चिसिन सक्छ पनि भनियो। तर अहिलेसम्म केही पनि भएको छैन। ती विद्यालयहरू चलेकै छन्। त्यस्ता पाठ्यपुस्तकहरू पढाइ नै राखिएको छ।

सूर्यबहादुर थापा २०५४ सालमा प्रधानमन्त्री हुँदा भारतका कुनै पनि नागरिकले सेवाको दृष्टिले तीन करोडसम्मको लगानीमा नेपाल सरकारको अनुमतिबिना नै संस्थाहरू खोल्न पाउने सहमति दिइयो। स्कुल सेवामूलक संस्था भएकाले नेपालमा भारतका कुनै पनि नागरिकले यहाँ स्कुल खोल्न सक्छन्। त्यसैले यस्ता विद्यालयहरू खोलिएका छन्। यसले नेपालको शिक्षामा भारतीय प्रभाव निकै बढाएको छ।

अहिले भारतका राजदूतको नियमित काम भनेको नेपालका तराई, पहाड, हिमालमा स्कुलहरूको शिलान्यास र उद्घाटन गर्ने हो। उनी कहिले अपरमुस्ताङ पुग्छन् त कहिले तराईका फाँटहरूमा। नेपालका प्रायः सबै जिल्लामा यस्ता विद्यालयहरू बनेका छन्। यसको तथ्याङ्क पनि सरकारसँग छैन। यसरी विद्यालय उद्घाटन गर्न जान उनलाई नेपाल सरकारको अनुमति लिनुपर्दैन।

२०६० कात्तिक २१ मा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा र भारतीय प्रधानमन्त्री अटलबिहारी बाजपेयीबीच ३ करोड रुपैयाँसम्मका 'साना परियोजना' नेपाल सरकारको सहमतिबिना नै भारतीय दूतावासमार्फत खर्च गर्नसक्ने सहमति भएको थियो। त्यो सीमा २०६५ सालमा अर्थमन्त्री डा. बाबुराम भट्टराईले ५ करोड पुऱ्याएका थिए। यसै सहमतिलाई आधार मानेर भारतका राजदूतहरू नेपालका हिमाल, पहाड र तराई जहाँतहीँ विद्यालय भवनको शिलान्यास र उद्घाटन गर्दै हिँड्छन्। भारतका राजदूतहरू यस्ता कार्यक्रमहरूमा विद्यालयको उद्घाटन मात्र गर्दैनन्, कसको सरकार बनाउने र कसको सरकार ढाल्ने भन्नेसम्मका भाषण दिँदै हिँड्छन्। मूलतः नेपालका हिमाली क्षेत्रहरूमा तिब्बतविरोधी गतिविधिहरूका आधार पनि तयार पार्छन्।

उपसंहार

भारतले जहिले पनि नेपालमा अप्ठ्यारो परेका बेलामा यहाँका शासकहरूलाई सत्ता टिकाइदिन्छु वा कसैलाई सरकारमा पुऱ्याइदिन्छु वा फलानाको सरकार ढालिदिन्छु भनेर सन्धि/सम्झौता गरेको पाइन्छ। सुगौली सन्धिपछि भारतले नेपालमा आफ्नो उपनिवेश लाद्यो। कहिले राणा शासन टिकाइदिन्छु भनेर, कहिले काङ्ग्रेसको सरकार बनाइदिन्छु भनेर, कहिले पञ्चायत टिकाइदिन्छु भनेर, कहिले पञ्चायत ढालिदिन्छु भनेर त कहिले राजाको शासन ढालिदिन्छु भनेर भारतले नेपालसँग असमान सन्धिसम्झौता गरेको देखिन्छ। तर यसमा कहिल्यै पनि नेपाल र नेपाली जनताको हित भएन। भारतले नेपालको प्राकृतिक सम्पदामाथि एकलौटी दोहन गर्नका लागि यस्ता सन्धिसम्झौता गरेको देखिन्छ। पछिल्लो क्रममा उसले नेपाललाई नै निल्ने योजना बनाएको आभास हुन्छ। उसले बिनायुद्ध नेपाली भूभाग निल्न खोजेको छ।

मूल रूपमा सुगौली सन्धिपछिका सबैजसो शासकहरूले अङ्ग्रेज वा भारतीय शासकहरूका सामु घुँडा टेकेको सत्यलाई माथिका तथ्यहरूले पुष्टि गर्छन्। साथै भारतीय प्रभाव नेपालको सिङ्गो सार्वभौमिकतामा परेको पुष्टि पनि गर्छ। नेपालको राजनीति, आर्थिक, भौगोलिक, सांस्कृतिक मात्र नभएर ससाना कुरामा पनि परेको स्पष्टै देख्न सकिन्छ। अहिले आएर भारतको सबैभन्दा बढी रहनुका साथै अमेरिकाको हैकम पनि बढेर गएको छ। त्यो पछिल्लो क्रममा एमसीसीमार्फत हिन्द-प्रशान्तीय रणनीति लागू गर्ने लक्ष्य देखिन्छ। यो पनि चुनौतीकै रूपमा देखापरेको छ। भारतीय होस् वा अन्य कुनै देशको हस्तक्षेप अतिक्रमणलाई वर्तमान सरकारले सामान्य प्रतिक्रियामा मात्र सीमित गरेको छ। यस्तो लाग्छ, उसको काम भनेको अहिले देशमा देखापरेका राष्ट्रियताको समस्या उसले उत्पन्न गरेको होइन, यसअघिका सरकार र सत्ताले समाधान नगरेको हो। त्यसैले उसले केही पनि गर्नुपर्दैन।

अहिले सबै नेपाली देशभक्त शक्ति एक भएर भारतलगायत नेपालमाथि हस्तक्षेप, अतिक्रमण गर्ने सबैका विरुद्ध लड्नुपर्छ। अहिलेसम्मका तथ्य र परिघटनाहरूले यो पनि साबित गरेका छन्- अहिलेसम्मका राज्यप्रणालीहरू देश र जनताका पक्षमा छैनन्। संविधान घोषणाको ४ वर्ष र चुनाव भएर दुईतिहाइको सरकार गठन भएको २३ महिना लाग्दै गर्दा राष्ट्रियताका समस्या झनै जटिल भएर गएका छन्। यी घटना र परिघटनाले वर्तमान राज्यप्रणालीमाथि नै प्रश्नचिह्न लाग्न थालेको छ। त्यसैले पनि सबै देशभक्त शक्तिहरू एक भएर देशभक्तिपूर्ण आवाजलाई सशक्त बनाउन जरुरी भइसकेको छ।

*(राष्ट्रिय जागरण मञ्चका संयोजक लोहनीले एक कार्यक्रममा प्रस्तुत गरेको 'नेपालको राष्ट्रियतामा भारतीय प्रभाव' शीर्षकको कार्यपत्र नेपालको राष्ट्रियताको जल्दोबल्दो विषय भएकाले शीर्षक र सामान्य भाषिक-व्याकरणिक सम्पादन गरी प्रकाशन गरिएको हो- **सम्पादक**।)*

# मुद्राका पाँचवटा कार्य


अनुवाद : भेषराज भुसाल

मुद्राका पाँचवटा कार्य एकएक गरेर विकसित भए।

मुद्राको गुण यसका कार्यहरूद्वारा व्यक्त हुने गर्दछ। मुद्राका पाँचवटा कार्य हुन्छन् जुन माल विनिमयको क्रममा विकसित भएका हुन्। ती कार्य हुन् :

(१) मूल्यको एकाइ (२) विनिमयको माध्यम (३) भुक्तानको मानव (४) मूल्यको भण्डार तथा (५) सार्वभौमिक मुद्राका रूपमा काम गर्नु। यीमध्ये मूल्यको एकाइ र विनिमय माध्यमको रूपका कार्य आधारभूत कार्य हुन्। यद्यपि यी सबै मुद्राको आविभोवसँगै विकसित भएका हुन्।

मुद्राको पहिलो कार्य मूल्यको एकाइको रूपमा हो। जुनप्रकार वस्तुहरूको लम्बाइ नाप्नका निम्ति पटरीको प्रयोग गरिन्छ त्यसैप्रकार मालहरूको मूल्य नाप्नका लागि मुद्राको प्रयोग गरिन्छ। मूल्यको मापनका रूपमा कार्य गरिरहेको मुद्रा अवधारणात्मक मुद्रा हुन सक्छ। अर्थात् जब मानिसहरू मालहरूको मूल्य मापन गर्नका लागि मुद्राको प्रयोग गर्छन् तव उनीहरूका हातमा मुद्रा हुनु आवश्यक छैन। उदाहरणका निम्ति कुनै कुर्सी दस युआन चीनको मुद्राको छ तर यो बनाउनका लागि कुर्सीमाथि दस युआन राख्न आवश्यक छैन। जब मालहरूको मूल्य मुद्राका रूपमा अभिव्यक्त हुन पुग्छ तब ती मालहरूका दाम हुन्छन्। मालहरूको दाम दुईवटा कारकबाट निर्धारित हुन्छन्, पहिलो हो स्वयम् मालको मूल्य र दोस्रो हो मुद्रा (सुनचाँदी) को मूल्य। मालहरूका दामहरूको मालको आफ्नो मूल्यबाट विलोमानुपातिक सम्बन्ध हुने गर्दछ। उदाहरणका निम्ति एउटा भैँसीको मूल्य पाँच सय घन्टाको सामाजिक श्रम हो र एक औँस सुनको मूल्य पनि पाँच सय घन्टाको सामाजिक श्रम हो। तब एउटा भैँसीको दाम एक औँस सुन भयो। सुनखानीका मजदुरहरूको श्रम उत्पादकता दुई गुणा हुन भयो र एक औँस सुनको मूल्य दुई सय पचास घन्टाको सामाजिक श्रम रहन गयो भने यद्यपि भैँसीको दाम बदलिएकै छैन परन्तु भैँसीको दाम दुई गुणा हुन गयो।

मुद्राको दोस्रो कार्य विनिमयको माध्यमका रूपमा हो अर्थात् मालहरूको परिचालन (सर्कुलेसन) को माध्यमको काम गर्दछ। मुद्राको माध्यमबाट माल विनिमयलाई परिचालन भन्छन्। मुद्राको आविभोवभदा पहिले मालहरूको सीधै आपसमा अदलाबदली गरिन्थ्यो। सूत्रका रूपमा हेर्दा त एउटा माल अर्को मालसँग बराबर हुने गर्दथ्यो। मुद्रा अस्तित्वमा आएपछि सम्पूर्ण मालहरूको बदलामा विनिमय हुने गर्दथ्यो। सूत्रका रूपमा यसप्रकारले अभिव्यक्त हुने गर्दछ माल। मुद्रा मालामाल परिचलनको माध्यमका रूपमा मुद्राको यो भूमिका नै विनिमयको साधनका रूपमा मुद्राको कार्य हो।

विनिमयका साधनका रूपमा प्रयोग मुद्रा सुरुमा विभिन्न आकार र वजनका सुनचाँदीका टुक्रा हुने गर्दथे। पछि यिनको ठाउँ सिक्काले लिए। ती सिक्काहरू एउटै आकार, शुद्धता र तौलका ढलान गरिएका धातुका टुक्रा हुन्थे जसलाई राज्यद्वारा प्रमाणित गरिएको हुन्थ्यो। अलगअलग देशहरूका सिक्का अलगअलग प्रकारका थिए।

चीनमा उत्तर साङ कालमा तामाका सिक्का ढाल्न थालिएको थियो। सबभन्दा पुराना सिक्का तामाका थिए र खेतीका औजारहरूका सक्कलका थिए। तिनलाई यु चियेन भनिन्थ्यो। चाउ शासनकालमा यु चिएनका अतिरिक्त ताओ चिएन र युआन चिएन पनि थिए। यी युआन (चाँदीका डलर) सबभन्दा पहिले चेङकालको क्वाङ सु अवधिमा ढालिएका थिए। प्रत्येक यी युआनमा ०.७२ औँस चाँदी हुन्थ्यो।

परिचालनका क्रममा सिक्का घिसिन्थे र तिनको मूल्यको केही अंश मेटिन जान्थ्यो यद्यपि त्यस्ता सिक्काहरूलाई पनि तिनको पूरै मूल्यमा स्वीकार गरिन्थ्यो। यस्तो यसकारणबाट थियो किनकि विनिमयको माध्यमका रूपमा मुद्राको कार्य एकै क्षणमा हुने गर्दथ्यो। मानिसहरूले आफ्ना मालहरूलाई मुद्रासँग विनिमय के कारण गर्दथे भने त्यसबाट आफ्ना आवश्यकताका वस्तुहरू खरिद गर्न सकियोस्। माल बेच्नेहरूको पहिलो चिन्ता हुन्थ्यो- मुद्रा विनिमयको माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ कि सकिँदैन। त्यो आफ्नो पुरै मूल्य बराबर छ कि छैन, यो उनको मूल्य चिन्ता थिएन। त्यसकारण न केवल घिसिएका धातु मुद्रा विनिमयको माध्यमका रूपमा प्रयोग गर्न सकिन्थ्यो। यसका अतिरिक्त कागजका नोटले पनि यसको ठाउँ लिन सक्थ्यो जुन शुद्ध रूपमा मूल्यका प्रतीक थिए।

कागजी मुद्रा धातु मुद्राको स्थानमा माल परिचलनमा विनिमयको माध्यमको काम गर्दछ। यसकारण जारी गरिएको कागजी मुद्राको मात्रा माल परिचालनका निम्ति आवश्यक धातु मुद्राको मात्रासम्म सीमित हुने गर्दछ। मार्क्स भन्नुहुन्छ, ' जारी गरिएको कागजी मुद्राको मात्रा जुन कि वास्तविक मुद्राको प्रतीक हुने गर्दछ सदैव माल परिचलनका निम्ति आवश्यक सुन वा चाँदीको मूल्यबराबर हुने गर्दछ।'३ जारी गरिएको कागजी मुद्रा माल परिचलनको निम्ति आवश्यक धातु मुद्राको परिणामको बराबर हुन्छ भने त कागजी मुद्राको क्रयशक्ति धातु मुद्राबराबर हुन्छ। जारी गरिएको कागजी मुद्रा माल परिचालनका निम्ति आवश्यक धातु मुद्राको परिमाणभन्दा धेरै हुन्छ भने तब पनि कुल कागजी मुद्राको मूल्य माल परिचालनका निम्ति आवश्यक धातु मुद्राकै बराबर नै हुने गर्दछ तर धातु मुद्राको तुलनामा कागजी मुद्राको मूल्य घट्छ र मालहरूको दाम बढ्छ। उदाहरणका निम्ति खास समयमा परिचलनका निम्ति आवश्यक धातु मुद्राको मात्रा दस करोड छ र कागजी मुद्राको परिमाण बीस करोड छ भने कागजी मुद्राको मूल्य आधा हुन पुग्छ। कागजी मुद्राको एक युआनको क्रयशक्ति धातु मुद्राको केवल आधा युआनबराबर हुन्छ।

परिचालनका निम्ति आवश्यक धातु मुद्राको परिमाणभन्दा धेरै कागजी मुद्रा जारी भएबाट कागजी मुद्राको मूल्यमा हुने गिरावटलाई मुद्रास्फीति भनिन्छ। पुँजीवादी समाजमा मुद्रास्फीति बुर्जुवा राज्यद्वारा जनतालाई लुट्ने एउटा महत्वपूर्ण साधन हो। मुद्र स्फीतिको परिणामस्वरूप कागजी मुद्राको मूल्य घट्छ र दाम उकालो लाग्छ। अर्कोतर्फ मजदुर हरूको मुद्राका रूपमा मजदुरीमा वृद्धि दामहरूमा भएको वृद्धिभन्दा धेरै पछाडि रहन्छ र उनीहरूको वास्तविक मजदुरी तथा जीवनस्तरमा गिरावट आउँछ। यसैका साथ बुर्जुवा वर्गलाई शोषणबाट हुने आय तीव्र रूपमा बढ्न पुग्छ। क्रान्तिपूर्व चीनमा बेहिसाब सङ्ख्यामा नोट जारी गरिए जसबाट मुद्रास्फीति धेरै तीव्रतासँग बढ्यो र वस्तुहरूको दाम छलाङ लगाएर बढ्न थाले। केही मानिसहरूले एकपटक गणना गरेका थिए- १९३७ मा १०० युआनका नोटको क्रयशक्ति दुईवटा भैँसीबराबर थियो। १९३८ मा एउटा भैँसी, १९४१ मा एउटा सुँगुर र १९४२ मा एक तिहाइ सलाईका डिब्बाको बराबर हुन पुग्यो। १९४८ मा त्यो रकम एक तिहाइ सलाइका काँटी खरिद गर्न लायक पनि थिएन।

मुद्राको तेस्रो कार्य हो जम्माखोरी (अवैध धन सञ्चय) को साधनका रूपमा। मालहरूको मुद्रा सम्बन्धको विकाससँगै मुद्रा सामाजिक सम्पत्तिको प्रतीक बन्दै गयो। जबसम्म प्राकृतिक अर्थव्यवस्था प्रभावी थियो तबसम्म सम्पत्ति जम्मा गर्ने माध्यम अनाज, कपडाहरू र रेसमका वस्तुहरू हुन्थे। मालहरूको मुद्रा सम्बन्धको विकासपछि यद्यपि मुद्राबाट कुनै पनि माल खरिद गर्न सकिन्थ्यो त्यसकारण सम्पत्ति जम्मा गर्नुको अर्थ उत्तरोत्तर मुद्रा (सुन वा चाँदी) जम्मा गर्नु हुन गयो। मालिकद्वारा माल परिचालनबाट अस्थायी रूपमा हटाएर जम्मा गरिएको मुद्रा जम्माखोरी गरिएको मुद्रा बन्न पुग्छ। यसले जम्माखोरीको साधनका रूपमा कार्य गर्दछ।

मुद्राको चौथो कार्य भुक्तानको साधनका रूपमा हो।

माल उत्पादन र विनिमयको विकाससँगै उधारो कारोबार तीव्रतासँग बढ्यो। जब ऋण चुकाउनु पर्थ्यो तब भुक्तानी मुद्राद्वारा नै हुने गर्थ्यो। तर मालको विनिमय त्यसभन्दा पहिले नै पूरा भैसकेको हुन्थ्यो। यहाँ मुद्रा विनिमयको माध्यमका रूपमा होइन, बरु भुक्तानको साधनका रूपमा कार्य गर्थ्यो। भुक्तानको साधनका रूपमा मुद्राको प्रयोग सबभन्दा पहिले माल उत्पादनहरूका बीचमा ऋण चुकाउनका निम्ति गरियो। त्यसपछि यसको प्रयोग माल परिचालनको दायराभन्दा बाहिर पनि हुन थाल्यो लगानी, ब्याज र करहरूको भुक्तान पनि मुद्राको यसै कार्यबाट नै हुन थाल्यो।

मुद्राको पाँचौँ कार्य वैश्विक मुद्रा (वर्ल्ड करेन्सी) का रूपमा हो। माल विनिमय राष्ट्र राज्यको सीमाबाट बाहिर निक्लनुका साथै अन्तर्राष्ट्रिय व्यापार विकसित भयो र मुद्राको एउटा नयाँ कार्य अस्तित्वमा आयो। यो वैश्विक मुद्राका रूपमा कार्य थियो। केवल सुन र चाँदी वैश्विक मुद्राका रूपमा कार्य गर्न सक्थे।

विश्वबजारमा सुनले पहिलो अन्तर्राष्ट्रिय हिसाबकिताबमा भुक्तानको माध्यमको काम गर्‍यो। यो वैश्विक मुद्राको महत्वपूर्ण कार्य थियो। दोस्रो विश्वबजारमा विभिन्न मालहरू खरिद गर्नका लागि पनि भुक्तानको माध्यमका रूपमा सुनको प्रयोग गर्ने गरिन्थ्यो। यसका अतिरिक्त सामाजिक सम्पदाको एउटा प्रतिका रूपमा एउटा देशबाट अर्को देशमा लैजाने गरिन्थ्यो। उदाहरणका निम्ति युद्धको क्षतिपूर्ति, पुँजीगत निर्यात र अन्य रूपहरूमा एउटा देशबाट अर्को देशमा सुन वा चाँदी लैजानुले यस कार्यलाई पूरा गर्दथे।

मुद्राका उपरोक्त पाँचवटा कार्य अवयवी रूपमा जोडिएका छन् र मुद्राको प्रकृतिका भिन्नभिन्न अभिव्यक्तिहरू हुन्। ती मुद्रा परिचालनको विकासमा एक सार्वभौमिक समतुल्यद्वारा अपनाइएका विभिन्न भूमिकाहरूका अभिव्यक्तिहरू हुन्।

# दिल्लीमा मुसोलिनीको मृत्यु


अनिल शर्मा 'विरही'

*नक्कली बुद्धिजीवी, नक्कली विश्लेषक, नक्कली जनमत, भाडाको सञ्चारकर्मी, नक्कली अर्थशास्त्री, नक्कली समाचार तयार गर्दछ। समाज रसातलमा पुग्दासम्म अन्धो प्रशंसा गरेर-गराएर मृत्युको मुखमा पुर्‍याउँछ। मोदी र ट्रम्पलाई त्यही रोग लागेको छ।*

जर्मनीका एडोल्फ हिटलर र इटालीका तानाशाह मुसोलिनी अन्धराष्ट्रवादी थिए। नश्लवाद उनीहरूको वैचारिक आधार थियो। साम्प्रदायिकता उनीहरूको दैनिक जीवनपद्धति र सोच्ने तरिका हो। भारतीय जनता पार्टी (भाजपा) को मातृ मूल सङ्गठन राष्ट्रिय स्वयम्सेवक (आरएसएस) र विश्वकुख्यात वर्णित प्रवृत्तिको वैचारिक स्रोत एउटै हो। हिटलर र मुसोलिनीको अन्त्य भएको ७० वर्षपछि भारतमा त्यही प्रवृत्तिको नयाँ अवतार भाजपाका रूपमा जन्म भएको थियो। आफ्नो दोस्रो कार्यकालको सुरुमै भाजपारूपी मुसोलिनीको दिल्लीमा पतन भएको ठानिएको छ। यसलाई मोदी युगको अन्त्य, भाजपा युगको मृत्यु भन्न थालिएको छ। त्यसका खास कारणहरू छन्। जस्तै -

## (क) अन्तर्राष्ट्रिय आयाम

विश्व अहिले डरलाग्दो आर्थिक मन्दीको चरणबाट गुज्रिरहेको छ। त्यसको प्रभाव भारतमा सबैभन्दा बढी परिरहेको छ। जनताले आर्थिक मन्दी विश्वभरि छ भनेर चुपचाप बस्ने सक्ने कुरा भएन। त्यसको दबाबमा भाजपा परेको छ। 'भूतले खाजा खाने बेला' भनेझैँ आर्थिक मन्दीको भुमरीमा भाजपाको सरकार परेको छ। अमेरिका र चीनबीचको व्यापारयुद्धको प्रभाव विश्वभर परिरहेको छ। सन् २०१७ मा अमेरिकामा चिनियाँ लगानी २ ९ अर्ब डलर भएकोमा सन् २०१८ मा व्यापारयुद्धका कारण ५ अर्ब डलरमा सीमित भयो। त्यसको प्रभाव भारतमा पनि परेको छ।

मुठीभर करोडपति-अर्बपतिबाहेक भारतको आन्तरिक बजार कमजोर छ। जनताको खरिद शक्ति (पर्चेजिङ पावर) न्यून छ। संसारका १७३ वटा भोकमरीपीडित देशहरूमध्ये भारत १०२ औँ देशमा पर्दछ। एसियामा खानेपानी अभाव भएका देशमा भारत १४ औँ र पाकिस्तान १३ औँ देशमा पर्छन्। कमजोर नागरिक स्तर भएको देशमा बाहिरी प्रभाव निर्णायक हुने नै भयो।

सन् २००८ बाट विश्व आर्थिक सङ्कट सुरु भएको हो। आर्थिक सङ्कटबाट उम्कन खर्च खटौती गर्ने नीतिअनुसार युरोपसहित पुँजीवादी देशहरूले लोककल्याणकारी बजेट कटौती गर्न थाले। शिक्षा, स्वास्थ्य, बेरोजगार भत्ता, सार्वजनिक यातायात, कृषिमा अनुदान, निवृत्तिभरणजस्ता क्षेत्रमा राज्यले दायित्व बहन नगर्दा वा घटाउँदा निजी क्षेत्रले चर्को दोहन गर्ने नै भयो। त्यसले राजनीतिक अस्थिरता पैदा गर्‍यो। स्पेन, बेलायत, फ्रान्स र इटलीमा भएका अन्धराष्ट्रवादी सोचाइ, ब्रेक्जिट जनमत, पृथकतावादी जनमत त्यही आर्थिक मन्दीको कचरा ठान्नेहरू पनि छन्।

आर्थिक मन्दीका कारण टाटपल्टेका उद्योग व्यापारलाई उद्धार गर्ने, रोजगार कटौती गरेर खर्च घटाउने गरियो। रोजगारीको कटौतीले क्रयशक्ति झन् घट्न थाल्यो। त्यसको दोष उदारवादलाई दिन थालियो। उदारवादका विरुद्ध संरक्षणवादी चिन्तन उम्रिन थाल्यो। सन् २०१६ मा अमेरिकामा अन्धराष्ट्रवादी डोनाल्ड ट्रम्प, सन् २०१९ मा बेलायतमा जोन्सन र सन् २०१४ मा भारतमा नरेन्द्र मोदीको उदय भयो।

सी जिङपिङदेखि पुटिनसम्म सारतत्वमा संरक्षणवादको यात्रामा छन्। परन्तु उनीहरूको लय फरक होला अन्धराष्ट्रवादको अनिवार्य परिणाम युद्ध हो। आन्तरिक रूपमा फासिवाद, बाह्य रूपमा आक्रमण र युद्ध नै हो। भाजपाले देशभित्र दलित, मुस्लिम, आदिवासी, कम्युनिस्ट र सबै आलोचनाको स्वरविरुद्ध फासिवाद थोपरेको छ र छिमेकी देशहरूका विरुद्ध युद्ध, अतिक्रमण, हस्तक्षेप लागेको छ। त्यसकारण भाजपा जनताको घेराबन्दीमा परेर ओरालो लाग्यो। नाजीवादको मृत्यु अवश्यम्भाबी थियो। दिल्लीमा पनि नाजीवाद ओरालो लागेको छ।

## (ख) वैचारिक सङ्कटमा पुँजीवाद

साम्यवादी सत्तारूढ ढलेको र आफू बलियो भएको समयमा अमेरिकी नेतृत्वमा नवउदारवादको बीजरोपण गरियो। युरोप र अमेरिकाको आर्थिक केन्द्र एसियातिर सर्दै गएको, युरोपमा नै जर्मनीको उदय, अफ्रिकामा एकाधिकार (पुराना शक्ति) को अन्त्य वा घट्दो प्रभावका कारण पुराना शक्तिहरू सकारात्मक भए। अब उनीहरूलाई उदारवाद घाँडो भयो। संरक्षणवाद आवश्यक भयो। हस्तक्षेपकारी पुँजीवाद संरक्षणवादको काखमा फर्किन बाध्य भयो। नवउदारवादको नाइके अमेरिका नै यसबेला उदारवादको विपक्षमा छ। अमेरिकी उदारवादको बाटोमा चीन र त्यसको विपक्षमा स्वयम् अमेरिका छ। उदारवाद र संरक्षणवादबीचको टक्कर नै चीन-अमेरिका व्यापारयुद्धको पनि कारण हो। संरक्षणवाद लागू गर्ने प्रक्रियामा कडा भन्सार नीति, आप्रवासनविरोधी कानुन, जातीय अहंकार प्रकट भएका छन्। यी सबै घटनाहरू, नयाँ परिदृश्यहरू अर्थनीतिका राजनीतिक आयाम हुन्।

पुँजीवादले प्रकृतिको विनास, जलवायु विनास, मानवीय मूल्यको ह्रास, अफगानिस्तान-सिरिया-टर्की-इरान-उत्तरकोरिया तनाव र द्वन्द्वहरू निम्त्याएको छ। आपसी स्वार्थ-टक्करका कारण नेटोमा मतभेद बढिरहेको छ। पुँजीवाद यत्रतत्र नाजीवादका रूपमा, फासिवादका रूपमा उदाएको छ। तर उसले नक्कली बुद्धिजीवी, नक्कली विश्लेषक, नक्कली जनमत, भाडाको सञ्चारकर्मी, नक्कली अर्थशास्त्री, नक्कली समाचार तयार गर्दछ। समाज रसातलमा पुग्दासम्म अन्धो प्रशंसा गरेर-गराएर मृत्युको मुखमा पुर्‍याउँछ। मोदी र ट्रम्पलाई त्यही रोग लागेको छ। उनीहरूले समाजकल्याणका क्षेत्रमा बजेट कटौती गर्न दबाब दिइरहेका छन्। चौतर्फी दलाल वर्ग उभ्याएका छन्। उनीहरू उत्पादन गर्दैनन्। अनुत्पादक क्षेत्रमा अर्थतन्त्रलाई सङ्कुचित गर्छन्।

संयुक्त राष्ट्रसङ्घ, नेटो सैन्य सङ्गठन, पेरिस जलवायु सम्झौता, उदारवाद, स्वतन्त्र व्यापारनीति सबै पुँजीवादी जगहरू भत्किएका छन्। त्यसको स्थानमा संरक्षणवादी अर्थनीति उदय भएको छ। संरक्षणवादले अन्धराष्ट्रवादी राजनीतिक प्रणालीको माग गर्दछ। भाजपाको पतनको प्रारम्भ र सत्ताप्रायोजित सङ्कट पुँजीवादको नै सङ्कट हो। विश्वको अब्बल लोकतन्त्रको पतनमा पुँजीवादको आयु बढ्ने प्रश्नै उठ्दैन।

## (ग) भारतमा आर्थिक सङ्कट

विदेशमा लुकाइछिपाई राखिएको कालो धन देशमा फिर्ता ल्याउने उद्देश्यले १ हजार र ५ सय कागजी मुद्रामा प्रतिबन्धित लगाइयो। मोदी सरकारको विमुद्रीकरण (नोटबन्दी) नीतिगत भ्रष्टाचार मात्र भएको विपक्षीको आलोचना थियो। विमुद्रीकरणले भारतको अर्थतन्त्रमा सकारात्मक प्रभाव भने देखिएन, बरु त्यसको नकारात्मक प्रभाव बैङ्किङ क्षेत्रमा देखापर्‍यो। तर सरकारले मौद्रिक सङ्कटलाई लुकाइरहेको थियो। गत महिनामा सरकारले 'बैङ्किङ राहत योजना' घोषणा गरेपछि मात्र त्यो सङ्कट सार्वजनिक भयो। प्राप्त पछिल्लो सूचनाअनुसार खर्च कटौती नीतिअनुसार बैङ्कहरूले ठूलो सङ्ख्यामा एटीएम सेवा घटाएका छन्। त्यसैगरी नोभेम्बर अन्तिमसम्ममा ६ सयभन्दा बढी शाखाहरू बन्द गरिएका छन्। सन् २०११ सम्म २.९ रहेको बैङ्कहरूको खराब कर्जा (ऋण प्रवाह) सन् २०१९ डिसेम्बरसम्म पुग्दा ११.२ पुगेको छ। बैङ्कहरूले रोजगार कटौती गरेका छन्। बैङ्कहरूको सङ्कट अन्य क्षेत्रमा उत्तिकै परेको छ।

भारतमा पेट्रोलियम पदार्थ, सिमेन्ट उद्योग, अटोमोबाइल, टेलिकम, घरजग्गा व्यापार, ठूला निजी उद्योग, सुन, चाँदीलगायत ८ प्रमुख उद्योग व्यापार क्षेत्रमा डिसेम्बर अन्तिमसम्म पुग्दानपुग्दै ८.५ प्रतिशत गिरावट आएको छ। आर्थिक सङ्कटका सूचकहरू सकारात्मक थिएनन्। त्यसको चौतर्फी प्रभावहरू बढ्दै गएका छन्। केही उद्योग-व्यापारको उदाहरण हेरौँ- पार्लेजी बिस्कुट उद्योगले १० हजार मजदुर कटौती गरिसकेको छ। अर्को तयारी खाना (बिस्कुट) उद्योग ब्रिटानिकाले बिक्री आधा घटेको बताएको छ। भारतीय टेलिकम कम्पनीले कर्मचारीलाई तलबसम्म खुवाउन नसक्ने अवस्थामा पुगेको छ। हिन्दुस्तान युनिलिभर, डाबर इन्डिया, ट्र्याक्टर उद्योगको पनि अवस्था सङ्कटग्रस्त भएको छ। केही महिनाअगाडि नै भारतका पूर्वप्रधानमन्त्री तथा वरिष्ठ अर्थशास्त्री मनमोहन सिंहले भारत ठूलो आर्थिक सङ्कटबाट गुज्रेको बताएका थिए। तर भाजपा सरकारले त्यसलाई विपक्षीको राजनीति भएको हल्का टिप्पणी गरेको थियो। आर्थिक सङ्कट राजनीतिक क्षेत्रमा प्रकट हुन थालेको छ।

## (घ) आर्थिक सङ्कटको राजनीतिक आयाम

देशमा भयानक आर्थिक सङ्कटका सूचकहरू प्राप्त भइरहँदा पनि मोदी सरकार समस्यालाई विषयान्तर गर्नमै व्यस्त भयो। बेरोजगारी, महँगी, मुद्रास्फीतिका समस्यमा ध्यान केन्द्रित गरेन जसको कारण भाजपाका विरुद्ध जनमत बढ्दै गयो।

सन् २०१९ को १९ औँ लोकसभा चुनावमा हरियानामा खतराको घन्टी बजेकै हो। भाजपाले बहुमत गुमायो र संयुक्त सरकार बनायो। भाजपाले बहुमत गुमायो र संयुक्त सरकार बनायो। भाजपाले सरकार बनाए पनि उसको यात्रा ओरालो र विपक्षको उकालो यात्रा थियो। अक्टोबरपछि महाराष्ट्रको चुनावमा विपक्षीका केही लोभीपापी सांसद किनेर सरकार बनाउने र पुरानो मित्र शिवसेनालाई लत्याउने नीति लियो। भाजपाले सरकार गठन गरेको २४ घन्टा नबित्दै राजीनामा दिनुपर्‍यो। त्यसप्रकारको लज्जास्पद घटनालाई भाजपाको अवसानको दिनगन्ती भनिएको थियो। तर भाजपा त्यतातिर फर्किन चाहेन। उसको ओरालो यात्रा जारी रह्यो।

## (ङ) झारखण्ड चुनावको सङ्कट

भाजपाले आदिवासी समुदाय, उनीहरूको जमिन र जङ्गलमाथिको अधिकारलाई सम्बोधन गरेन। झारखण्ड माओवादी प्रभावित क्षेत्र पनि हो। भाजपाले सन् २०१८ भित्र भाकपा (माओवादी) लाई समाप्त पार्ने सार्वजनिक घोषणा गरेर पटकपटक अपरेसन चलायो। व्यापक ज्यादती भयो। सर्वसाधारण मारिए। त्यसको नकारात्मक प्रभाव र अविश्वास पनि सरकारमाथि पर्‍यो। सन् २००० मा बिहारबाट अलग भएर बनेको आदिवासी बहुल राज्य हो झारखण्ड। झारखण्डीहरूले रोजगारी, खानेपानी, बन संरक्षण, जमिनमाथिको अधिकारको सुरक्षा खोजेका थिए। विपक्षी पार्टीहरूले त्यही मुद्दा उठाए तर भाजपाले अयोध्या मन्दिर, कास्मिर, नोटबन्दी, नागरिकताको संशोधन कानुनलगायत मुद्दा उठायो। भाजपाको हिन्दुत्व र साम्प्रदायिक राष्ट्रवाद जनतालाई रुचाएनन्।

झारखण्डको चुनावमा भाजपाका पूर्वनेतासमेत रहेका शिव सोरेनका छोरा हेमन्तलाई विपक्षी गठबन्धनले मुख्यमन्त्रीका रूपमा पेस गरेका थिए। भाजपा राज्य सरकारका मुख्यमन्त्री रघुवर दास नै चुनावमा पराजित भए। हरियाणा, महाराष्ट्र हुँदै झारखण्ड पुग्दा भाजपाको उल्टो यात्रा तीव्र भएको छ। विमौद्रीकरण (नोटबन्दी) गरेर विदेशमा अवैध रूपमा थुप्रिएको कालो धन फिर्ता ल्याउने र उक्त रकम अति गरिब किसानको खातामा हरेक घरधुरीलाई १५ लाखको दरले वितरण गर्ने (खातामा जम्मा गरिदिने) चुनावी प्रतिबद्धताले हावा खायो। झन् बेरोजगारी बढ्यो। त्यसले गर्दा भाजपाप्रति निराशा तथा विकर्षण सुरु भयो। मुसलमान, दलित, आदिवासी, अल्पसङ्ख्यक, उदारवादी तप्का, आलोचनात्मक चेतना र भारतीय लोकतन्त्रको जग महात्मा गान्धीसहित चौतर्फी आक्रमण गर्दै फासिवादको अभ्यास गरिरहेको भाजपा प्रतिपक्षीहरूको संयुक्त घेराबन्दीमा पर्‍यो।

भारतीय जनता पार्टी नाजी विचारको आधारमा उभिएको शक्ति हो। आजको युगमा फासिवादका लागि अनुकूल वस्तुगत आधार छैन। आर्थिक सङ्कटलाई भँजाएर अस्तित्वमा आए पनि लामो समय टिक्न सक्दैन। भारतमा पनि त्यो सम्भव भएन। मोदीको दोस्रो कार्यकालमा नाजीवादले आफ्नो गलत शक्ति आँकलन गरेर चौतर्फी आक्रमण गर्‍यो। उसमा उन्माद देखियो। त्यसकारण नाजीवाद विरोधी धर्म राजनीतिका विरुद्ध मोर्चाबन्दी सुरु भयो। यो मोर्चाबन्दी भाजपाको बाध्यात्मक चुनौती उनीहरूमा पैदा भयो। त्यसरी भाजपारूपी नाजीवादको दिल्लीमा मृत्युयात्रा सुरु भएको छ।

# कथित प्रतिबन्धको परिणाम : गुणात्मक क्रान्तिको धरातल निर्माण



मोहलाल चन्द 'आधार'

श्रमजीवी जनसमुदायको आस्थाको केन्द्र नेपाल कम्युनिस्टको आठौँ महाधिवेशनले आफ्नो गौरवमय तीन वर्ष पूरा गर्दैछ । काठमाडौँको खुलामञ्चमा भव्यतम् रूपमा उद्घाटन गरेर ऐतिहासिक आस्थाको गाउँ थबाङमा जननिर्मित सहिद स्मृति हलमा सच्चा कम्युनिस्ट महाधिवेशन सम्पन्न भएको सर्वत्र ताजै छ। ऐतिहासिक आठौँ महाधिवेशनले मालेमावाद र कम्युनिस्ट क्रान्तिमा नयाँ र विकसित निकास दिएको कुरा छोटै अवधिमा पुष्टि भैरहेको छ । एकीकृत जनक्रान्तिनामक कार्यदिशाको अन्तर्वस्तु 'केही महत्वपुर्ण सैद्धान्तिक विषयहरू' महाधिवेशनद्वारा एकमतले पास भएका छन् । दर्शनको विषय, साम्राज्यवादको नयाँ चरित्र, कार्यदिशाको प्रश्न, कम्युनिस्ट पार्टी सञ्चालनको विषय, कम्युनिस्ट आर्थिक प्रणालीको विषय, राजनीतिक कार्यक्रमको विषय, जातीय मुक्तिको प्रश्न, पार्टी नामका विषयमा नयाँ अवधारणा अघि सारिएको छ । यो बाह्यजगत्का लागि बहसको विषय हुन सक्ला तर सच्चा कम्युनिस्ट, उत्पीडित वर्ग, राष्ट्र, समुदाय र लैङ्गिक जगत्का लागि क्रान्तिको नयाँ जीवनशैली नै हो । यही नयाँ जीवनशैलीसहित नेपाल कम्युनिस्ट पार्टीको समग्र साङ्गठनिक परिवार साथै क्रान्तिप्रेमी, सहयोगी, शुभचिन्तक, एकीकृत जनक्रान्तिको प्रवाहमा हेलिँदा हलचल पैदा हुन पुगेको कुरा कतै छिपेको छैन ।

अर्कोतिर देशभक्त, राष्ट्रवादी, वामपन्थी, बुटिजीवी, कलाकर्मी, नागरिक समाज, मानवअधिकारवादी आफ्नो स्वाभिमानमा अडिग भएर सामाजिक फासिवादी सरकारको अत्याचारका विरुद्ध मुखरित हुन पुगेको कुरा पनि सर्वविदितै छ । दलालहरूका हलाल सपनाविरुद्ध नयाँ छनक देखिएपछि सामाजिक दलाल सरकारका नाइकेहरू अत्तालिन पुगे । नेपाली क्रान्तिले जरुर पूर्णता पाउँछ, आफ्नो स्वर्गीय ऐयासी भताभुङ्ग हुन्छ भन्ने पुरानै विक्षिप्त मनोरोगका कारण प्रतिबन्ध जस्तो अलोकतान्त्रिक कदम चालियो । प्रतिबन्धको आधारभूत परिवेशलाई फर्केर हेर्‍यो भने एकातिर नक्कली कम्युनिस्टको शान्ति र समृद्धिका भोजभतेरहरू सरकारी रबाफका साथ ठेक्कापट्टामा चलिरहेका थिए । अर्कोतिर सच्चा कम्युनिस्ट पहिचान दिन जनसमुदायमा फर्क अभियान चलेको थियो जसको नाम सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान थियो । राजनीतिक संस्कारले ओतप्रोत भएर जनमितेरीद्वारा भ्रान्ति साफ पारेर जनसेवासहित जनदिशामा राजनीतिलाई फर्काउनु सर्वथा सुल्टो पक्ष थियो । आजका मितिसम्म जनसमुदाय विशेषतः केही युवापिँढीको दिमागमा निरपेक्ष रूपमा राजनीति भनेको फोहोरी खेल हो भन्ने भ्रम परेको छ र पारिएको छ । यति मात्र कहाँ हो र ! हाम्रो देशका सर्वाधिक असफल संसद्वादी दलका विचारहीन नकच्चरा नेताहरूको कथनी र करणीबीचको भङ्गाले अन्तर साथै गुटीय स्वार्थपूर्ण राजनीतिको दाउपेच र संसद्वादी रकमी शैलीले क्षमता, प्रतिभालाई किचिमिची पारिदिएको छ । रेमिट्यान्समा न्याल चुहाउँदै युवकयुवतीहरूलाई दलालहरूमार्फत विदेशतिर लखेटिएको छ । रङ्गीचङ्गी सपनामा बिक्रीवितरण गरिएको छ । यो उत्तरसाम्राज्यवादी चाल नै हो । एनजीओ/आईएनजीओमार्फत यो चाल चालिएको छ । यी राष्ट्रघाती, जनघाती गैरसरकारी संस्थाका सञ्चालक को हुन् ? कहाँबाट परिचालित छन् ? झन्झन् भ्रष्टाचार किन मौलाइरहेको छ ? बेलगाम हत्याहिंसा किन भैरहेको छ ? यौनहिंसाका सिकार किन भैरहेका छन् महिलाहरू ? महँगीले दिन दुई गुना, रात चौगुना किन आकासिँदो रूप धारण गरिरहेको छ ? तस्करहरूले किन पुलिस प्रशासनलाई हाँक दिइरहेका छन् ? कथित जनप्रतिनिधिहरूले आफैँले संविधानविरुद्धको कानुन बनाई किन जागिर खान्छन् र लाजको दुर्गन्धले सर्वोच्चको समेत नाकै फुटाउँदा खारेज गर्नुपर्छ ? के सङ्घीयता भनेको कर्मचारी तन्त्र हो ? यस्तो जोक त मात्र जोक्करहरूले गर्छन् ? राजनीतिशास्त्रको कखरा बुझ्ने जोकोहीलाई लज्जास्पद समयको फन्दाले केकति बेचैनीमा पुर्‍याएको होला ? हिजो कथित दुई ढुङ्गाको तरुलनामक नेपाल सामन्तवादको ताउलोमा जलिरहेको थियो । आज स्वाधीन, मुक्त र समृद्ध नेपाल राष्ट्र कहलिनुको साटो चौबाटोको देश बन्न बाध्य छ । चौबाटोको खेलमा परेको देश कुन बाटोको शक्तिकेन्द्रले आफ्नो शकुनीपाशमा पार्ने भन्ने अस्वस्थ प्रतिस्पर्धाको सिकार बनिरहेको छ । यहाँका शासकप्रशासकहरू चार भागमा विभाजित भएका छन् । अमेरिकी हिन्द-प्रशान्त नामको सैन्य रणनीति, पुरोपियन युनियनको सङ्घीयता

**नामधारी कम्युनिस्ट महाशयहरूलाई प्रतिबन्धको परिणाम केलाउने फुर्सद छ कि छैन कुन्नि ? शान्ति-दमन-प्रतिरोध-विस्फोट-क्रान्ति । स्याबास् केपी-पीकेमण्डली ।**

र क्रिस्चियन धर्म रणनीति, भारतको हिन्दुवादी राष्ट्र चाल, चीनको बीआरआई अर्थात् आर्थिक रणनीति (विश्व मानव समृद्धि) । यी रणनीति एकआपसमा टकराइरहेका छन् । यसै रणनीतिको भुमरीमा नेपाली दलाल र सामाजिक दलाल पुँजीजीवी वर्गीय स्वार्थमा आधारित लोकतान्त्रिक गणतन्त्रनामक संसदीय व्यवस्थाको थोत्रे भाँडो चक्कराइरहेको छ । दुईतिहाइको सरकार पनि केपीका उखानटुक्कामा चचहुई गर्दै रोटेपिङजस्तै चक्कराइरहेको छ । चारवटा साँचोमा चक्कराइरहेको र टक्कराइरहेको दलाल पुँजीवादी संसदीय व्यवस्था र सामाजिक फासिवादी सरकार चार टुक्रामा विभाजित हुन अनिवार्य छ । चौदुवाको देशलाई अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको पोल्टोमा सुम्पेर थोत्रे कुर्सी अँठ्याउनु मात्रको धन्दामा फसिरहेको छ सरकारी नेकपा । दुईचार पैसाको लोभमा झुक्किएर ' नहुनु मामाभन्दा..मामा सही' भन्दै चुके नेपालको जनसङ्ख्याको अल्पमत मतदाता जनसमुदायहरू । आज दुईतिहाइ मतले मैमत्त बन्यो दलाल पुँजीवाद र सामाजिक दलाल पुँजीवादको रक्षार्थ सामाजिक फासिवाद । यिनै यक्ष विषय वस्तुहरूमा अन्तरक्रिया, छलफल, बहस साथै कम्युनिस्ट समुदाय निर्माणको महायात्राको थालनी थियो अभियान । त्यसैबाट अत्तालिएर प्रभुहरूको सामुको वाचाबन्धनका कारण कहीँ नभएको जात्रा हाँडीगाउँमा भनेझैँ आफ्नै संविधान, नियम, कानुन, राज्यका मूल्य, मान्यता कुल्चेर संसद्ले समेत अस्वीकृत गर्ने परिणति थाहा हुँदाहुँदै सामाजिक दलाल सरकारले क्षेत्राधिकार मिचेर नेकपामाथि प्रतिबन्ध लगाउनु भनेको जनआधिकारमाथि नै प्रतिबन्ध लगाई निरङ्कुशता लाद्नुशिवाय अरू केही होइन । कोठे र ओठे जबाफबाहेक सर्वग्राह्य कारणसहित हालसम्म प्रतिबन्धको पुष्टि गर्न सकिरहेको छैन कम्युनिस्टको कलङ्क सरकारले । कुमार पौडेलको हत्याप्रकरण, गिरफ्तारीको झूट्ठा पुलिन्दा र अदालतको सफाइले के कुरा पुष्टि गर्‍यो भने नेकपामाथि प्रतिबन्धको निहुँमा सामाजिक फासिवादी सर्वसत्तावाद लाद्न अग्रसर भयो केपी-पीकेमण्डली । निरङ्कुशताचाहिँ राणा, पन्चे बाउबाजेको वंशाणुगत रोगको अभिव्यक्ति नै हो भनेर ठोकुवा गर्न सकिन्छ ।

तर नामधारी कम्युनिस्ट महाशयहरूलाई प्रतिबन्धको परिणाम केलाउने फुर्सद छ कि छैन कुन्नि ? शान्ति-दमन-प्रतिरोध-विस्फोट-क्रान्ति । स्याबास् केपी-पीकेमण्डली । सामाजिक फासिवादी कुबुद्धिको कदम फेक 'विप्लव समूह' लाई हवाला दिँदै राष्ट्रवादी सेना-प्रहरीको इन्कारीबाहेक सीआईडी र सीआईबीलाई उक्साएर उहीँ जनयुद्धकन सरकारी रबैया गाउँसहर खन्याइदिँदा छोटै समयमा सचेत, जुझारु, गतिशील सङ्गठनको वातावरण तयार भयो । नेपाल कम्युनिस्ट पार्टीको उद्देश्यमा नकारको भूमिकाले सकार पैदा गरिदिनुभएकोमा यहाँहरूलाई साधुवाद नै दिऔँ । तर सर्वथा झूटको पेटारोमा कोचिएको यस्तै रबैया हो भने तस्कर, व्यभिचारी, भ्रष्ट, दलालहरूको झन्झन् निद्राहराम हुने दिन जरुर आइरहनेछन् । राष्ट्रघाती, जनघातीहरूको सक्कली चेहरा दुनियाँले छर्लङ्गै देख्नेछन् । अझै बुर्कुसी मार्नोस् । सुझबुझपूर्ण रूपमा चेतनशील मानिसहरूले नमात्तिनुहोस्भन्दा मान्नुहुन्न घुम्ने कुर्चीमाथिका अन्धा मानिसहरू । गर्नोस्, जेजे गर्न मन छ यता भने कम्युनिस्ट पार्टी शुद्धीकृत र सुदृढीकृत भैरहेको छ । विकलाङ्ग स्टेफन हकिङको नयाँ खोज सापेक्षतावाद र अनिश्चयतावादबराबर एकीकृत भौतिकी सिद्धान्तमा पलपल सन्तुष्ट भैरहेका छन् नवपिँढीहरू । नामधारी कम्युनिस्ट महाशयहरूले कष्ट गरी समाज विज्ञानमा नयाँ खोज गरिदिएको भए जयजयकार गर्नेको लावालस्कर लाग्थ्यो होला तर झन्झट गर्ने फुर्सद भएन क्यारे महाशयहरूलाई । क्रान्तिप्रेमी, राष्ट्रवादी, स्वच्छ छविका जनप्रिय युवानेता, श्रमजीवी जनसमुदायको आँखाको नानी तर साम्राज्यवादी, उत्तरसाम्राज्यवादी, दलाल र सामाजिक दलाल पुँजीवादी नाइकेहरूको आँखाको कसिङ्गर उही विप्लव सफल क्रान्तिका लागि अध्ययन, अनुसन्धान र प्रयोगमा लीन हुनुभयो । माओको मृत्युपछि अधिभूतवादी आदर्शवादको झूटले छोपेको समाज विज्ञानको गहिराइमा पुगेर द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको उत्तरोत्तर विकासका लागि नौलो आयामका जीवनबुटी सँगाल्दा तपाईंहरूलाई औडाहा भयो हैन त ? समाज विज्ञानमा नयाँ खोज एकीकृत जनक्रान्तिको बहुआयामिकता बुझ्ने अनि मौलिक र विकसित विचारको अङ्कुरले मनै हररर हुनुको साटो औडाहाले जल्नुले तपाईंहरू नक्कली कम्युनिस्ट, खसीको टाउको झुन्ड्याएर बौलाहा कुकुरको मासु बेच्ने ठग व्यापारी भएकै पुष्टि भयो भनिरहेका छन् सच्चा मार्क्सवादी जानिफकारहरू । सत्य कुरा के हो भने सबै सर्वसाधारणहरु, विवेकशीलहरुका सही दृष्टिकोणमा विप्लव प्रतिबद्ध देखिनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'भौतिक विज्ञानमा सत्य बोलेबापत पुरष्कृत हुने अवस्था त आइसक्यो तर समाज विज्ञानमा सत्य पत्ता लगाएबापत दण्डित हुनुपर्ने, बलिदान बेहोर्नुपर्ने अवस्था छ ।' 'लखन थापालाई मारिदिएपछि चिहानमा विद्रोह खडा भैराख्यो । बाँचेको भए के हुन्थ्यो भन्न सकिन्न ।' 'सतहमा बसेका झूटले गहिराइमा भएका सत्य छोप्छन् ।' महान् माओका अनुसार पनि 'जसले क्रान्तिको बाटो छेक्छ ऊ आफैँ सङ्कटमा जाकिन्छ ।'

ए, केपी-पीके नामका राष्ट्रका कुलङ्घारहरू हो, एकपटक आफैँलाई ऐनामा हेरेर आत्मसमीक्षा गर त ?! तिमीहरूको आदेशात्मक अत्याचारी श्वेतआतङ्क र नेकपाको योजनाबद्धता र सचेत पहलकदमीपूर्ण गतिशीलताको परिणाम जनक्रान्तिका खजाना सचेत, जुझारु, गतिशील र वैचारिक पार्टी सङ्गठनलाई नै जन्म दियो । सिस्टम र अनुशासन व्यवहारको आरनमा अर्जापिरहेका छन् । वैचारिक, राजनीतिक, सङ्गठनात्मक, आर्थिक सङ्घर्ष, विज्ञानप्रविधिमा गुणात्मकताले सफल क्रन्तिको सन्देश प्रवाह गरिरहेको छ । प्रतिक्रान्तिले पैदा गरेको अविश्वासको कालो बादल निलेर नवीन विचारको आलोक आत्मविश्वास, जनविश्वासका रूपमा झलमलाइरहेको छ । दिन दुई गुणा रात चौगुना जनक्रान्तिको बौद्धिक-भौतिक ताकत निर्माण भैरहेको छ । गाउँसहर र बस्तीहरू थोकमा सङ्गठित भैरहेका छन् । जनसमुदायको सहृदयी वर्गीय माया अनि उत्प्रेरणा नवीन खालको नै लाग्छ । घरघरमा र पौरखी जनसमुदायको उन्नयन र स्वदेशप्रति चिन्ता र चासो देखिन्छ । जोक्कर शासक र प्रशासकको लाजमर्दो बेथितिबारे व्यङ्ग्यवाण हाँसोमा दलाल राज्यप्रतिको घृणा प्रकट भैरहेको छ । नयाँ विकल्पबारे गहन छलफल, सरसल्लाह, सिर्जनशील उपायको खोजी पनि अलि सुझबुझपूर्ण तवरमा नै भैरहेको छ । समाज विज्ञानको जटिल अन्तरविरोधको अध्ययन, प्रभावकारी समाधानको खोजमा रम्नु र गम्नुको आनन्द सर्वोत्कृष्ट नै हुँदोरहेछ । तर तिमीहरूको जनक्रान्ति रोक्न खोज्ने हर्कतको भुमरीमा मात्र तिमीहरूकै थोत्रे संसदीय व्यवस्थाको जहाज जाक्किन पुगेको कुरा अब छिप्नै सक्दैन । यतिबेला महासङ्कट र महापतनको यात्रामा तिमीहरू नै छौ महाशय । उत्पीडित वर्ग, राष्ट्र, समुदाय र लैङ्गिक क्षेत्र, वामपन्थी, श्रमिक वर्ग, देशभक्त, राष्ट्रवादी, सच्चा लोकतन्त्रवादी नयाँ खोजमा र वैज्ञानिक निकास, विकास, अधिकार सम्पन्न शान्ति, उत्पादनशील र आत्मनिर्भर समृद्धिको समुच्चय जनक्रान्तिमा अग्रसर छन् । बौद्धिक-भौतिक क्रान्तिको परिणाम पूर्ण जनवाद अर्थात् वैज्ञानिक समाजवाद- साम्यवाद । यही हो नवयुगको आवश्यकता र वैज्ञानिक युगका चेतनशील मानिसको चाहना ।

## कविता



### तितीक्षा र तपस्या

**त्सेतुङ माओ**

एक्लो चीसो शरद्मा
उत्तरबाहिनी स्याङ नदीसँग
अनारको द्वीपमा
राता लाखौँ पर्वत सर्वत्र देखेँ मैले
रङ्गीन बाक्ला पातहरूले
र पारदर्शक हरिया नदी
जसमा सयकडौँ नाउहरू दौडिरहे ।
असीम आकाशमा उडिरहेका चिलहरू
झुलमा एकत्रित माछाहरू
चीसो आकाश तल जीवन विविध रूपमा
स्वतन्त्रताका लागि प्रस्फुटित भइरहेका छँदा ।
मैले एउटा एक्लो धरहराको गुप्त कोठा
खोतलेँ
र सोधेँ : विशाल ग्रहमा
कसले प्राणीहरूको भाग्यको फैसला गर्दछ ?
धेरै साथीहरूसँग फेरि पनि
म यसै ठाउँमा आएँ
मैले बितेका उत्साहमय दिनहरू सम्झिएँ
जब कि मेरा सबै तरुण मित्रहरू
भारमुक्त हृदयले कोमल थिए
हात पनि जो देख्थ्यो र बाधा जान्दैनथ्यो
मुक्त तर कोमल कल्पनामा अधिकार राख्थे ।
मैले नदी र पहाडतर्फ सङ्केत गरेँ
जो सिर्जनात्मक बुद्धिलाई प्रेरित गर्थे
लाखौँ परिवारहरूको शासक
विगतका मालिकहरूसँग घृणा गर्थे
के तिमीले बिर्स्यौ
तीव्र बगेको जलप्रवाहको बीच कसरी
लहरहरूमा आरूढ हाम्रो नाउ अघि बगिरहेछ
?

*(अध्यक्ष माओको आत्मकथाबाट उद्धृत यो कवितांशको शीर्षक हामीले दिएका हौँ । चाङ्सामा कलेज पढ्दा माओले यो कविता लेखेका थिए ।*
*- ह्वाङ्हो र याङ्ची बनाङ चीनका दुई महानदीका बीचमा फैलिएको हुनान प्रदेश, स्याङ्तान जिल्ला, साउसाङ चुङ गाउँमा माओ त्सेतुङको जन्म भएको हो । पिता जेन सेङ (कुनसेन) र आमा वेन परिवारकी धार्मिक र दयालु थिइन् । त्सेतुङको थर 'माओ' हो । त्सेतुङको जीवनमा आमाको गहिरो प्रभाव परेको छ । त्सेतुङका पिता धर्मप्रति आस्थावान् थिएनन् र रुखो स्वभावकी आमाका कारण त्सेतुङ सानैदेखि गरिबप्रति संवेदनशील र विद्रोही बने । उनै बालक माओ त्सेतुङ विश्वकै सर्वहारा वर्गका महान् नेता बनेर उदाए ।)*

# पाल्पामा अखिल (क्रान्तिकारी) को जिल्ला सम्मेलन सम्पन्न

**काठमाडौँ** : अखिल (क्रान्तिकारी) को पाल्पा जिल्ला सम्मेलन सम्पन्न भएको छ। सम्मेलनले लङक रानाको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ। सङ्गठनका केन्द्रीय महासचिव प्रकाश शाही सम्मेलनका प्रमुख अतिथि थिए भने नेकपाका पाल्पा जिल्ला इन्चार्ज पूर्णबहादुर सिंह र सेक्रेटरी भुवन जीसी विशेष अतिथि थिए। अन्य अतिथिहरूमा क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य वीरेन्द्र विक, केन्द्रीय सदस्यहरू रमेश गैरे र शारदा भण्डारी, नेकपा निकट युवा सङ्गठन नेपालका लुम्बिनी संयोजक विश्लेषण, पाल्पा जिल्ला जनसरकार प्रमुख मीनबहादुर आले थिए। शनिबार सम्पन्न सम्मेलनमा पाल्पाका विभिन्न ठाउँबाट व्यापक विद्यार्थी सहभागी थिए। साथै विद्यार्थीहरूका अधिकार र शैक्षिक क्षेत्रमा भइरहेको विकृति र विसङ्गतिविरुद्धको अभियान घनीभूत रूपले सञ्चालन गर्ने र सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानलाई तीव्र बनाउने क्रान्तिकारीले जनाएको छ।

# लुम्बिनीमा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले लुम्बिनी ब्युरोअन्तर्गतका जिल्लाहरूमा तीनमहिने सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सुरु गरेको छ। ब्युरोअन्तर्गतका जिल्लाहरूमा सङ्गठन निर्माण र पुनर्गठन गरिने उक्त पार्टीको लुम्बिनी ब्युरोले जनाएको छ।

यसैबीच शनिबार पाल्पामा औपचारिक रूपले अभियान उद्घाटन गरिएको नेकपाका पाल्पा जिल्ला इन्चार्ज पूर्णबहादुर सिंहले जनाएका छन्। अभियानको अवधिमा पार्टीका तल्लो तहका संरचनाहरू गठन गर्ने र ती सङ्गठनलाई विचारधारात्मक रूपले कामकाजी सङ्गठन बनाउने उनले बताए । साथै अभियानको अवधिमा विभिन्न जनवर्गीय सङ्गठनका भेला, सम्मेलन गर्नुका साथै एमसीसी र भारतीय अतिक्रमणविरुद्धका कार्यक्रमहरू गरिने बताए। उक्त अभियान पुस, माघ र फागुन गरी ३ महिनासम्म सञ्चालन हुनेछ।

# सामाजिक सञ्जालमा अङ्कुश लगाउने विधेयक

**काठमाडौँ** : अबदेखि सामाजिक सञ्जालमा लेखेकै कारण यसका प्रगोगकर्तामाथि १५ लाखसम्मको जरिबाना र ५ वर्ष कैद वा दुवैखाले सजाय भोग्नुपर्ने भएको छ । सूचना प्रविधिसम्बन्धी विधेयक संसद्को विकास तथा प्रविधि समितिले पारित गरेसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताले यस्तो सजाय भोग्नुपर्ने भएको हो ।

सूचना प्रविधि विधेयकमा सामाजिक सञ्जालमा लेखेकै कारण यसका प्रयोगकर्तामाथि १५ लाख रुपैयाँसम्म जरिबाना र ५ वर्ष कैद वा दुवै सजाय हुनसक्ने प्रावधान राखिएको छ ।

सामाजिक सञ्जाल र यसका प्रयोगकर्ताको अभिव्यक्ति स्वतन्त्रता सङ्कुचित पार्ने प्रावधानसहितको संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन नदिन सांसदहरूले राखेको संशोधन प्रस्ताव र नागरिक समाजको सुझावमाथि कुनै छलफल नै नगरी समितिको बहुमतले उक्त सूचना प्रविधि विधेयक पारित गरेको हो ।

सरकार वा सार्वजनिक पद धारण गरेका व्यक्तिलाई सामाजिक सञ्जालमार्फत व्यङ्ग्य गर्दासमेत यो प्रावधान आकर्षित हुनसक्ने भएकाले यसले अभिव्यक्ति स्वतन्त्रता हनन हुने भन्दै विरोध हुँदै आएको थियो ।

सामान्यतया बोलेको वा अभिव्यक्त गरेको आधारमा कसैलाई पनि फौजदारी अभियोग नलगाइने अन्तर्राष्ट्रिय अभ्यास रहे पनि सामाजिक सञ्जालमा लेखेकै आधारमा यति कठोर सजायको प्रावधान राखिएकाले उक्त विधेयकको विरोध भएको हो ।

विधेयकको प्रावधानले सरकारी निकायलाई अदालतको आदेशबिना नै सामाजिक सञ्जालमा लेखिएका विषयवस्तु हटाउने अधिकारसमेत दिएको छ ।

आफ्नो विचार अभिव्यक्त गरेको, लेखेको वा बोलेका कारण कसैको बेइज्जती वा मानहानि भए उपयुक्त तरिकाले क्षतिपूर्ति भराउने अन्तर्राष्ट्रिय चलन रहेको भए पनि नेपालमा यस्तो सूचनामा बन्देज लगाउनु गलत भएको सूचना प्रविधिसम्बन्धी विज्ञहरूले बताएका छन् ।

पत्रकार मात्र नभई आमनागरिकको अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लगाएको भन्दै नेपाल पत्रकार महासङ्घ, सूचनाविज्ञहरूदेखि नागरिक तहबाटै उक्त विधेयकको विरोध भएको छ ।

**सूचना !**

**नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज तथा नेकपाका सल्लाहकार समितिका सचिव चित्रबहादुर आलेको 'व्यक्तित्व र कृतित्व' प्रकाशित हुन लागिरहेको हुनाले उहाँका लेख, अन्तर्वार्ता, तस्बिर तथा अन्य सामग्री उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध छ ।**

**–रातो खबर प्रकाशन गृह प्रा.लि.**

## माओका युगान्तकारी ...

वैज्ञानिक समाजवादी क्रान्तिमा सिर्जनात्मकताको विकास र प्रयोग हो। माओभन्दा अगाडिका कम्युनिस्ट नेताहरूले चिनियाँ क्रान्तिलाई रुसी तरिकाले सम्पन्न गर्न खोजिरहेका थिए र निकैपटक ठूला क्षति र पराजय भोगिसकेका थिए। उनीहरू रुसी तरिकाभन्दा अर्को तरिकाले पनि क्रान्ति हुनसक्छ भन्नेतिर सोच्नै चाहँदैनथे। खासगरी लिली सान र वाङ मिङहरूले चिनियाँ क्रान्तिले भोगिरहेको क्षति र विफलतालाई चिनियाँ जनताको समस्याका रूपमा बुझिरहेका थिए। चिनियाँ समाजको फरक विशेषता, आफ्नो विचार, कार्यदिशा र कार्यक्रममा देखिरहेका थिएनन्। उनीहरूको जोड चीनमा रहेका सहर र मजदुरहरूबाट रुसमा जस्तै विद्रोह गराएर सत्ता प्राप्त गर्ने थियो। तर माओले चिनियाँ क्रान्तिमा क्षति र पराजय हुनुको कारण रुसी क्रान्तिको अन्धानुकरणमा देख्नुभयो। उहाँले चीनका विशेषताले रुसी विशेषताहरूसँग मेल नखाने भएकाले चिनियाँ विशेषताअनुसारको क्रान्तिको राजनीतिक कार्यक्रम र कार्यदिशा निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। माओले कार्यदिशा र रणनीतिमा फड्को मार्नुभयो। नयाँ जनवादी राजनीतिक कार्यक्रम र दीर्घकालीन जनयुद्धको कार्यदिशा विकास गर्नुभयो। जब उहाँको कार्यदिशालाई क्रान्तिमा प्रयोग गरियो तब विजयको अध्याय सुरु भयो। माओको यही विकासलाई सबैले चिनियाँ क्रान्ति सफलताको मूल कुँजी मान्ने गरेका छन्। वास्तवमा यो एकदमै सही विश्लेषण र निष्कर्ष हो।

**३) वैज्ञानिक समाजवादको निर्माणमा फड्को**

नयाँ जनवादी क्रान्ति पूरा भएर श्रमिक जनता, लोकतन्त्रवादी एवम् देशभक्त शक्तिहरूको हातमा राज्यसत्ता प्राप्त भएपछि चीनलाई कुन दिशामा बढाउने भन्ने विषय अगाडि आयो। माओले बुझेको र अरूले नबुझेको विषय नयाँ जनवाद र समाजवादको अन्तरसम्बन्ध थियो। माओले सत्ता प्राप्त भएको पाँच वर्षपछि नै वैज्ञानिक समाजवादतिर अगाडि बढाउनुपर्ने विचार राख्नुभयो तर पार्टीभित्रबाटै चीनलाई पहिले औद्योगिकीकरण गर्नुपर्ने, उत्पादक शक्तिको विकास गर्नुपर्ने भन्दै नयाँ जनवादमै बस्नुपर्ने विचार आयो। यसको नेतृत्व ल्यु साओ चीहरूले गरिरहेका थिए। माओले त्यसलाई पुँजीवादतर्फै रमाउन खोज्ने विचार ठान्नुभयो। उनीहरूको विचारमा रहँदा चीनमा पुँजीवादी विचार र पुँजीवाद फर्किन सक्ने खतरातिर सङ्केत गर्नुभयो। अन्ततः पार्टीले माओको विचारलाई पकड्दै चीनलाई समाजवादमा प्रवेश गराउने निर्णय लियो। कैयौँ नेताहरू यो सङ्घर्षमा पछि छोडिए। सायद माओले देखिसक्नुभएको थियो- पुँजीवादको विकास गरेर मात्र समाजवादमा जान सकिन्छ भन्ने यान्त्रिकतावादी सोचाइमा पुँजीवाद फर्किन सक्छ, उत्पादन सम्बन्धलाई पुँजीवादबाट समाजवादतिर सङ्क्रमण नगराउने हो भने चीन र चिनियाँ जनता पुँजीवादकै नियन्त्रणमा पुग्न सक्छन्। वैज्ञानिक समाजवादबाट मात्र पुँजीवादलाई परास्त गर्न सकिन्छ। माओको सही विचारकै कारण चीन महान् समाजवादी देशमा प्रवेश गर्न सक्यो।

**४) संशोधनवादविरुद्धको क्रान्ति**

माओले भन्दाभन्दै लेनिनको देश एवम् समाजवादी सत्तामा ख्रुस्चोभी संशोधनवादले कब्जा जमायो। उसले महान् स्टालिनमाथि हमला गर्दै मजदुरवर्गको विद्रोहद्वारा सत्ता प्राप्त गर्न नसकिने विचार ल्यायो। ख्रुस्चोभले अहंकारी तरिकाले संशोधनवादको वकालत गर्‍यो। उसले सोचेको थियो- पहिलो समाजवादी एवम् लेनिन–स्टालिनको देशको कम्युनिस्टले बोलेपछि कसले विरोध गर्न सक्छ र ? हुन पनि अधिकांश देशका कम्युनिस्ट पार्टीहरूले उसैलाई समर्थन गरे तर माओले मार्क्सवादको आत्मा 'भूट एवम् गलतका विरुद्ध विद्रोह' गर्ने विचारलाई पकड्दै ख्रुस्चोभी संशोधनवादका विरुद्ध विद्रोह गर्नुभयो। एक हदसम्म विश्व कम्युनिस्ट आन्दोलनमा सर्वेसर्वा हुन थालिसकेको संशोधनवादका विरुद्ध मार्क्सवादी झन्डा फहराउनुभयो र विश्वभरिका क्रान्तिकारी कम्युनिस्टहरूलाई गोलबन्द गर्न सफल हुनुभयो। ख्रुस्चोभले माओलाई प्रलोभन र दबाब दुवै दिन खोज्यो। जवाफमा माओले ख्रुस्चोभ नै विश्व कम्युनिस्ट आन्दोलनको फुटपरस्त र धोकेबाज रहेको स्पष्ट पार्दै 'ख्रुस्चोभ एक दिन सत्ताबाट गलहत्याइने छ' भन्ने विचार राख्नुभयो। रुस र चीनको सङ्घर्ष महान् बहसमा पुग्यो। अन्ततः माओ नै सही साबित हुनुभयो।

**५) समाजवादभित्र समाजवादी क्रान्ति**

समाजवाद आएपछि पुँजीवादतिर जाँदैन, समाजवादबाट समाज साम्यवादतिर नै जानेछ भन्ने सामान्य नियम सोभियत सङ्घमा असफल भएको थियो। समाजवादभित्र पुँजीवाद पैदा हुने समस्या रुसको मात्र थिएन, बरु हरेक समाजवादी सत्ताभित्र देखिने चुनौती थियो। पूर्वी युरोप र चीनमा पनि त्यस्ता समस्याहरू देखिँदै थिए। समाजवादमा चुनौती देखिएपछि माओले समाजवादभित्र देखापर्ने पुँजीवादका विरुद्ध लडन निरन्तर क्रान्तिको सिद्धान्त विकास गर्नुभयो। समाजवादलाई मार्ने र पुँजीवाद भित्र्याउने राजनीति, आर्थिक, संस्कृति रोक्न सकेनौँ भने समाजवादभित्रैबाट पुँजीवाद फर्किन सक्छ भन्ने विषयलाई स्पष्ट गर्दै कम्युनिस्टकै अगुवाइमा छिमेर आउने पुँजीवादका विरुद्ध लडन सांस्कृतिक क्रान्तिको विचार दिनुभयो। यसलाई अर्को शब्दमा समाजवादभित्र पुँजीवादका विरुद्ध सञ्चालन गर्ने समाजवादी क्रान्तिको विचार भन्न सकिन्छ। यो समाजवादी सिद्धान्त र राजनीतिमा माओले गर्नुभएको युगान्तकारी योगदान हो।

**६) माओको प्रेरणा र एकीकृत जनक्रान्ति**

हामीले नेपाली क्रान्तिको कार्यदिशालाई एकीकृत जनक्रान्ति भनेर संश्लेषण गर्दा सबैभन्दा धेरै उत्प्रेरणा माओबाट नै लिएका हौँ। जसरी माओले अनेकौँ असफलताका कारण पत्ता लगाउँदै क्रान्तिलाई यान्त्रिकताबाट मुक्त गर्न सक्नुभयो र विजय हासिल गर्नुभयो, त्यसले हामीलाई पराजयबाट उठ्न, क्रान्ति सङ्गठित गर्न र असफलताहरूबाट सिक्न प्रेरित गर्‍यो।

जनयुद्धको नेतृत्वमा रहेका प्रचण्ड–बाबुराम–बादलहरूले क्रान्ति असम्भव रहेको तर्क गर्दै दलाल पुँजीवादी सत्तासामु आत्मसमर्पण गर्न पुगे। उनीहरूका तर्क र प्रचारले धेरै मान्छेहरूलाई भ्रमित पनि पार्‍यो। हामीले उनीहरूका तर्क र विश्लेषणहरूलाई हेर्‍यौँ तर के पत्ता लगायौँ भने उनीहरूले नेपालमा क्रान्ति असम्भव छ भनेर गरेको तर्क गलत छ, बरु यहाँको राज्य र जनताका बीचमा निकै तीखा र चर्का अन्तर्विरोध र सङ्घर्षहरू छन्। अन्तर्विरोध र सङ्घर्षहरूले क्रान्तिको आवश्यकता देखाउँछन्। उनीहरूले नबुभ्केको वा देख्न नसकेको आफूभित्र पैदा भएका आत्मसमर्पणवादी, विसर्जनवादी र आत्मसुरक्षावादी समस्याहरू हुन्। त्यसपछि हामीले प्रचण्डहरूका विरुद्ध विद्रोह गर्‍यौँ।

हामीले क्रान्ति सम्पन्न गर्ने सोचिरहँदा यो पनि पत्ता लगायौँ- नेपालमा क्रान्ति आवश्यक र सम्भव छ तर रुसी जनविद्रोह वा चिनियाँ जनयुद्धको तरिकाद्वारा मात्र सम्भव छैन। हामीले आजको विश्व र नेपाली अर्थ-राजनीतिक विशेषताअनुरूपको कार्यदिशा विकास गर्न पनि जरुरी छ। जनताको स्रोतलाई प्रयोग गरेमा यो चीज पूरा गर्न सकिन्छ। हाम्रो एकीकृत जनक्रान्तिको संश्लेषण यसैको परिणाम हो।

हामीले निकै अध्ययन गरेपछि मात्र क्रान्तिको कार्यदिशालाई एकीकृत जनक्रान्ति भन्यौँ। यही कार्यदिशाअनुरूपका नीति र योजनाहरू विकास गर्दै अगाडि बढेका छौँ। यसका आधारहरू पनि संश्लेषित गरेका छौँ। प्रयोग अगाडि बढेपछि राम्रा सफलताहरू पनि प्राप्त भइरहेका छन्। माओवादी पार्टीको खरानीबाट जनताले आशा-भरोसा गर्ने क्रान्तिकारी पार्टी र क्रान्तिको निर्माण गर्न सकेका छौँ। हाम्रो पार्टी र क्रान्तिबाट सत्तासीन दलाल पुँजीपति वर्ग, सामाजिक दलाल पुँजीवादी सरकार, जनताका वैरीहरू भयभीत, आतङ्कित हुँदै गएका छन् भने मजदुर, किसान, युवा, दलित र उत्पीडित समुदायहरू उत्साहित, आशावादी र विश्वस्त हुँदै गएका छन्। सामाजिक दलाल पुँजीवादी केपी सरकारले हाम्रो पार्टीमाथि प्रतिबन्ध लादेर दमन गरिरहेको छ भने श्रमिक जनता, देशभक्त र वामपन्थी शक्तिहरूले माया र संरक्षण गरिरहेका छन्। सत्तासँगको लडाइँमा हाम्रा कमरेड कुमार पौडेल, नीरकुमार राई, महानसहित एक दर्जन कमरेडहरूको सहादत भएको छ भने सचिवालय सदस्य कमरेड सुदर्शन, कमरेड वीरजङ्ग, रणवीर, माइला, प्रज्वलन, हितमान, बन्धुसहित सयौँजना कमरेडहरू जेल–हिरासतमा हुनुहुन्छ। पार्टीका नेता-कार्यकर्ता, जनसेना, जवस, मोर्चाका नेता-कार्यकर्ताहरूले असीमित दुःख-कष्ट भेलिरहनुभएको छ। तर कतै पनि निराशा र अविश्वास छैन। क्रान्ति, मुक्ति, परिवर्तन र वैज्ञानिक समाजवाद–साम्यवादप्रति अगाध विश्वास पुनः जागृत भएको छ। यी सारा सकारात्मक उपलब्धिहरूको पछाडि हाम्रो एकीकृत जनक्रान्तिको कार्यदिशाको हात छ।

सङ्क्षेपमा उल्लेख गर्दा हामी मार्क्सवादी–लेनिनवादी–माओवादीहरू महान् मानवसभ्यता वैज्ञानिक समाजवाद– साम्यवादका लागि लडिरहेका छौँ। नेपालमा हाम्रो लडाइँ एकीकृत जनक्रान्तिमा मुखारित भइरहेको छ। यो हामीले नेपाली विशेषतामा संश्लेषित गरेको क्रान्तिको कार्यदिशा हो। यो कार्यदिशा विकासमा कमरेड माओको उत्प्रेरणा र विचार मुख्य छ। हामीले माओका राजनीतिक, आर्थिक, सांस्कृतिक, दार्शनिक विचारहरूलाई जति स्पष्टसँग बुझ्न सक्छौँ त्यतिकै एकीकृत जनक्रान्तिको महत्वलाई बोध गर्न, दलाल पुँजीवादी सत्तालाई पछार्न र कम्युनिस्टका नाममा पुँजीवादको सेवा गर्ने सामाजिक दलालहरूलाई परास्त गर्न सफल हुनेछौँ। त्यसैले हाम्रा नेता र कार्यकर्ताले माओलाई चौतर्फी पाठोमा अध्ययन गर्न, पकड्न र लागू गर्न जोड दिनुपर्छ। माओले एक सन्दर्भमा पार्टीपङ्क्तिलाई भन्नुभएको छ, 'हामीले मार्क्सवाद–लेनिनवादको विज्ञानमा विश्वास गरुन्जेल, जनसमूहमाथि विश्वास गरुन्जेल र तिनको नेतृत्व गरुन्जेल हामी कुनै पनि विघ्नबाधालाई पन्छाउन र कुनै पनि कठिनाइमाथि विजय प्राप्त गर्न समर्थ हुनेछौँ र हाम्रो शक्ति अजेय हुनेछ।

(माओ भाग ४, वर्तमान परिस्थिति र हाम्रा अभिभाराहरू, २५ डिसेम्बर, १९४७, पेज १८९)

कमरेड माओको स्मरण गरिरहँदा हामीले माओको यही भनाइलाई आत्मसाथ गरौँ र त्यसमा थपौँ- हामीले मार्क्सवाद–लेनिनवाद–माओवाद, विशेषतः माओको सिर्जनात्मक उत्प्रेरणाबाट क्रान्तिकारी शिक्षा लिएर जनताको सेवा र मायामा रहँदासम्म हामीलाई न कसैले हराउन सक्नेछ, न त हाम्रो सफलतालाई नै रोक्न सक्नेछ।

*(दृष्टिकोण निर्माणबाट)*

## भव्य रुपमा मनाइयो ...

कार्यदिशाले बहुमत पायो। कालान्तरमा स्टालिनको समर्थन पनि माओकै पक्षमा आयो। चिनियाँ क्रान्तिलाई रोक्न च्याङकाइसेक र जापानी आक्रमण भयो। अध्यक्ष माओले फराकिलो संयुक्त मोर्चाको नीति अवलम्बन गर्नुभयो। सन् १९४५ मा जापानले आत्मसमर्पण गरेपछि जापानकै भूमिकामा अमेरिकी साम्राज्यवाद पर्दाअगाडि आयो। ती सबैका विरुद्ध लड्दै सन् १९४९ मा चीनमा नयाँ जनवादी क्रान्ति पूरा भयो।

वामपन्थ र दक्षिणपन्थ नेतृत्वको कार्यदिशाका कारण चीनमा ठूलो क्षति र रक्षात्मक अवस्था उत्पन्न भएको थियो। जब माओ त्सेतुङको कार्यदिशा र नेतृत्व स्थापित भयो, त्यसपछि पार्टीले विकास गर्‍यो। क्रान्ति सम्पन्न गर्‍यो विचार। राजनीति सही हुनु र नहुनु क्रान्तिमा निर्णायक हुन्छ। चीनको लामो दुई लाइन सङ्घर्ष र विजय-पराजयको संश्लेषण गर्दै अध्यक्ष माओले 'वैचारिक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्छ' भन्नुभएको थियो जुन चिनियाँ जनताले रगतको मूल्य चुकाएर आविष्कार गरेका थिए। त्यसैगरी जनताको परिवर्तनको चाहना र प्रतिरोधलाई शासक वर्गले अवैधानिक र गैरकानुनी घोषणा गरेका थिए। अध्यक्ष माओ त्सेतुङले प्रतिक्रियावादीहरूको चोटिलो जवाफ दिँदै 'विद्रोह गर्नु अधिकार हो' भन्नुभयो। त्यो भनाइ भयानक तरङ्गमय भयो। तीव्र गतिमा विश्वभर फैलियो। शोषण र लुटका विरुद्ध जनताले विद्रोहको अधिकार प्रयोग गरे। विद्रोहले नैतिक हक स्थापित गर्‍यो। माओले चिनियाँ क्रान्तिका क्रममा राजनीति, अर्थनीति र दर्शन सबै क्षेत्रमा गुणात्मक विकास गर्नुभयो।

सन् १९७६, ९ डिसेम्बरमा माओ त्सेतुङको निधन भयो। चियाङ चिङ नेतृत्वका क्रान्तिकारीहरूले दक्षिणपन्थी मुख्यालयका विरुद्ध मध्यपन्थीसहित सबै गैरसर्वहारा प्रवृत्तिलाई आफ्नो सहयोगी बनाउन सकेनन्। माओ त्सेतुङ जीवितै छँदा माओ त्सेतुङ र चिनियाँ जनताको सहयोग र विश्वास लिन पनि सकेन। न त माओले समयमा नै नेतृत्व हस्तान्तरण गर्ने वातावरण बन्यो। माओ त्सेतुङको निधनलगत्तै तेङसियाओपिङको नेतृत्वमा चियाङ चिङसहितका क्रान्तिकारीहरूलाई बैठकका लागि आमन्त्रण गरेर गिरफ्तार गर्‍यो। जनमुक्ति सेना पुनर्गठन गर्‍यो र सोभियत संशोधनवादसहित बाह्य समर्थनमा प्रतिक्रान्ति गर्‍यो। त्यसपछि 'बिरालो सेतो होस् वा कालो त्यसले मुसा मार्नुपर्छ' भनी तेङसियाओपिङले घोषणा गर्‍यो। आर्थिक विकास गरे हुन्छ अरू केही आवश्यक छैन भन्न थाल्यो। आर्थिक विकासको नाराभित्र पुँजीवाद हुर्कियो। धनी र गरिबको खाडल बढ्दै गयो। आज चिनियाँ पुँजीवाद साम्राज्यवादको नयाँ संस्करणका रूपमा हुर्किरहेको छ। उसले पश्चिमी साम्राज्यवादका विरुद्ध लडिरहेको देखिन्छ। त्यत्ति नै पर्याप्त हुँदैन। त्यत्ति नै समाजवादी धारा हुनुको प्रमाण हुन सक्दैन।

२६ डिसेम्बरको दिन विश्वभरिका कम्युनिस्टहरूले अध्यक्ष माओलाई सम्झिए। नेपालमा कम्युनिस्ट नामधारी पार्टी सरकारमा रहेको छ। तर उसले र उसको पार्टीले माओलाई सम्झन आवश्यक ठानेन। अमेरिकी स्वार्थसँग टक्कर परेकै कारण चीनका वर्तमान राष्ट्रपतिलाई पश्चिमाहरूले माओ त्सेतुङको बाटोमा फर्केको आरोप लगाइरहेको बेला साम्राज्यवादको त्रासले माओको नाम लिन डराइरहेको बुझ्न सकिन्छ। सत्तारूढ पार्टीमा आइरहेको तीव्र वर्गीय पतन त्यसको अर्को कारण हुनसक्छ। २०३५ सालमा माओको विषयलाई 'डुप' गरेर ख्रुस्चोभको गीत गाउन थालेको तत्कालीन 'माले' (हाल नेकपा) दलाल पुँजीवादको कारिन्दा बनिसकेको छ। कम्युनिस्टका नाममा भयानक लुटपाट, दलाली, चाकरी, भ्रष्टाचार गरिरहेको छ। आलोचनाको स्वरलाई दमन गरिरहेको छ। राष्ट्रघातले सीमा नाघिसकेको छ। चुनावद्वारा नै फासिवाद सत्तारूढ भएको छ। फासिवाद सैन्य कू र चुनाव दुवै तरिकाले उदाउने गर्छ। यस्तो बेला अध्यक्ष माओ र उनका सिद्धान्तहरूलाई नेपाली विशेषताअनुरूप लागू गर्नुपर्दछ। यस अर्थमा नेपालमा माओ दिवसको सान्दर्भिकता अझ टड्कारो हुन्छ।

## अखिल (क्रान्तिकारी) कपिलवस्तुको २० औँ जिल्ला सम्मेलन

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी ) कपिलवस्तु जिल्ला २० औँ जिल्ला सम्मेलन सम्पन्न भएको छ। सम्मेलन सङ्गठनका केन्द्रीय महासचिव तथा मध्यपश्चिम कमान्ड इन्चार्ज प्रकाश शाहीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

सम्मेलन उद्घाटन गर्दै नेता शाहीले शैक्षिक विकृति र विसङ्गतिका विरुद्धमा लड्नुको विकल्प नरहेको बताए। उनले राज्यले शिक्षा क्षेत्रको आन्दोलन दबाउनका लागि विभिन्न कदम चालेको भए पनि असफल भएको बताउँदै राज्यको दमनकारी फासिवादी चरित्रका विरुद्ध लड्नुपर्ने धारणा राखे।

सम्मेलनले विज्ञान क्षत्रीको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति चयन गरेको छ। कार्यक्रममा नेकपा कपिलवस्तुका जिल्ला सेक्रेटरी शेरमानको विशिष्ट आतिथ्य, थारू मुक्तिमोर्चाका केन्द्रीय अध्यक्ष सुनील, सङ्गठनका केन्द्रीय सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो संयोजक वीरेन्द्र र निवर्तमान अध्यक्ष रूपा बुढामगरले कार्यक्रम सफलताको शुभकामना मन्तव्य राखेका थिए।

नवनिर्वाचित अध्यक्ष क्षत्रीले शिक्षा क्षेत्रको आन्दोलनलाई नयाँ उचाइमा पुर्‍याउनका लागि कुनै कदम बाँकी नराख्ने बताएका थिए।

## अखिल (क्रान्तिकारी) बाँकेको अध्यक्षमा शाही

**बाँके** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) बाँकेको २५ औँ जिल्ला सम्मेलनबाट अध्यक्षमा डीबी शाही चयन भएका छन्। 'शैक्षिक माफिया, दलाली र लुटतन्त्रका विरुद्ध सशक्त विद्यार्थी आन्दोलन ! सुदृढ सङ्गठन र वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिका लागि २५ औँ जिल्ला सम्मेलन !!' मूल नाराका साथ सम्पन्न सम्मेलनले शाहीको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति चयन गरेको छ।

सरकारले नेकपामाथि प्रतिबन्ध लगाए पनि उसले आफ्ना राजनीतिक गतिविधि तीव्र बनाएको छ। यही क्रममा अखिल (क्रान्तिकारी) बाँकेको २५ औँ जिल्ला सम्पन्न भएको हो।

# नेकपाका कार्यकर्ता रिहा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन कास्की सेक्रेटरी आक्रोश, स्याङ्जा सेक्रेटरी गोकुल, विद्यार्थी सङ्गठनका केन्द्रीय सदस्य मिलन राई, काजी गुरुङलगायत बिहीबार सर्वोच्च अदालतको आदेशमा रिहा भएका छन्।

अखिल (क्रान्तिकारी) कास्की र पृथ्वीनारायण क्याम्पस जिल्ला समितिको संयुक्त बैठक बसिरहेको बेला गत जेठ २५ गते कास्कीको अन्नपूर्ण गाउँपालिकाबाट प्रहरीले १८ जनालाई गिरफ्तार गरेको थियो। त्यसमध्ये आक्रोश, गुरुङ र राईलाई पटकपटक अदालतले रिहा गर्न आदेश दिएपछि प्रहरीले पुनः गिरफ्तार गर्दै आएको थियो।

त्यस्तै तत्कालीन स्याङ्जा सेक्रेटरी पराजुली र ओली भने १० महिनापछि रिहा भएका हुन्। उनीहरूलाई पनि पटकपटक अदालतले रिहा गर्न आदेश दिए पनि प्रहरीले विभिन्न बहानामा गिरफ्तार गर्दै आएको थियो।

निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता दयाराम पोखरेल, कपिलचन्द्र पोखरेल र सन्तोष कोइरालाले बहस गरेका थिए भने सरकारका तर्फबाट उपन्यायाधिवक्ता टेकराज भुसालले बहस गरेका थिए।

## क्रान्तिकारी र देशभक्तहरूमाथि आक्रमण गर्नु निन्दनीय : ढकाल

**काठमाडौँ** : अखिल क्रान्तिकारीका अध्यक्ष चिरञ्जीवी ढकालले विभिन्न जनवर्गीय सङ्गठनहरूको संयुक्त आयोजनामा आइतबार राजधानीमा एमसीसी र भारतीय अतिक्रमणविरुद्धको प्रदर्शनमा भएको प्रहरी हस्तक्षेपप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्। संयुक्त जवसका तर्फबाट सोमबार प्रेस विज्ञप्ति जारी गरी ढकालले नेपाली भूमिमाथि भारतीय साम्राज्यवादको अतिक्रमण र वर्तमान सरकारले गरेको राष्ट्रघाती एमसीसी सम्झौताको विरोधमा काठमाडौँको प्रदर्शनीमार्गमा भएको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेकोमा आफ्नो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको बताएका हुन्।

उक्त घटना अत्यन्तै घृणित, अमानवीय र निन्दनीय भएको भन्दै ढकालले विज्ञप्तिमा भनेका छन्, 'प्रहरीजस्तो जिम्मेवार सुरक्षा निकाय सरकारले गरेको राष्ट्रघाती कर्तुतका विरुद्धको प्रदर्शनमा उत्रेका क्रान्तिकारी, देशभक्तहरूमाथि दलालहरूले आदेश गरे भन्दैमा धरपकड, कुटपिटमा उत्रनु, आदेश सही छ कि गलत छ भनेर सामान्य ढङ्गले पनि विश्लेषण गर्न नसक्नु गम्भीर चिन्ताको विषय भएको छ।'

एमसीसी र भारतीय अतिक्रमणविरुद्ध प्रदर्शनको तयारी गरिरहेको बेला नेकपाका पूर्वकेन्द्रीय सदस्य मकर गुरुङ, मिम ऐडी, मुना राई, कविता कार्की, दलबहादुर रोकाया, उपेन्द्र रसाइली, गगन पुरी, विकास साह, मनोज बुढा, सविन सापकोटा, रामचन्द्र थापामगर, रमेश बस्नेत, अर्जुन लामिछाने, सर्वजित सिंह, माधव घिमिरे, जस सुनार, जितेन्द्र श्रेष्ठ, गगन बीसी, दीपेन्द्रबहादुर लेकाली, दिनेश तामाङ, जगतप्रसाद बुढा, रेशम श्रीस, बालकृष्ण भट्ट, दीपक मानन्धर, टोपबहादुर श्रेष्ठ, भुवनलगायत जनसाधारण समेत गरी दुई दर्जनभन्दा बढीलाई प्रहरीले गिरफ्तार गरेको थियो।

## नेकपा महासचिव ...

जनाइएको छ। उक्त कार्यक्रममा जनमुक्ति सेनाको एक टुकडीले माओ त्सेतुङप्रति सलामी अर्पण गरेको थियो।

कार्यक्रमका सहभागीले गीत, गजल र कविता वाचन गरेका थिए। पार्टीको पूर्वनिर्णय र निर्देशनअनुसार नेकपाले देशभर १२७ औँ माओ दिवस मनाएको छ।

## अर्को महाकाली ...

कदमका विरुद्ध त्यसभित्र रहेका देशभक्त शक्तिहरूले कडा सङ्घर्ष गरिरहेका छन्। त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ।

एमसीसीका विरुद्ध नेकपाले देशव्यापी जनपरिचालनका साथै सङ्घर्षको घोषणा गरेको छ। उसले पुस १४ गते एमसीसीका विरुद्ध जनमत तयार गर्नका लागि देशव्यापी रूपमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिसकेको छ। पुस १६ गते विरोधसभा र पुस २० गते काठमाडौँस्थित अमेरिकी दूतावासमा ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको छ। ज्ञापनपत्रमार्फत अमेरिकी सरकारलाई नेपालको असंलग्न परराष्ट्र नीति रहेका कारण आफ्नो सैन्य मोर्चामा नतान्न सचेत गराइनेछ। अन्यथा नेपाली जनमत सरकार र अमेरिकाको विपक्षमा उभिनेछ। शासकको राष्ट्रघाती कदमको जवाफदेही जनता हुँदैनन्।

नेपाली जनताको क्रान्तिकारी र स्वतन्त्र चिन्तनलाई मोटो रकमको लोभमा पारेर, केही भ्रष्ट र दलाल नेताहरूलाई खरिद गरेर निस्तेज पार्न सम्भव हुँदैन। प्रम निवासको जग्गा हडप्ने, नेपाल ट्रस्टको जग्गा दलाललाई बुझाएर कमिसन खाने, सुन तस्करीमा लगानी गर्ने भ्रष्ट मन्त्रीहरूले विदेशी शक्तिकेन्द्रहरूका विरुद्ध लड्नसक्ने हैसियत र नैतिक बल हुनै सक्दैन। त्यसकारण यतिबेला वली-देउवा गठबन्धन डरलाग्दो राष्ट्रघाती गठजोडका रूपमा देखिन्छ। आफूहरूको निजी सुविधा बढाउन र राष्ट्रघाती काममा वली-देउवाको गठबन्धन हुँदै आएको देखिन्छ। यसपटक एमसीसीका विषयमा पनि राष्ट्रघाती गठबन्धन देखिन्छ। सामान्य विरोधले त्यसप्रकारको गठबन्धनबाट देशले मुक्ति पाउने सम्भावना कठिन छ।

## रातोखबरका प्रबन्ध ...

सञ्चार अभिव्यक्तिमाथि अङ्कुश लगाउने सूचना प्रविधि विधेयक पारित गरिएको भोलिपल्टै अपहरण शैलीमा पत्रकार चापागाईंलाई गिरफ्तार गर्नु संयोग मात्र नभएको प्रकाशन गृहले जनाएको छ।

यसैगरी रातो खबर साप्ताहिकका सम्पादक अशोकप्रसाद सुवेदीले पत्रकार चापागाईंलाई गिरफ्तार गर्नु निन्दनीय भएको र उक्त गिरफ्तारी सञ्चार क्षेत्रमाथि गरिएको नियोजित आक्रमण भएको बताएका छन्।

यस्तै रातो खबरसँग कुरा गर्दै नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले कुनै पनि सञ्चारमाध्यममाथिको आक्रमण सैह्य नहुने बताएका छन्।

पत्रकार चापागाईंलाई हाल काठमाडौँ सोह्रखुट्टेस्थित प्रहरी चौकीमा राखिएको र अभद्र व्यवहारको मुद्दा लगाइएको उनको पारिवारिक स्रोतले जनाएको छ।

नियमित

# जेलका दुई नेता निराश महरा, उत्साहित सुदर्शन



अशोक सुवेदी

सरकारी नेकपाका नेता तथा निवर्तमान सभामुख कृष्णबहादुर महरा आफ्नै कार्यालयमा कार्यरत एक महिलामाथि जबरजस्ती करणी (बलात्कार) प्रयास गरेको आरोपमा यतिबेला काठमाडौंस्थित डिल्लीबजार कारागारमा बन्दी जीवन बिताइरहेका छन्।

कमरेड विप्लव नेतृत्वको विद्रोही नेकपाका तत्कालीन स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' राजद्रोहको अभियोगमा ललितपुरस्थित नख्खु कारागारमा बन्दी छन्।

सत्ताधारी पार्टी र विद्रोही पार्टीका यी दुई नेताहरूमध्ये एकजना जबर्जस्ती करणी र अर्का राजद्रोहको मुद्दामा पुर्पक्षका लागि कारागार चलान गरिएका हुन्। झन्डै ११ वर्षसम्म सञ्चालित जनयुद्धका दुई सारथी महरा र ओली कुनै बेलाका आत्मीय मित्र पनि हुन्। यी दुई नेता हाल आपसमा फरकफरक वैचारिक बाटो छन्। बन्दी हुने अभियोग पनि फरकफरक हुन्। तर पुरानो सम्बन्धका कारण अहिले पनि भेटघाटमा जानेहरूसँग यी नेताले विगतको कमरेड्ली सम्बन्धका बारेमा कुराकानी गर्ने गरेको र विगत सम्झने गरेको बताइन्छ।

२०५२ साल फागुन १ गते जनयुद्ध सुरु भएको केही वर्षपछि रोल्पा पाछाबाङमा पार्टीको आन्तरिक प्रशिक्षण चलिरहेको बेलादेखि नै प्रचण्डका बलिया वैचारिक सारथी सुदर्शनको प्रस्ताव र अर्का विश्वासपात्र महराको अनुमोदनमा प्रचण्डका कोटेसनहरू राख्ने चलन बसाइएको थियो। पछि ०६२-०६३ को जनआन्दोलन र सरकार-माओवादी १२ बुँदे बृहत् शान्तिसम्झौतासँगै जनयुद्धमा पूर्णविराम लागेपछि महरा सत्ताको रसास्वादन गर्न पुगे र निरन्तर सत्तामा पुगे भने सुदर्शन कहिल्यै पनि लाभको पदमा पुगेनन्।





यसै सिलसिलामा लामो समय प्रचण्डकै पार्टीमा रहेका सुदर्शन विवादित दोस्रो संविधानसभाको चुनावमा दाङ क्षेत्र नम्बर ३, झापा क्षेत्र नम्बर २ र रुकुम क्षेत्र नम्बर २ बाट संविधानसभाको चुनाव लड्न चाहे पनि भूतपूर्व सहयात्री तिनै महराले साथ नदिएपछि सुदर्शनले चुनाव लड्ने अवसर पाएनन्। प्रचण्डले सुदर्शनलाई लाजिम्पाटमा बोलाएर समानुपातिकमा सभासद् बनाउने भन्दै प्रत्यक्ष चुनाव नलड्न आग्रह गरेको जानकारहरूको भनाइ छ। समानुपातिकको सूचीमा सुदर्शनको नाम लीलामणि पोखरेलपछि दुई नम्बरमा रहेको पनि निकटस्थहरु बताउँछन्। तर सुदर्शनको ठाउँमा अवकाश प्राप्त प्रहरी अधिकारी रवीन्द्रप्रताप शाहलाई सभासद् बनाइएको थियो। राती समानुपातिक सभासद्को नाम निर्वाचन आयोगमा पठाउने अन्तिम समयमा रवीन्द्र शाहसँग ६ करोडको मोलमोलाइ मिलेपछि सुदर्शनको नाम समानुपातिक सभासद्बाट पनि हटाइएको हाल एमालेमा विलय भएको तत्कालीन माओवादी केन्द्रकै नेताहरू बताउँछन्। त्यतिबेला सत्ता र सम्पत्तिको मातले सुदर्शनका कुरा नसुनेका महराले यति बेला भने विप्लव र सुदर्शनको सम्झना गर्ने गर्नेको निकटस्थहरू बताउँछन्। एउटा कार्यक्रममा सुदर्शनले भनेका थिए- म वा अरू कोही भन्ने व्यक्तिको कुरा गौण हो तर समग्र प्रक्रिया कतातिर गयो भन्ने कुरा चिन्ताको विषय हो। आखिर प्रचण्ड समूहका यस्तै गतिविधिका कारण सुदर्शन उक्त समूह परित्याग गरी विप्लव नेतृत्वको नेकपामा सामेल भए।

यी त भए विगतका कुरा। भेटघाटमा जाने आफन्तहरूका अनुसार डिल्लीबजार कारागारमा रहेका महरा यतिबेला पूरै निराश मुद्रामा देखिन्छन्। उनी पहिलेपहिले कारागार परिसरमा क्यारेमबोर्ड, लुँडोलगायत खेल खेल्ने र कुराकानी गर्ने गर्थे तर अहिले आफू बसेको कोठाबाटै बाहिर निस्किँदैनन्। उनले कसैसँग पनि कुरा गर्न नरुचाउने गरेको र झन्झन् निराश बन्दै ग एको अन्य कैदी बन्दीहरू बताउँछन्। राजनीति र इतिहासका पुस्तक पढ्ने गरेका महरा आफन्त र केही नजिककाहरूसँग मात्र कुराकानी गर्ने गर्छन्।

उता नख्खु कारागारमा रहेका विद्रोही नेकपाका नेता सुदर्शन भने कहिल्यै निराश देखिँदैनन्, बरु उनी निरन्तर दर्शन, राजनीतिक अर्थशास्त्र र विज्ञान प्रविधिका बारेमा अध्ययन गरिरहेका देखिन्छन्। दर्शनशास्त्रमा गहिरो दखल राख्ने सुदर्शन अहिले राजनीतिक अर्थशास्त्र र विज्ञान प्रविधि सम्बन्धमा अध्ययन गरिरहेका छन्। उनले कारागारमै रहँदा रातो खबर प्रकाशनगृह प्रकाशक रहेको र अशोक सुवेदीको सम्पादनको 'विश्वदृष्टिकोणमा रूपान्तरण' नामको दार्शनिक कृति बजारमा ल्याएका छन्। सुदर्शनकी पत्नी अम्बिका चन्दका अनुसार सुदर्शनले कारागार परिसरमा अहिलेसम्म ७० हजार मूल्यबराबरका पुस्तक किनिसकेका छन्। उनले भनिन्, 'बागबजारका विभिन्न पुस्तक पसलबाट र अन्य ठाउँहरूबाट खोजेर किताबहरू व्यवस्थापन गरिदिएका छौं। कसैले मिठो खाने र राम्रो लगाउने कुराभन्दा नयाँ किताब लगिदिएपछि खुसी हुने उहाँको बानी छ। घरमा बस्दा पनि उहाँ कुनै नयाँ पुस्तक पाएमा रातभर पढ्नुहुन्थ्यो। दिउँसो फुर्सद नहुने हुँदा उहाँ रातभर पढ्नुहुन्थ्यो। त्यही भएर नै उहाँको आँखाको नजिक हेर्ने दृष्टि निकै कमजोर बनेको छ र डाक्टरहरूले लामो समय नपढ्न सुझाएका छन्।'

कारागारमा बढी समय अध्ययनमै बिताउने सुदर्शन बाँकी समय क्यारेमबोर्ड खेलेर र आफन्तहरूसँग कुराकानी गरेर समय बिताउँछन्। सुदर्शनको योजना, कारागारको आन्तरिक प्रशासन र व्यवस्थापनको पहलमा आइतबार 'नख्खु प्रगतिशील पुस्तकालय' स्थापना गरिएको छ। पुस्तकालय उद्घाटन कार्यक्रममा सुदर्शनले ज्ञानबिनाको व्यवहार अन्धो र व्यवहारबिनाको सिद्धान्त लँगडो हुने बताए। 'अध्ययनले ज्ञानको सीमा फराकिलो बनाउँछ। ज्ञान भएन भने मानिसमा निराशा आउँछ। यसले चार पर्खालभित्र सीमित बनाउँछ', सुदर्शनले भने। उनले अध्ययन गर्न र ज्ञानको सीमा बढाउन सबैका लागि आवश्यक रहेको पनि बताए। उनले अपराधी करार गरेर जेल हालिएका रत्नाकर डाँकु 'वाल्मीकि रामायण' का रचनाकार वाल्मीकि बनेजस्तै बन्द पर्खालभित्रका मानिसहरूले ज्ञानको सीमा बढाउन सकेमा भविष्यमा नयाँ मान्छे भएर उदाउने सम्भावना रहेको बताए। जेलमा पुस्तकालय स्थापना हुनु र जेलपरिसरमा रहेका कैदीबन्दीहरूले पढाइप्रति रुचि देखाउँदा आफू खुसी भएको उनले बताए। पुस्तकालय उद्घाटन कार्यक्रमको अध्यक्षता गरेका नेकपा नेता सुदर्शनले पढाइमा ध्यान केन्द्रित गराउँदा सकारात्मक चिन्तनको विकास हुने र नयाँ मान्छेका रूपमा आफूलाई विकास गर्ने अवसर प्राप्त हुने हुँदा कतिपय कारणले फसेका वा फसाइएका कैदीबन्दीहरूलाई अध्ययन गरेर ज्ञानको सीमा विस्तार गर्न आग्रह गरे।

कारागार व्यवस्था विभागका प्रमुख जेलर सुरेन्द्र पौडेलले सबैले ज्ञानको सीमा विस्तार गर्न आवश्यक भएको बताए। उनले ज्ञानले समृद्ध पारेमा समाजमा अपराध कम हुने धारणा पनि राखे। उनले कारागार परिसरमा स्थापना भएको पुस्तकालयमा आफ्ना तर्फबाट सम्भव हुने योगदान गर्न तयार रहेको पनि बताए। पुस्तकालय उद्घाटन कार्यक्रमको उद्घोषण आन्तरिक प्रशासनका नाइके श्रीचन राय यादवले गरेका थिए। उक्त कार्यक्रममा कारागारका प्रहरी प्रमुख सरोज कार्कीलगायतका प्रहरी अधिकृतहरूको उपस्थित रहेको थियो।

# अपराधीहरूलाई पत्ता लगाएर कारबाही गर्छौं : नेकपा

**काठमाडौं** : नेकपा दार्चुलाले विज्ञप्ति जारी गर्दै जिल्लाको शैल्यशिखर नगरपालिका वडा नं. ९ बस्कोटमा सत्तारूढ पार्टीका केही व्यक्तिले नेपाल कम्युनिस्ट पार्टीलाई जोडेर गाउँमा जनताको घर र खरका कुन्युहरूमा आगो लगाएको जनाएको छ। पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी दार्चुलाले अहिलेसम्म कसैलाई पनि कारबाही नगरेको र त्यस्ता आपराधिक कामकारबाही गर्ने पार्टीको कुनै पनि नीति नभएकाले जनताका बीचमा भ्रम छेर हाम्रो पार्टीलाई बदनाम गराउन केही व्यक्ति सक्रिय भएको सूचना हामीसँग आएको छ। साथै नेकपालाई बदनाम गर्ने उद्देश्यका साथ परिचालित भाडाका टट्टुहरूलाई अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं।'

विज्ञप्तिको आरम्भमै भनिएको छ, 'हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीले दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद स्थापनाका लागि निर्मम सङ्घर्ष गर्दै आएको छ। देशमा विद्यमान तमाम समस्याको समाधान अहिलेको दलाल संसदीय व्यवस्थाले गर्न नसक्ने भएकाले हामी निरन्तर एकीकृत क्रान्तिको माध्यमबाटै वैज्ञानिक समाजवाद स्थापना गर्ने अठोटका साथ अघि बढिरहेका छौं। एकीकृत जनक्रान्तिको नयाँ कार्यादिशाबाट त्रसित प्रचण्ड-वलीमण्डलीले हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाइसकेको छ। दलाल संसदीय व्यवस्थाका मतियारहरूले अहिले पनि हाम्रो पार्टीमाथि दमन गर्नका लागि विभिन्न किसिमका षड्यन्त्र र छलछाम गर्दै आएका छन्।'

# अखिल (क्रान्तिकारी) रूपन्देहीको सम्मेलन सम्पन्न

**रुपन्देही** : 'वैदेशिक हस्तक्षेप, सामाजिक फासिवाद र शैक्षिक माफियाकरणका विरुद्ध हाम्रो आन्दोलन, वैज्ञानिक समाजवादी शिक्षा र सुदृढ सङ्गठनका लागि २३ औं जिल्ला सम्मेलन' नारासहित १२७ औं माओ दिवसका अवसरमा अखिल (क्रान्तिकारी) रूपन्देहीले आफ्नो जिल्ला सम्मेलन सम्पन्न गरेको छ। सम्मेलनमा प्रमुख अतिथि अखिल (क्रान्तिकारी) का केन्द्रीय महासचिव प्रकाश शाहीले नेपालमा माओको आवश्यकता खड्केको भन्दै त्यसको पूर्णता अबको एकीकृत जनक्रान्तिले गर्ने र त्यो नेतृत्वले नेपालको मुक्ति दिने बताए। शिक्षा क्षेत्रमा देखिएको विकृति विसङ्गति, राजनीतीकरण, व्यापारीकरणको अन्त्य गर्दै नयाँ जनवादी शिक्षा स्थापना गर्नु अबको लक्ष्य रहेको उनले बताए। उनले देशलाई बेच्ने, भ्रष्टाचार गर्ने, ठगी गर्नेहरूलाई प्रतिबन्ध लगाउनुपर्ने भन्दै पार्टीमाथि लागेको प्रतिबन्धको प्रतिरोध गर्न युवा र विद्यार्थीहरू सङ्गठित हुनुपर्ने बताए। उनले अब विद्यार्थीहरूले अमेरिका, अस्ट्रेलिया र जापानका सपनाहरू नभएर यही देशलाई बदल्ने सपनाहरू देख्ने र यहीँ भविष्य खोज्नुपर्ने बताए। उनले भने, 'यो व्यवस्थाले विद्यार्थीको भविष्य विदेशमा राम्रो देखाउँछ। उज्यालो भविष्यका लागि हामीलाई वैज्ञानिक समाजवाद चाहिन्छ। त्यही व्यवस्था ल्याउन हामी क्रान्तिको बाटोमा छौं।'

सम्मेलनमा नेकपाका जिल्ला इन्चार्ज सङ्ग्राम पुनले विद्यार्थीहरूले अबको क्रान्तिलाई महत्वपूर्ण योगदान गर्नुपर्ने भन्दै आफूहरू वैकल्पिक सत्ताको अभ्यासमा लागेको बताए। उनले प्रदेशको सट्टामा स्वायत्त राज्य, सेना र प्रहरीको सट्टामा जनमुक्ति सेना, सरकारको सट्टामा जनपरिषद्लाई सक्रिय बनाइएको प्रस्ट पारे।

सम्मेलनमा नेपाल कम्युनिस्ट पार्टी रूपन्देहीका सेक्रेटरीले अमरले माओले चीनको गरिब परिवारमा जन्मेर पनि विश्वलाई एउटा दर्शन र सारा गरिबहरूको उन्मुक्तिका लागि लडेको स्मरण गर्दै विद्यार्थीले अहिलेदेखि नै देशको भविष्य कस्तो बनाउने भन्ने योजना बनाउनुपर्ने बताए।

कार्यक्रममा अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय अध्यक्ष घनश्याम पाठकले धेरै समयदेखिका आन्दोलनले राजनीतिक परिवर्तन गरे पनि राज्यसत्ता परिवर्तन हुन नसकेको बताए। कार्यक्रममा थारू मुक्ति मोर्चाका नवीन थारु, सङ्गठनका केन्द्रीय सदस्य वीरेन्द्र विकलगायतले बोलेका थिए।

सम्मेलनले गोपाल रोक्काको अध्यक्षतामा २१ सदस्यीय नयाँ जिल्ला समिति चयन गरेको छ। यसअघि उपाध्यक्ष रहेका रोका इन्जिनियरिङका विद्यार्थी हुन्। सम्मेलनमा जिल्लाभरका एक सय प्रतिनिधि र पर्यवेक्षकको उपस्थिति थियो। जिल्लाका तत्कालीन अध्यक्ष रमेश गैरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपाका जिल्लास्तरीय नेताहरूको पनि उपस्थिति थियो।

यस्तै क्रान्तिकारीको नवलपरासी जिल्लाको १७ औं सम्मेलन बर्दघाटमा सम्पन्न भएको छ। बुधबार सम्पन्न सम्मेलनका प्रमुख अतिथि सङ्गठनका केन्द्रीय महासचिव तथा मध्यपश्चिम कमान्ड इन्चार्ज प्रकाश शाही र विशिष्ट अतिथि नेकपा कपिलवस्तुका इन्चार्ज शरद ओलीले विद्यार्थीका समस्यालाई एकीकृत जनक्रान्तिमा जोड्नुपर्ने धारणा राख्दै शैक्षिक दलालहरूलाई कारबाहीको दायरामा ल्याइने बताएका थिए। सम्मेलनले रूपा बुढामगरको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति चयन गरेको समाचारमा जनाइएको छ।

कार्यक्रममा नेकपा नवलपुरका जिल्ला सेक्रेटरी शीतल, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य तथा लुम्बिनी ब्युरो संयोजक वीरेन्द्र, युवा सङ्गठनका संयोजक किशोरीलगायतले शुभकामना मन्तव्य राखेका थिए।

# सरकारले युद्धमा धकेल्न खोजेको दलित मुक्ति मोर्चाको निष्कर्ष

**काठमाडौं** : दलित मुक्ति मोर्चा नेपाल केन्द्रीय समितिले सरकारले आफ्नो मोर्चाका नेता-कार्यकर्ता र नेकपाका नेता-कार्यकर्तालाई हत्या, गिरफ्तार र झुट्टा मुद्दा लगाएर देशलाई युद्धमा धकेल्न खोजेको निष्कर्ष निकालेको छ। मोर्चाका अध्यक्ष डम्बरबहादुर विश्वकर्मले विज्ञप्ति जारी गर्दै मोर्चाका नेता-कार्यकर्तालाई बिनासर्त तत्काल रिहा नगरिए प्रतिरोध गरिने चेतावनी पनि दिएका छन्।

विश्वकर्माको विज्ञप्तिमा गिरफ्तारीको जानकारी दिँदै भनिएको छ, 'हाम्रो गौरवशाली सङ्गठन दलित मुक्ति मोर्चा नेपालका केन्द्रीय सचिवालय सदस्य तथा सगरमाथा क्षेत्रीय संयोजक त्रिलोचन विश्वकर्मालगायत युवा सङ्गठनका नेताहरूलाई यही पुस ६ गते काठमाडौंबाट सङ्गठनको कामको सिलसिलामा यो सामाजिक फासिवादी केपी-पीके सरकारले गिरफ्तार गरेको छ। यसैगरी पुस ७ गते मोर्चाका केन्द्रीय सदस्य एवम् सेती-महाकाली क्षेत्रीय संयोजक टेकबहादुर विकलाई कैलाली जिल्ला घोडाघोडी नगरपालिका ८ बाट गिरफ्तार गरेको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'केपी-बादल प्रशासनले हाम्रो पार्टी र जवस मोर्चाका नेता-कार्यकर्तालाई गिरफ्तार गर्ने, हत्या गर्ने, गोली हान्नुका साथै राजनीतिक आस्थाकै आधारमा मुद्दा लगाएर जेल चलान गर्नुले यो सरकार देशमा वास्तविक शान्ति, समृद्धि र विकासका पक्षमा नरहेर जबर्जस्त युद्धमा धकेली जनतामाथि थप शोषण गर्नु, दमन थोपर्नुका साथै देशमा विदेशी शक्तिको चलखेललाई प्रोत्साहन दिन लागेको स्पष्टै छ। केपी सरकारको यस्तो रवैयाको हाम्रो सङ्गठन घोर निन्दा एवम् भर्त्सना गर्दछ र उहाँहरूलाई तत्काल ससम्मान रिहा गर्न जोडदार माग गर्दछ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'दलाली, भ्रष्टाचार, महँगी एवम् बालुवाटार, यती समूह जग्गाकाण्डजस्ता काण्डैकाण्डबाट बदनाम केपी सरकार नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्धले राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपले नाङ्गिएर चौतर्फी घेराबन्दीमा परेको छ। सम्पूर्ण देशभक्त, सच्चा लोकतन्त्रवादी र जनपक्षीय शक्तिहरूलाई वली सरकारको यस्तो देश र जनताविरोधी रवैयाका विरुद्ध एकजुट भई प्रतिरोधमा उत्रिन हामी हार्दिक आह्वान गर्दछौं। यो सरकारले हाम्रा मोर्चाका नेता त्रिलोचन विश्वकर्मा, टेकबहादुर विकलगायत गिरफ्तार गरिएका सम्पूर्ण नेता तथा कार्यकर्ताहरूलाई बिनासर्त ससम्मान रिहा नगरे यसबाट उत्पन्न हुने परिणामको जिम्मेवार स्वयम् यो सरकार हुनुपर्नेछ।'


## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो। उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड, केन्द्रीय कार्यालय, बबरमहल फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : अनिल शर्मा, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, कार्यकारी सम्पादक : प्रकाश दुङ्गे, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं